# दोस्रो पञ्चवर्षीय योजना

(आर्थिक वर्ष २०८१/८२–२०८५/८६)



# चित्रात्मक प्रस्तुती

## (इन्फोग्राफिक्स)


गण्डकी प्रदेश सरकार

**गण्डकी प्रदेश नीति तथा योजना आयोग**

पोखरा, नेपाल

# दोस्रो पञ्चवर्षीय योजना

(आर्थिक वर्ष २०८१/८२–२०८५/८६)

# चित्रात्मक जानकारी पुस्तिका

## (इन्फोग्राफिक्स)

गण्डकी प्रदेश सरकार

**गण्डकी प्रदेश नीति तथा योजना आयोग**

पोखरा, नेपाल

**प्रकाशकः**
गण्डकी प्रदेश सरकार
गण्डकी प्रदेश नीति तथा योजना आयोग
पोखरा, नेपाल
फोनः ०६१- ४५११८८
इमेलः info@ppc.gandaki.gov.np,
वेबसाइटः ppc.gandaki.gov.np

**© प्रतिलिपि अधिकारः**
गण्डकी प्रदेश नीति तथा योजना आयोग
पोखरा, नेपाल

मुद्रण प्रति : ५००

# गण्डकी प्रदेश नीति तथा योजना आयोग



**माननीय सुरेन्द्रराज पाण्डे**
मुख्यमन्त्री एवम् अध्यक्ष



**डा. कृष्णचन्द्र देवकोटा**
उपाध्यक्ष



**श्री शोभाकान्त पौडेल**
प्रमुख सचिव एवम् पदेन सदस्य



**डा. योगेन्द्रराज रिजाल**
सदस्य



**श्री दुर्गा लामिछाने**
सदस्य



**श्री राजेन्द्रदेव पाण्डे**
प्रदेश सचिव एवम् पदेन सदस्य
आर्थिक मामिला मन्त्रालय



**टंकप्रसाद पाण्डेय**
सदस्य सचिव
गण्डकी प्रदेश नीति तथा योजना आयोग

# भूमिका

गण्डकी प्रदेश सरकारले संविधानले प्रत्याभूत गरेको अधिकार तथा जिम्मेवारी, विकासको प्रवृत्ति तथा विद्यमान अवस्था, प्रदेशको सम्भावना तथा सामर्थ्य र प्रदेशवासीको आकांक्षाबाट निर्देशित रही प्रदेशको समग्र विकासको मार्गचित्रका रूपमा दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६) तर्जुमा गरेको छ । प्रदेश सरकारले योजना तर्जुमा प्रक्रियामा नेपालको दीर्घकालीन सोच २१००, दिगो विकास लक्ष्य लगायत नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा गरेको प्रतिबद्धता, सोहौं योजना र गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको मध्यावधि समीक्षालाई आत्मसात् गरेको छ । प्रदेश विकास परिषद्बाट प्राप्त मार्गदर्शन तथा सरोकारवालासँग छलफल र अन्तरक्रियाबाट प्राप्त राय सुझावको आधारमा दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६) तर्जुमा गरिएको छ । योजनालाई सरल, स्पष्ट र बोधगम्य रूपमा प्रस्तुत गरी सरोकारवाला तथा आमनागरिकलाई सूचना तथा जानकारी प्रवाह गर्नु आवश्यक भएकाले संक्षिप्त विवरण सहित दोस्रो योजनाको चित्रात्मक जानकारी पुस्तिका (इन्फोग्राफिक्स) प्रकाशन गरिएको छ।

नेपालको दीर्घकालीन सोच २१००, प्रथम पञ्चवर्षीय योजनाको समीक्षाबाट प्राप्त पृष्ठपोषण, गण्डकी प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र: २०७९-२०८७, प्रदेशवासीको आकाङ्क्षा र प्रदेश विकासको सम्भावनालाई मध्यनजर गरी "आत्मनिर्भर र समुन्नत प्रदेश: सुखी प्रदेशवासी" लाई दोस्रो पञ्चवर्षीय योजनाको सोचका रूपमा प्रस्तुत गरिएको छ । प्रस्तुत सोच अनुरूप बदलिँदो अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा प्रदेशको परिदृष्य, विकासको नवीनतम सोच तथा प्रवृत्ति र प्रदेशको सामर्थ्य तथा आवश्यकतालाई वस्तुपरक रूपमा विश्लेषण गरी प्रदेश विकासको मार्गचित्रलाई कार्यान्वयन गर्न रूपान्तरणका प्रमुख क्षेत्रहरू पहिचान गरिएको छ ।

योजना कार्यान्वयनमा संलग्न पक्ष तथा नागरिकलाई दोस्रो पञ्चवर्षीय योजनाका विषयवस्तुमा जानकारी सम्प्रेषण गर्न र योजनाले लिएको गन्तव्य दर्शाउन यस चित्रात्मक जानकारी पुस्तिका महत्त्वपूर्ण हुने आशा गरिएको छ । यस पुस्तिका मार्फत योजनाका विषयवस्तु बुझाउन सजिलो हुनुका साथै सरोकारवाला एवम् कार्यान्वयनमा संलग्न निकायलाई थप जिम्मेवार तथा उत्तरदायी बनाउन समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ । पुस्तिका तयार गर्ने क्रममा संलग्न आयोगका पदाधिकारी, आयोगका सम्पूर्ण कर्मचारी तथा सहयोग गर्ने सम्पुर्ण महानुभावलाई आयोग धन्यवाद व्यक्त गर्दछ । यस पुस्तिकाले दोस्रो पञ्चवर्षीय योजनाले लिएका सोच, लक्ष्य र गन्तव्य हासिल गर्न सहयोग पुग्नुका साथै योजनाको प्रचार-प्रसारमा महत्त्वपूर्ण योगदान पुने अपेक्षा छ ।

२०८२, जेठ

गण्डकी प्रदेश नीति तथा योजना आयोग

# विषय सूची


| | |
|---|---|
| परिच्छेद १: परिचय | १ |
| परिच्छेद २ : सुदृढ प्रादेशिक अर्थतन्त्रको निर्माण | २१ |
| परिच्छेद ३ : प्रभावकारी आर्थिक नीति तथा स्रोत व्यवस्थापन | ३१ |
| परिच्छेद ४ : व्यावसायिक कृषि तथा आत्मनिर्भरता | ४५ |
| परिच्छेद ५ : दिगो वन व्यवस्थापन, जैविक विविधता तथा जलाधार संरक्षण | ६५ |
| परिच्छेद ६ : बजारमुखी उत्पादन एवम् दिगो पर्यटन | ८१ |
| परिच्छेद ७ : सर्वसुलभ स्वास्थ्य तथा जनसाङ्ख्यिक लाभ | ९७ |
| परिच्छेद ८ : शिक्षित, सुसंस्कृत तथा सिपयुक्त मानव पुँजी निर्माण | ११३ |
| परिच्छेद ९ : दिगो तथा उत्थानशील पूर्वाधार | १३३ |
| परिच्छेद १० : स्वच्छ ऊर्जा, जलस्रोत तथा खानेपानी | १५५ |
| परिच्छेद ११ : मर्यादित श्रम, उत्पादनशील रोजगारी तथा सामाजिक संरक्षण | १७१ |
| परिच्छेद १२: सशक्त महिला, समावेशीकरण तथा समानता | १८३ |
| परिच्छेद १३: सन्तुलित वातावरण र जलवायु तथा विपद् उत्थानशीलता | १९५ |
| परिच्छेद १४ : सुदृढ शासन, सेवाप्रवाह र तहगत सम्बन्ध | २११ |
| परिच्छेद १५ : सुसूचित नीति, योजना तथा विकास व्यवस्थापन | २२७ |



# परिचय

# पृष्ठभूमि

१

नेपालमा वि.सं. २०१३ सालबाट आवधिक योजनाको तर्जुमासँगै सुरुभएको योजनाबद्ध विकासको अभ्यास हालसम्म १५ वटा आवधिक योजना राष्ट्रियस्तरमा कार्यान्वयन भइ सोह्रौं योजना कार्यान्वयनका चरणमा रहेको छ ।

२

नेपालको संविधानले मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिमार्फत दिगो शान्ति, सामाजिक न्याय, सुशासन तथा समृद्धितर्फ राज्यलाई मार्गनिर्देशित गरेको छ ।

३

नेपालले "समद्ध नेपाल सुखी नेपाली"को राष्ट्रिय सोचका साथ वि.सं. २०८३ सम्ममा विकासशील देशको स्तरमा पुग्ने र वि.सं. २०८७ सम्मको लागि दिगो विकासका लक्ष्य निर्धारण गरेको छ ।

४

आवधिक योजनाले सामाजिक न्याय, समानता र आर्थिक समृद्धिको आधार तयार गरी हरित, उत्थानशील तथा समावेशी विकासलाई सुनिश्चित गर्न आवश्यक देखिन्छ।

५

दोस्रो पञ्चवर्षीय योजना, राष्ट्रिय योजना र नेपाल सरकारले गरेका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धतासँग तालमेल कायम गर्दै हरित, समावेशी तथा दिगो आर्थिक विकासमा केन्द्रित रहेको छ।

# राष्ट्रिय र प्रादेशिक परिदृश्य

**राष्ट्रिय परिदृश्यः**
सङ्घीय संरचनाअनुरूप तीन वटै तहमा दोस्रो अवधिका लागि जननिर्वाचित सरकार गठन भई नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र सोको जवाफदेहिता वहन गर्न प्रयासरत छन् । वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले आयात व्यवस्थापन भईरहेको वर्तमान अवस्थामा दिगो आर्थिक विकासको लक्ष्य हासिल गर्नु प्रमुख चुनौतीको रूपमा देखिएको छ ।

**प्रादेशिक परिदृश्यः** गण्डकी प्रदेशमा भौगोलिक तथा सांस्कृतिक विविधता र प्राकृतिक स्रोत तथा सौन्दर्यताको उत्कृष्ट संयोजन रहेको छ । प्रदेश सरकारले उपलब्ध आर्थिक सम्भावना र अवसरलाई विकास र समुन्नतिसँग जोड्ने पहलस्वरूप आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि योजनाबद्ध रूपमा कार्यारम्भ गरेको छ ।

# प्रथम पञ्चवर्षीय योजनाको समीक्षा

**आर्थिक वृद्धिदर**: योजनाले १०.२ प्रतिशत आर्थिक वृद्धिदरको लक्ष्य राखेकोमा ४.२३ %को वृद्धिदर मात्र हासिल भएको छ ।

**कृषि उत्पादन**: प्रति व्यक्ति खाद्यान्न उत्पादन ४०० के.जी. पुऱ्याउने लक्ष्य रहेकोमा योजना अवधिको अन्त्यसम्ममा प्रति व्यक्ति खाद्यान्न उत्पादन ३८१ के.जी. पुगेको छ ।




**शिक्षा तथा मानव संसाधन**: गण्डकी प्रदेशको १५ देखि ६० वर्ष उमेर समूहको औसत साक्षरता दर ९९.५ % पुऱ्याउने लक्ष्य रहेको मा ९६.५७ % पुगेको छ ।

**स्वास्थ्य तथा पोषण**: पाँच वर्ष मुनिको बाल मृत्युदर प्रति हजार जीवित जन्ममा २२ जनामा झार्ने लक्ष्य रहेकोमा मध्यावधि समीक्षा अवधिमा २३ जना पुगेको छ ।

**सूचना तथा सञ्चार**: इन्टरनेटमा पहुँच प्राप्त जनसङ्ख्या योजनाले ५५.४% बाट ८०% पुऱ्याउने लक्ष्य लिएकोमा ७७.८% पुगेको छ ।


**विद्युत, स्वच्छ ऊर्जा तथा पूर्वाधार**: योजनाले विद्युत्मा पहुँच प्राप्त जनसङ्ख्या ९०.७ % बाट शत प्रतिशत पुऱ्याउने लक्ष्य लिएकोमा ९९.५० % पुगेको छ ।

# प्रथम पञ्चवर्षीय योजनाको समष्टिगत उपलब्धि


वार्षिक आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा)




गरिबीको दर





कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा)





कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको योगदान

बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या




प्रतिव्यक्ति आय (अमेरिकी डलर)



## जलविद्युत् उत्पादन (जडित क्षमता)


| ४४८.५ मेगावाट | १५०० मेगावाट | ९०० मेगावाट |
|---|---|---|
| २०७५/७६ | २०८०/८१ | २०८०/८१ |
| स्थिति | लक्ष्य | अनुमानित उपलब्धि |

## मानव विकास सूचकाङ्क (HDR 2020)

| ०.५७९ सूचकाङ्क | ०.६५ सूचकाङ्क | ०.६१८ सूचकाङ्क |
|---|---|---|
| २०७५/७६ | २०८०/८१ | २०८०/८१ |
| स्थिति | लक्ष्य | अनुमानित उपलब्धि |


## आधारभूत खानेपानी सुविधा प्राप्त जनसंख्या

| ९१.१% | १००% | ९५% |
|---|---|---|
| २०७५/७६ | २०८०/८१ | २०८०/८१ |
| स्थिति | लक्ष्य | अनुमानित उपलब्धि |





## सामाजिक सुरक्षा योजनामा समावेश हुने प्रतिष्ठान र रोजगारदाताको सङ्ख्या

| १७ हजार | ६६ हजार | ३५ हजार |
|---|---|---|
| २०७५/७६ | २०८०/८१ | २०८०/८१ |
| स्थिति | लक्ष्य | अनुमानित उपलब्धि |




मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) (संख्या)






# दिगो विकास लक्ष्यको समीक्षा

**गरिबीको अन्त्य**

गण्डकी प्रदेश सरकारले सीमान्तकृत समुदायको उत्थान र आधारभूत सेवा पहुँच वृद्धि गर्न गरिबी न्यूनीकरणलाई प्राथमिकतामा राखेको छ। गरिबीको रेखामुनीको जनसङ्ख्या आ.व. २०८०/८१ सम्ममा ७.४ %मा झार्ने लक्ष्य रहेकोमा आ.व. २०७९/८० सम्ममा ११.८८ %मा सीमित हुन पुगेको छ।

**भोकमरीको अन्त्य**

गण्डकी प्रदेश तरकारी, आलु, दूध, अण्डा र मासुमा आत्मनिर्भर रहेको छ। प्रति व्यक्ति प्रति वर्ष खाद्यान्नको न्यूनतम आवश्यकता २०१ के.जी. रहेकोमा आ.व. २०७९/८० सम्ममा १९०.८ के.जी. पुगेको छ।

**सुस्वास्थ्य तथा समृद्ध जीवन**

मातृ मृत्युदर घटेको, खोप पहुँच बढेको र औसत आयु बढेको देखिन्छ साथै पाँच वर्ष मुनिको बाल मृत्युदर प्रति हजार जीवित जन्ममा २३ जना पुगेको छ। स्वास्थ्य सेवाको पहुँच ३० मिनेटको दुरीमा भएको जनसङ्ख्या ७७ % पुगेको छ।

**गुणस्तरीय शिक्षा**

शैक्षिक क्षेत्रमा लैङ्गिक असमानतालाई अन्त्य, सीमान्तकृत समूहका लागि शैक्षिक नतिजामा सुधार र प्रदेशमा शिक्षाको गुणस्तर अभिवृद्धिमा जोड दिइएको छ। प्रदेशमा १५ देखि ६० वर्ष उमेर समूहको औसत साक्षरता दर ९६.५७ % रहेको छ।

**लैङ्गिक समानता**

श्रमशक्तिमा महिला पुरुषको सहभागिता दर आ.व. २०७९/८० सम्ममा करिव ७४ % पुगेको छ भने १५ वर्ष देखि ४९ वर्ष उमेरका महिलाको साक्षरता दर ८६.५ % पुगेको छ।

**स्वच्छ पिउने पानी तथा सरसफाइ**

आ.व. २०७९/८० सम्ममा आधारभूतस्तरको खानेपानी सुविधा प्राप्त जनसङ्ख्या ९४.२५ %, फ्लस भएको चर्पी सुविधा उपलब्ध घरधुरी ८० % र सफा तथा सुरक्षित खानेपानी सुविधामा पहुँच पुगेको जनसङ्ख्या २० % रहेको छ।

**स्वच्छ उर्जामा सहज पहुँच**

आ.व. २०७९/८० सम्ममा जलविद्युत् उत्पादन (जडित क्षमता) ७३३ मेघावाट र विद्युत्मा पहुँच भएको जनसङ्ख्या ९९.५ % रहेको छ।

**मर्यादित रोजगार र आर्थिक वृद्धि**

आ.व. २०७९/८० सम्ममा श्रम सहभागिता दर ४०.३ %, बेरोजगारी दर ७ % र रोजगारीमा औपचारिक क्षेत्रको योगदान ४४ % रहेको छ भने आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) ३.६९ % रहेको छ।

**उद्योग, नवीन खोज र पूर्वाधार**

आ.व. २०७९/८० सम्ममा लघु, घरेलु तथा साना गरी दर्ता भएका कुल उद्योग सङ्ख्या ७८०८४, उद्योग क्षेत्रको कुल गार्हस्थ उत्पादनमा योगदान ३.२९ % र सडक घनत्व ०.५६ कि.मि. प्रति वर्ग कि.मि. मा पुगेको छ।

**असमानता न्यूनीकरण**

आ.व. २०७९/८० सम्ममा सम्पत्तिमा आधारित जिनी गुणक ०.२९ पुगेको छ।

**दिगो सहर तथा समुदाय र जिम्मेवार उत्पादन तथा उपयोग**

भौतिक पूर्वाधार विकाससँगै लोकमार्ग तथा सो आसपासको क्षेत्रमा बस्ती विस्तार भई व्यवस्थित बस्ती विकासको वातावरण तयार हुँदै गएको छ। आ.व. २०७९/८० सम्ममा यस प्रदेशमा विपद्बाट प्रभावित जनसङ्ख्या प्रतिहजार १८ जना रहेको छ।

**जलवायुसम्बन्धी कार्य**

आ.व. २०७९/८० सम्ममा जलवायुमैत्री गाउँ/टोलको सङ्ख्या ४८, सञ्चालनमा रहेका पूर्वचेतावनी प्रणाली सङ्ख्या ११ र संरक्षित तथा पुनर्भरण पोखरी सङ्ख्या ८० रहेको छ।

**वन, जलाधार र जैविक विविधता**

पारिस्थितिकीय प्रणाली र जैविक विविधताको संरक्षणलाई गण्डकी प्रदेश सरकारले वातावरण संरक्षण प्रयासको अभिन्न अङ्गको रूपमा लिएको छ साथै आ.व. २०७९/८० सम्ममा सघन वन क्षेत्रले ओगटेको क्षेत्रफल ३७.८ % र बुट्यानले ढाकेको क्षेत्रफल ९.६ % रहेको छ।

**शान्ति, न्याय तथा सशक्त संस्था**

सरकारी निकायमा जन्मदर्ता भएका ५ वर्षमुनिका बालबालिकाको अनुपात आ.व. २०७९/८० सम्ममा ७३.८ % पुगेको छ। यसैगरी कुल आन्तरिक राजस्व सङ्कलन रु. ४.६१ अर्ब पुगेको छ।

# विकास प्रयासमा देखिएका मूलभूत सवाल तथा चुनौती

१. न्यून आर्थिक वृद्धि तथा साँघुरो वित्तीय आधार,
२. न्यून आन्तरिक तथा वैदेशिक लगानी,
३. उच्च आयात, न्यून निर्यात क्षमता तथा उच्च व्यापार घाटा,
४. निर्वाहमुखी अर्थतन्त्र - न्यून उत्पादकत्व, उच्च उत्पादन लागत तथा न्यून प्रतिस्पर्धी क्षमता,
५. औद्योगिक क्षेत्रको सङ्कुचन तथा आन्तरिक उत्पादनमा ह्रास,
६. रोजगारीको अवसरमा सङ्कुचन, वैदेशिक रोजगारीमा वृद्धि वा बौद्धिक पलायन,
७. दिगो, गुणस्तरीय तथा उत्थानशील पूर्वाधारमा कमी,
८. सहरी पूर्वाधार, सेवा तथा सुविधाको माग र आपूर्तिबिच खाडलमा वृद्धि,
९. वैज्ञानिक, जीवनउपयोगी, व्यावहारिक तथा गुणस्तरीय शिक्षाको कमी,
१०. कमजोर स्वास्थ्य प्रणाली, स्वास्थ्यकर्मी र सेवाप्रवाह,
११. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धी नीति, अभ्यास र नतिजाबिचको खाडलमा वृद्धि,
१२. कमजोर विनियोजन कुशलता, कार्यदक्षता तथा वित्तीय अनुशासन,
१३. सार्वजनिक खर्चको आवश्यकता र स्रोत परिचालन क्षमताबिचको गहिरो खाडल,
१४. कमजोर बजार प्रतिस्पर्धा, सिण्डिकेट प्रणाली र बिचौलियाको बढ्दो उपस्थिति,
१५. लैङ्गिक तथा सामाजिक हिंसाको स्वरूपमा परिवर्तन,
१६. आर्थिक-सामाजिक तथा सांस्कृतिक विभेद र परम्परागत सोचमा निरन्तरता,
१७. पर्यटन तथा औद्योगिक पूर्वाधार र प्रवर्धनको कमी,
१८. नीतिगत अस्थिरता र सुशासनमा ह्रास, कार्यान्वयनमा कमजोरी, समन्वय तथा व्यवस्थापकीय क्षमताको कमी,
१९. भ्रष्टचार, दण्डहीनता र प्रशासनिक ढिलासुस्ती,
२०. जलवायु परिवर्तनको असर तथा वातावरणजन्य बहुप्रकोपमा वृद्धि,
२१. शासन, विकास र सेवाप्रवाहमा प्रभावकारिता नागरिकको स्वामित्व र अपनत्वमा कमी ।



# प्रादेशिक सोच


**आत्मनिर्भर र समुन्नत प्रदेश: सुखी प्रदेशवासी**

# प्रादेशिक विकास र रूपान्तरणका प्रमुख क्षेत्रहरु

**प्रादेशिक विकास तथा रूपान्तरणका प्रमुख क्षेत्र**

- सुसूचित नीति, योजना तथा विकास व्यवस्थापन
- सुदृढ प्रादेशिक अर्थतन्त्रको निर्माण
- प्रभावकारी आर्थिक नीति तथा स्रोत व्यवस्थापन
- व्यावसायिक कृषि तथा आत्मनिर्भरता
- दिगो वन व्यवस्थापन, जैविक विविधता तथा जलाधार संरक्षण
- बजारमुखी उत्पादन र दिगो पर्यटन
- सर्वसुलभ स्वास्थ्य तथा जनसाङ्ख्यिक लाभ
- शिक्षित, सुसंस्कृत तथा सिपयुक्त मानव पुँजी निर्माण
- दिगो तथा उत्थानशील पूर्वाधार
- स्वच्छ ऊर्जा, जलस्रोत तथा खानेपानी
- मर्यादित श्रम, उत्पादनशील रोजगारी तथा सामाजिक संरक्षण
- सशक्त महिला सामाजिक समावेशीकरण तथा समानता
- सन्तुलित वातावरण र जलवायु तथा विपद् उत्थानशीलता
- सुदृढ शासन, सेवाप्रवाह र तहगत सम्बन्ध

# परिमाणात्मक लक्ष्य




२०७९/८० सम्मको उपलब्धि

२०८५/८६ सम्मको लक्ष्य

## प्रादेशिक लक्ष्य

१. आत्मनिर्भरता, सामाजिक न्याय र समुन्नति हासिल गर्ने ।

## प्रादेशिक उद्देश्य

१ गुणस्तरीय पूर्वाधार र उत्पादन, रोजगारी तथा आय वृद्धि गर्नु।

२ मानव पुँजी निर्माण, विकासका लाभहरूको समन्यायिक वितरण र सामाजिक न्याय स्थापित गर्नु।

३ गुणस्तरीय सार्वजनिक सेवाप्रवाह र सुशासन अभिवृद्धि गर्नु।

## प्रादेशिक समष्टिगत रणनीति

१) उत्पादन तथा उत्पादकत्व र दिगो आर्थिक वृद्धि गर्ने

२) मानव पुँजी निर्माण तथा न्यायपूर्ण समाजको स्थापना गर्ने

३) दिगो तथा उत्थानशील पूर्वाधार विकास तथा अन्तर-आबद्धता अभिवृद्धि गर्ने

४) हरित, कार्बन तटस्थ तथा जलवायु अनुकूलन कार्य र स्वच्छता अभिवृद्धि गर्ने

५) विकास प्रक्रिया तथा नतिजामा लैङ्गिक समानता तथा समावेशिता कायम गर्ने

६) नवीन ज्ञान तथा प्रविधिको अभ्यास र प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्ने

७) स्रोत परिचालन, सुशासन, अन्तरसम्बन्ध र साझेदारीलाई सबलीकरण तथा सुदृढीकरण गर्ने

८) प्रदेश नीति, योजना र विकास नतिजालाई अध्ययन, अनुसन्धान र प्रमाणमा आधारित बनाउनु

# प्रदेश समुन्नतिका रूपान्तरणकारी कार्यक्रम तथा आयोजना

## क. प्रदेश सरकारको लगानीमा सञ्चालन हुने कार्यक्रम तथा आयोजना

१ बहुउद्देश्यीय नदी जलाशय निर्माण आयोजना


२ मनाङ-नासोङ प्राङ्गारिक कृषि विकास आयोजना

३ एकीकृत प्रदेश तथ्याङ्क प्रणाली विकास आयोजना

४ विश्वविद्यालय, विद्यालय तथा समुदाय साझेदारी कार्यक्रम

५ लोकाहाखोला औद्योगिक क्षेत्र पूर्वाधार विकास आयोजना





६ प्रमुख टारमा आधारित कृषि तथा सिँचाइ विकास आयोजना

७ पर्यटकीय स्याटेलाइट गन्तव्य विकास तथा विस्तार आयोजना

८ अन्तरस्थानीय तह जोड्ने सडक तथा सडकपुल निर्माण आयोजना

९ कोराला- पोखरा- भिमाद- डेढगाउ- चोरमारा- दुम्कीबास- त्रिवेणी सडक विकास आयोजना

१० मध्यपहाडी लोकमार्ग केन्द्रित कृषि तथा पशुपन्छीजन्य उत्पादनमा आधारित औद्योगिक विकास आयोजना

# ख. प्रदेश तथा स्थानीय तह साझेदारी कार्यक्रम तथा आयोजना


१ पोखरा चक्रपथ निर्माण आयोजना

२ ग्रामीण अर्थतन्त्र सुदृढीकरण कार्यक्रम

३ ऐतिहासिक राइनासकोट विकास आयोजना

४ आधुनिक प्रादेशिक बसपार्क निर्माण आयोजना

५ विशिष्टीकृत कृषि तथा पशु सेवा विकास आयोजना



६ युवा नवप्रवर्तन तथा सिर्जनशीलता विकास कार्यक्रम

७ योग तथा ध्यान केन्द्र निर्माण तथा प्रवर्धन आयोजना

८ भीमसेन थापा स्मृतिपार्क तथा सङ्ग्रहालय निर्माण आयोजना


९ स्याउ, सुन्तलाजात तथा उदीयमान कृषि बाली विशेष कार्यक्रम

१० अजिरकोट-सिरानडाँडा-नागेपोखरी एकीकृत विकास आयोजना

११ त्रिवेणी गजेन्द्रमोक्ष धाम धार्मिक पर्यटकीय क्षेत्र विकास आयोजना

## ग. सङ्घ-प्रदेश साझेदारी कार्यक्रम तथा आयोजना

१. गण्डकी त्रिभुज कार्यक्रम
२. कार्बन व्यापार आयोजना
३. व्यास क्षेत्र विकास आयोजना
४. ढोरपाटन एकीकृत विकास आयोजना
५. चुमभ्याली एकीकृत विकास आयोजना
६. पुँडीटार औद्योगिक क्षेत्र विकास आयोजना




७. उत्तरगंगा जलाशय युक्त जल विद्युत् आयोजना
८. निर्यातयोग्य वस्तु उत्पादन तथा प्रवर्धन कार्यक्रम
९. धौवादी फलाम उत्खनन तथा प्रशोधन आयोजना
१०. कालीगण्डकी सभ्यता सङ्ग्रहालय विकास आयोजना
११. मुगलिङ पुलजिप घुमाउने- गाईघाट- देवघाट- गैंडाकोट सडक आयोजना
१२. मनकामना - गोरखा - बारपाक - भच्चेक - दूधपोखरी लिङ्कमार्ग निर्माण आयोजना

# घ. सङ्घ–प्रदेश–स्थानीय तह साझेदारी कार्यक्रम तथा आयोजना

१. एक घर एक धारा कार्यक्रम
२. हनुमतधाम विकास आयोजना
३. एकीकृत बस्ती विकास आयोजना
४. नदी तटीय क्षेत्र एकीकृत विकास आयोजना
५. राउण्ड फेवा तथा भ्यू फेवा विकास आयोजना
६. लिगलिगकोट संरक्षण तथा विकास आयोजना







७. उच्च पर्वतीय खेलकुद रंगशाला निर्माण आयोजना
८. ऐतिहासिक लोमान्थाङ सम्पदा क्षेत्र विकास आयोजना
९. जोखिमयुक्त बस्ती पहिचान तथा स्थानान्तरण आयोजना
१०. लीड तथा आवासिय विद्यालय विकास तथा विस्तार आयोजना
११. क्यान्सर, हृदय रोग तथा मृगौला रोग प्रादेशिक विशिष्टीकृत अस्पताल निर्माण आयोजना
१२. कृषि तथा पशुपन्छी उत्पादन, विविधीकरण, सामुहिकीकरण, औद्योगिकीकरण र बजारीकरण कार्यक्रम

## ङ. अन्तर प्रदेश साझेदारीमा सञ्चालन हुने कार्यक्रम तथा आयोजना

१. एकीकृत जलस्रोत व्यवस्थापन कार्यक्रम
२. पर्यटन प्रवर्धन, विकास तथा विस्तार कार्यक्रम
३. खानी तथा खनिजजन्य उद्योग प्रवर्धन कार्यक्रम
४. रणनीतिक सडक तथा पूर्वाधार विकास आयोजना
५. कृषि उपज गुणस्तर परीक्षण तथा स्तरीकरण प्रयोगशाला विकास आयोजना

## च. सार्वजनिक–निजी साझेदारी कार्यक्रम तथा आयोजना



१. आई.टि इनोभेसन ल्याब विकास कार्यक्रम
२. पर्यटन पूर्वाधार विकास तथा विस्तार आयोजना
३. कृषि, वन र जडिबुटीजन्य उत्पादन तथा प्रशोधन उद्योग विकास कार्यक्रम
४. सुविधा सम्पन्न बस टर्मिनल तथा भेहिकल सर्भिसिङ केन्द्र निर्माण आयोजना
५. माइस पर्यटन तथा अन्तर्राष्ट्रिय सभा सम्मेलन केन्द्र र प्लानेटोरियम आयोजना

## छ. निजी क्षेत्रको लगानीमा सञ्चालन हुने कार्यक्रम तथा आयोजना

१. जलविद्युत् विकास कार्यक्रम
२. पोखरा-पुम्दीकोट केबलकार आयोजना
३. विरेठाँटी-मुक्तिनाथ-केबलकार आयोजना
४. जलक्रिडा विकास तथा विस्तार कार्यक्रम
५. बागलुङ बजार-भकुण्डे-भैरवस्थान केबलकार आयोजना
६. साहसिक पर्यटन पूर्वाधार विकास तथा विस्तार आयोजना

## ज. वैदेशिक सहयोगको लागि प्रस्तावित कार्यक्रम तथा आयोजना

१. जलवायुमैत्री नमुना बस्ती विकास कार्यक्रम
२. खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रम
३. नयाँ क्षेत्र र विषय क्षेत्र प्राविधिक शिक्षा विस्तार कार्यक्रम
४. हिमाली तथा उच्च पहाडी ताल संरक्षण विकास आयोजना
५. टनेल र अन्य नयाँ प्रविधिमा आधारित सडक निर्माण आयोजना
६. पोखरा लेक टु लेक तथा केभ टु केभ साइकल मार्ग निर्माण आयोजना
७. पर्यटकीय पदमार्गको स्तरोन्नति तथा वैकल्पिक पदमार्ग पहिचान तथा विस्तार कार्यक्रम

## दिगो विकास लक्ष्यसँगको आबद्धता

SDG
(Sustainable Development Goals)

१७ दिगो विकास लक्ष्य

१६९ परिमाणात्मक लक्ष्य

२३२ विश्वव्यापी सूचक

**नेपालमा SDG सूचक**

४७९ सूचकहरू निर्धारण गरिएकोमा हाल पुनरावलोकन गरेर ३०१ सूचक कायम

### गण्डकी प्रदेशको SDG आन्तरिकीकरण

- **स्थानीयकरण मार्गचित्र:** २०७९-२०८७ (SDG को प्रभावकारी आन्तरिकीकरणका लागि)
- **पहिलो पञ्चवर्षीय योजना:** २७५ सूचकहरूको आधार अवस्था निर्धारण र SDG आन्तरिकीकरण
- **दोस्रो पञ्चवर्षीय योजना:** SDG प्राप्तिका लागि प्रमुख रणनीति, सूचक र रूपान्तरणका प्रमुख क्षेत्रमार्फत आन्तरिकीकरण

## सोह्रौं योजनासँगको आबद्धता

### दोस्रो योजना

**सोच:**

- नेपालको दीर्घकालीन सोच २१००
- सोह्रौं योजना सोच

**योजनाको अन्तरवस्तु:**

- लक्ष्य तथा उद्देश्य
- रणनीति, सूचक र कार्यक्रम

**कार्यान्वयन प्रारुप:**

- प्रादेशिक अग्रसरता
- तहगत साझेदारी, सहकार्य र अन्तरसम्बन्ध




# सुदृढ प्रादेशिक अर्थतन्त्रको निर्माण



# पृष्ठभूमि

१

वित्तीय सङ्घीयता अनुरूप प्रदेशले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउने, राजस्व उठाउने, आर्थिक अधिकारसम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तर्जुमा गर्ने र सोको कार्यान्वयन गर्ने संवैधानिक व्यवस्था रहेको छ।

२

समष्टिगत आर्थिक आधारको सबलीकरण र तीव्रतर आर्थिक वृद्धिका साथै सामाजिक न्याय सहितको समृद्ध नेपाल निर्माण गर्ने सोह्रौँ योजनाको राष्ट्रिय लक्ष्य रहेको परिवेशमा प्रदेशको दिगो, फराकिलो एवम् समावेशी विकास र समुन्नतिका लागि तीव्रतर आर्थिक वृद्धि हासिल गर्ने विषय प्राथमिकतामा राखिएको छ।


३

तीव्र आर्थिक वृद्धिसहितको सन्तुलित विकास तथा स्रोत र साधनको समन्यायिक वितरणमार्फत समतामूलक समाज निर्माण तीन वटै तहका सरकारको साझा दायित्वका रूपमा रहेको छ।

४


प्रदेश विकासका सम्भावना, सामर्थ्य तथा अवसरको पहिचान गर्दै आर्थिक-सामाजिक विकासको मार्गचित्र तयार गरी नागरिकको जीवनस्तरमा दिगो तथा गुणात्मक सुधार गर्ने दिशामा दोस्रो पञ्चवर्षीय योजना उन्मुख रहेको छ।

# विद्यमान अवस्था



## गण्डकी प्रदेशको योजना र आत्मनिर्भरता:

- उपलब्ध आर्थिक सम्भावना र अवसरलाई उपयोग गर्दै आत्मनिर्भर अर्थतन्त्र निर्माणको प्रयास
- आर्थिक वर्ष २०७९/८० मा आधारभूत मूल्यमा आर्थिक वृद्धि ३.६९ % र प्रतिव्यक्ति आय १,४९९ अमेरिकी डलर रहेको
- आलु, अण्डा, तरकारी तथा मासुमा आत्मनिर्भर




## क्षेत्रगत योगदान र आर्थिक असन्तुलन:

- आर्थिक वर्ष २०७९/८० मा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः २६.२ %, १७.३ % र ५६.६ %
- आर्थिक वर्ष २०७९/८० मा प्राथमिक क्षेत्रको योगदान २६.२%, द्वितीयको १७.३%, र तृतीयको ५६.६%



## वित्तीय सुशासन र अर्थतन्त्र:

- आन्तरिक अर्थतन्त्र र बाह्य क्षेत्रको सन्तुलन कायम राख्न विप्रेषणको प्रभावकारी प्रयोग
- स्रोत व्यवस्थापनमा वित्तीय सुशासन र प्रतिफलमुखी दृष्टिकोणको आवश्यकतामा जोड



## कोभिड-१९ को प्रभाव:

- कोभिड-१९ र विश्वव्यापी आर्थिक संकुचनले उत्पादन, रोजगारी, माग, र आपूर्तिमा सुस्तता ल्याएर आर्थिक गतिविधिमा शिथिलता
- कुल गार्हस्थ्य उपभोगमा वृद्धि भए पनि राष्ट्रिय बचत र पुँजी निर्माण न्यून

# सुदृढ प्रादेशिक अर्थतन्त्रको निर्माण

## मुख्य सवाल र चुनौती

### १. आर्थिक वृद्धिदर न्यून

- सार्वजनिक, निजी र सहकारी क्षेत्रबाट अपेक्षाकृत दिगो आर्थिक वृद्धि हासिल हुन नसकेको ।
- कोभिड-१९, रुस-युक्रेन युद्ध र आपूर्ति शृङ्खलाको प्रतिकूलताले आर्थिक गतिविधिमा शिथिलता ।
- बचत अपचलन, कमजोर पुँजीगत खर्च र व्यापार घाटा ।

### २. अर्थतन्त्रमा प्राथमिक र द्वितीय क्षेत्रको योगदान न्यून

- प्राथमिक क्षेत्रबाट द्वितीय क्षेत्रमा नगई सिधै सेवा क्षेत्रमा प्रवेशले उत्पादनमुखी गतिविधि कमजोर ।
- जनशक्तिको विदेश पलायनले रोजगारी र आर्थिक वृद्धिमा असर ।
- युवा जनशक्तिको उपयोग गर्दै उच्च वृद्धि हासिल गर्न चुनौती ।

### ३. उत्पादन तथा उत्पादकत्व न्यून हुँदा परनिर्भरता

- उच्च उत्पादन लागत र कमजोर गुणस्तरले अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा कमी ।
- विचौलियाको हावीले उत्पादकलाई उचित लाभ नपुग्नु र उपभोक्ता मारमा पर्नु ।
- स्रोत-साधनको सन्तुलित उपयोग नहुँदा आयात प्रतिस्थापन कठिन ।

### ४. वित्तीय स्रोत परिचालनको क्षमता कमजोर

- नीतिगत आधार कमजोर, राजस्व र बचत न्यून र उच्च मुद्रास्फीति ।
- राजस्व अधिकारको कानुनी स्पष्टता र उत्पादनमुखी अर्थतन्त्रको निर्माण चुनौती ।

### ५. पुँजीगत खर्चमा कमी

- आयोजनाहरू समय र लागतमा सम्पन्न नहुँदा खर्चको प्रभावकारिता कमजोर ।
- कार्यान्वयन दक्षता र वित्तीय अनुशासनमा कमी ।

### ६. स्थानीय आर्थिक विकासको आधार तयार

- तुलनात्मक लाभ पहिचान, व्यावसायिक सोच र पूर्वाधारको कमी ।
- जनसहभागिता बढाई विकासको प्रतिफल विपन्न वर्गसम्म पुर्याउने चुनौती ।
- स्थानीय अनुकूल उद्यमशीलता र औद्योगिक प्रवर्द्धनको प्राथमिकतामा कमी ।

### ७. राष्ट्रिय एवम् स्थानीय अर्थतन्त्रसँग अन्तरसम्बन्ध स्थापित

- समन्वय र सहकार्यमा आधारित नीति तथा योजना निर्माण कमी ।
- स्थानीय श्रम र उत्पादनशील क्षेत्रमा स्रोत परिचालनमा चुनौती ।

# रूपान्तरणका रणनीति



# प्रमुख हस्तक्षेपकारी कार्यक्रम




## (क) लगानी अभिवृद्धि कार्यक्रम

- इन्भेष्ट इन गण्डकी कार्यक्रम;
- स्वदेशी एवम् विदेशी लगानी अभिवृद्धिका लागि नीतिगत, कानुनी तथा संस्थागत प्रबन्ध;
- लगानीका क्षेत्र तथा आयोजनाको खोज, अनुसन्धान, पहिचान र विविधीकरण;
- संस्थागत सबलीकरण तथा बचत अभिवृद्धि कार्यक्रम;
- विप्रेषणबाट प्राप्त आयलाई उत्पादनशील क्षेत्रमा लगानी प्रोत्साहन कार्यक्रम;
- सार्वजनिक-निजी साझेदारी अभिवृद्धि कार्यक्रम;
- लगानीका क्षेत्र पहिचान तथा प्रत्यक्ष वैदेशिक लगानी अभिवृद्धि कार्यक्रम ।

## (ख) औद्योगिक तथा व्यापार प्रवर्धन कार्यक्रम

- परम्परागत बजारको स्तरोन्नति, विस्तार र सुदृढीकरण;
- प्रतिस्पर्धात्मक डिजिटल क्षमताको विकास र विस्तार;
- निजी क्षेत्रको लगानी प्रवर्धन;
- एक जिल्ला एक औद्योगिक क्षेत्रको अवधारणालाई कार्यान्वयन;
- उच्च मूल्य अभिवृद्धि र अन्तर्राष्ट्रिय मूल्यशृङ्खलामा आबद्ध हुन सक्ने वस्तुको उत्पादन तथा बजारीकरण ।


### (ग) स्थानीय आर्थिक विकास कार्यक्रम

- आर्थिक नीति तथा योजना तयारी सहयोग;
- स्थानीय आर्थिक विकासका संवाहक क्षेत्र पहिचान;
- आर्थिक विकास पूर्वाधार निर्माण;
- विपन्न तथा सिमान्तकृत वर्ग उद्यमशीलता, सीप तथा प्रविधि प्रवर्धन।

### (घ) कृषि उत्पादनको व्यावसायीकरण र निर्यात प्रवर्धन कार्यक्रम

- अन्तर प्रदेश साझेदारीमा कृषि उपजको गुणस्तर परीक्षण र स्तरीकरणका लागि प्रयोगशाला स्थापना;
- आलु, तरकारी, दूध, अण्डा र मासुमा गुणस्तर परीक्षण, प्रशोधन तथा औद्योगीकरण र निर्यात प्रवर्धन; ।
- कृषिमा यान्त्रीकरण, उत्पादनको व्यवसायीकरण र प्रसोधन तथा स्तरीकरण ।

# परिमाणात्मक लक्ष्य




## आर्थिक वृद्धि

समग्रमा योजनाको औसत आर्थिक वृद्धिदर ८.६ प्रतिशत


| | आधार वर्ष २०७९/८० (प्रतिशत) | लक्ष्य २०८५/८६ (प्रतिशत) |
|---|---|---|
| प्राथमिक क्षेत्रको | २.७० | ५.९० |
| द्वितीय क्षेत्रको | ४.७० | ११.३० |
| सेवा क्षेत्रको वृद्धिदर | ३.९० | ८.४८ |

## कुल गार्हस्थ्य उत्पादन तथा क्षेत्रगत मूल्य अभिवृद्धिको लक्ष्य

योजना अवधिको क्षेत्रगत मूल्य अभिवृद्धि (रु. दश लाखमा)




## कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना (२०७९/८० को स्थिर मूल्यमा)



# योजना अवधिभर सीमान्त पुँजी-उत्पादन अनुपात तथा कुल लगानी

(आर्थिक वर्ष २०७९/८० को स्थिर मूल्यमा)

**सीमान्त पुँजी उत्पादन अनुपात**

**४.८**

प्राथमिक क्षेत्र — रु.१ खर्ब ८ अर्ब ७८ करोड

द्वितीय क्षेत्र — रु.४ खर्ब ६३ अर्ब ४४ करोड


सेवा क्षेत्र — रु.८ खर्ब १२ अर्ब ६२ करोड

**कुल स्थिर पुँजी लगानी**

**रु. १३ खर्ब ८४ अर्ब ८५ करोड**


## सार्वजनिक, निजी र सहकारी क्षेत्रको लगानी

(आर्थिक वर्ष २०७९/८० को स्थिर मूल्यमा) (रु. दश लाखमा)




## सार्वजनिक खर्च र खर्च व्यहोर्ने स्रोत अनुमान

योजना अवधिमा प्रदेश सरकारको कुल रु. १ खर्ब ८५ अर्ब ६१ करोड खर्च हुने




योजना अवधिको कुल खर्च व्यहोर्ने स्रोतमध्ये (आय अनुमान)




- करबाट रु. २९ अर्ब ८६ करोड
- अनुदानबाट रु. ७७ अर्ब ५१ करोड
- अन्य राजस्वबाट (रोयल्टी बाँडफाँट लगायत) रु. १७ अर्ब ४४ करोड
- विविध प्राप्तिबाट रु. १४ अर्ब ८१ करोड
- अन्य आन्तरिक ऋणबाट प्राप्त रु. ८ अर्ब ५० करोड

# प्रभावकारी आर्थिक नीति तथा स्रोत व्यवस्थापन

# पृष्ठभूमि

१

सङ्घीय शासन प्रणाली अन्तर्गत प्रदेशको आन्तरिक स्रोत, सङ्घ सरकारबाट प्राप्त अनुदान र राजस्व बाँडफाँटबाट प्राप्त सम्पूर्ण स्रोत प्रदेश सञ्चित कोषमा राखिन्छ।

२

वित्तीय सङ्घीयताका प्रमुख स्तम्भहरूमा राजस्व अधिकार, खर्च जिम्मेवारी, वित्तीय हस्तान्तरण प्रणाली र सार्वजनिक ऋण लिने अधिकार छन्।

३

गण्डकी प्रदेश सरकार वित्तीय स्रोत र अवसरलाई विकास र समृद्धिसँग जोड्दै आत्मनिर्भर अर्थतन्त्र निर्माणमा अग्रसर छ।

४

प्रदेशको एकल र साझा अधिकारको कार्यान्वयनका लागि आन्तरिक राजस्वका नयाँ क्षेत्रको पहिचान तथा निजी क्षेत्रलगायत विकास साझेदारसँग सहकार्य भएको।

५

प्रदेशको स्रोत परिचालन, व्यवस्थापनमा कार्यकुशलता र प्रभावकारिता अभिवृद्धि गर्न बचत, लगानी, राजस्व, ऋण र अनुदानलाई प्रभावकारी रुपमा परिचालन गर्नु आवश्यक छ।

# विद्यमान अवस्था

## बचत तथा लगानी



### बचत र लगानीको अनुकूल वातावरण

- प्रदेश सरकारले बचत र लगानीको लागि अनुकूल वातावरण निर्माण गर्न जोड दिएको
- यसका लागि राष्ट्रिय बचत र लगानीसँग मेल खाने आर्थिक नीतिहरू अवलम्बन गरिएको



### सार्वजनिक लगानीका प्रमुख क्षेत्रहरू

- कृषि, पर्यटन, पूर्वाधार, शिक्षा र स्वास्थ्य सेवाको विकासलाई प्राथमिकता दिइएको



### घरायसी बचत र लगानीको नीति

- घरायसी बचतलाई स्थिर स्रोतको रूपमा लिने नीति अङ्गीकार गरिएको



### वैदेशिक लगानी प्रोत्साहन

- प्रदेश सरकारले प्रविधि विकास, व्यावसायीकरण र आर्थिक विविधीकरणको लागि विदेशी प्रत्यक्ष लगानी भित्र्याउने प्रयास गरिरहेको
- बैंक, वित्तीय संस्था र सहकारीहरूले स्रोत परिचालन र वित्तीय सेवा पहुँच विस्तारमा महत्त्वपूर्ण भूमिका



### आर्थिक विवरण

- आर्थिक वर्ष २०७९/८० मा आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) ३.६९ %
- प्रतिव्यक्ति आय १,४९९ अमेरिकी डलर रहेको
- प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः २६.२%, १७.३% र ५६.६%
- कुल गार्हस्थ्य उत्पादन र कुल स्थिर पुँजी लगानीको अनुपात २५.२ %
- कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल राष्ट्रिय बचत ६.४१ %
- विप्रेषणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात २२.७ %



## सार्वजनिक खर्च




### आवधिक योजनामा आधारित बजेट प्रणालीको विकास

- उच्च प्रतिफल दिने आयोजना पहिचान गरी आयोजना बैंक र मध्यमकालीन खर्च संरचना लागू भइरहेको
- लैङ्गिक उत्तरदायी, जलवायुमैत्री, र दिगो विकास लक्ष्यमैत्री बजेट प्रणाली प्रभावकारी बनाउन काम भइरहेको
- सार्वजनिक खर्चमा वित्तीय सुशासन, कार्यान्वयन दक्षता, र नतिजामूलक अनुगमन प्रणाली व्यवस्थित बनाउँदै लगिएको



### नतिजामुखी कार्यक्रम प्राथमिकता र कार्यान्वयन क्षमता सुदृढीकरण

- रणनीतिक महत्वका आयोजना पहिचान गरी पर्याप्त बजेट सुनिश्चित गर्ने प्रक्रिया अघि बढिरहेको
- खरिद योजना, प्रभावकारी ठेक्का व्यवस्थापन र कार्यसम्पादन सम्झौता कार्यान्वयन ल्याइएको

## राजस्व परिचालन



### आय स्रोतहरू

- प्रदेशको आन्तरिक आय, सङ्घीय सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण र सङ्घीय एकाइ बिचको राजस्व बाँडफाँटबाट प्राप्त
- अन्य स्रोतमा रोयल्टी र सङ्घ सरकारबाट हस्तान्तरित अनुदान





### राजस्व सङ्कलनमा समस्या

- कानुनी अस्पष्टता र द्विविधा
- राजस्व प्रशासनको कमजोर क्षमता
- घरजग्गा कारोबारमा न्यूनता र बजेट कार्यान्वयनमा ढिलाइका कारण राजस्व सङ्कलन लक्ष्यको तुलनामा कमी

### आय विश्लेषण (विगत तीन वर्ष)

| | |
|---|---|
| आ.व. २०७७/७८ | २९ अर्ब ३० करोड २६ लाख (अनुमान ८४.१०% )। |
| आ.व. २०७८/७९ | २७ अर्ब ४ करोड ६१ लाख (अनुमान ८९.९८% )। |
| आ.व. २०७९/८० | २७ अर्ब १० करोड ४७ लाख (अनुमान ७५.४८% )। |

# आन्तरिक ऋण




### आन्तरिक ऋण

- प्रदेश सरकारले विकास आयोजनाका लागि नेपाल सरकारको सहमतिमा ऋण लिन सक्ने प्रावधान रहेको
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिश अनुसार ऋण लिन सकिने
- विगत तीन आर्थिक वर्षमा आन्तरिक ऋण प्राप्तिको अनुमान गरिए तापनि कुनै वर्षमा पनि ऋण परिचालन हुन नसकेको




### आयोजना प्रणाली र ऋण परिचालन

- गण्डकी प्रदेशले आयोजना पहिचान, सम्भाव्यता अध्ययन र आयोजना प्रस्ताव तयार पार्ने प्रक्रिया अघि बढाएको

# वैदेशिक सहयोग

### वैदेशिक सहायता परिचालनको अधिकार र समन्वय




- नेपाल सरकारसँग वैदेशिक सहायता परिचालन गर्ने अधिकार निहित रहेको, र प्रदेश तथा स्थानीय तहले कार्यान्वयन गर्ने आयोजना र कार्यक्रममा नेपाल सरकारले वैदेशिक सहायता परिचालन गर्न सक्ने
- प्रदेश सरकारले नेपाल सरकारसँग समन्वय गरेर वैदेशिक सहयोग परिचालन गर्न आवश्यक

# मुख्य सवाल र चुनौती

### बचत तथा लगानी वृद्धि

- सीमित आम्दानी, न्यून बचत दर र वित्तीय साक्षरताको कमी।
- नागरिकमा बचत, उद्यमशीलता र जोखिम उठाउने क्षमताको कमी।
- सार्वजनिक-निजी साझेदारी र पुँजीगत लगानी विस्तारमा चुनौती।

१



**बचत तथा लगानी**

२

### उत्पादनशील क्षेत्रमा लगानी वृद्धि

- विलासिताका वस्तुको उपभोग तथा अनुत्पादक क्षेत्रमा खर्च अधिक हुनु।
- बचत वृद्धि गरी प्रदेशको विकासका सम्भावनामा लगानीका अवसर खोज्नु।
- घरजग्गा र गाडीमा खर्च घटाई उत्पादनशील क्षेत्रतर्फ लगानी विस्तार गर्न कठिनाइ।

३

### वित्तीय साक्षरता, समावेशीकरण र बैंकिङ सेवाको विस्तार

- विप्रेषण र बचत रकमलाई उत्पादनशील क्षेत्रमा प्रभावकारी परिचालनमा कमी।
- बैंकिङ सेवाको पहुँच विस्तारमा कमी।
- सहकारी संस्थाको अपचलनले बचतमा नकारात्मक प्रभाव, उद्यमशीलता र लगानीमा चुनौती।

४

### उत्पादनशील क्षेत्रमा विप्रेषण परिचालन तथा गैरआवासीय नागरिकको लगानीमा वृद्धि

- गैरआवासीय नेपालीको लगानी प्रदेश र स्थानीय विकासमा उपयोग गर्ने वातावरणको कमी।
- विप्रेषणको विलासिता तथा अनुत्पादक क्षेत्रमा अधिक प्रयोग हुने प्रवृत्तिमा वृद्धि।
- कृषि, पर्यटन, र उद्योग जस्ता उत्पादनशील क्षेत्रमा विप्रेषण आकर्षित गर्न चुनौती।

# मुख्य सवाल र चुनौती



## सार्वजनिक खर्च

### १ कुल सरकारी खर्चमा पुँजीगत खर्चको अनुपात वृद्धि

- वित्तीय स्रोतको उत्पादनमूलक क्षेत्रमा पर्याप्त लगानीमा कमी।
- खर्च गर्ने क्षमता र प्राथमिकताको आधारमा आयोजना व्यवस्थापनमा कमी।
- पुँजी निर्माणलाई प्राथमिकता दिँदै समय, लागत, र गुणस्तरमा सुधार गर्न चुनौती।

### २ सरकारी खर्चमा वित्तीय अनुशासन कायम

- बजेटलाई नीति तथा योजनामा आधारित बनाई लागत प्रभावी र प्रतिफलमुखी बनाउन कठिनाइ।
- प्रशासन संयन्त्रको मनोबल र नीतिगत स्थिरताको कमी।
- चालु खर्च न्यूनीकरण गर्दै पुँजीगत खर्चलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न चुनौती।

### ३ प्रदेश सरकारको न्यून वित्त परिचालनलाई व्यवस्थित र नतिजामूलक बनाउनु

- राजस्व परिचालन प्रदेशको खर्च आवश्यकताअनुसार हुन नसक्नु।
- अन्तरसरकारी वित्तीय हस्तान्तरण अनुमानयोग्य बनाउन र सहलगानी प्रणाली सुदृढ गर्नु।
- आय-व्ययको लेखाजोखा र अनुगमन प्रणालीलाई प्रभावकारी बनाउने चुनौती।


## मुख्य सवाल र चुनौती




### राजस्व परिचालन

**राजस्व परिचालनलाई दिगो तुल्याउनु**

- राजस्व स्रोतहरूको कुशल व्यवस्थापन र संस्थागत क्षमतामा कमी ।
- सम्भाव्य राजस्व स्रोतको पहिचान, दायरा विस्तार, र स्वचालित प्रणाली विकासमा कठिनाइ ।
- कर तथा महसुल तिर्ने बानी विकास, जानकारी अभिवृद्धि, र राजस्व चुहावट नियन्त्रण चुनौती ।



### आन्तरिक ऋण

**उच्च प्रतिफल प्राप्त हुने क्षेत्रमा  आन्तरिक ऋण परिचालन गर्नु:**

- सङ्घीय कानुन अनुसार प्रदेशस्तरमा कानुनी व्यवस्था र प्रक्रियागत सरलीकरण अभाव ।
- प्राथमिकता प्राप्त तथा उच्च प्रतिफल दिने क्षेत्र पहिचान र ऋण परिचालनमा कठिनाइ ।
- आन्तरिक ऋणलाई प्रभावकारी रूपमा परिचालन गर्न प्रणालीको विकास चुनौती ।



### वैदेशिक सहायता परिचालन

**वैदेशिक सहयोगको प्रभावकारी उपयोग गर्नु:**

- वैदेशिक सहायता क्षेत्र र आयोजनाको पहिचान तथा कार्यान्वयन संयन्त्रको तयारी अभाव ।
- जनताका अपेक्षाअनुरूप प्राथमिकता प्राप्त क्षेत्र र उच्च प्रतिफल दिने आयोजनाको छनौट ।
- वैदेशिक सहयोगलाई प्रदेश सरकारका प्राथमिकतामा समायोजन गरी प्रभावकारी परिचालनमा चुनौती ।

# रूपान्तरणकारी रणनीति



## बचत तथा लगानी

(१) वित्तीय साक्षरता, वित्तीय सेवामा पहुँच र आयआर्जनका अवसर बढाउने

२) लगानीयोग्य वातावरण बनाउने

(३) सुशासन र संस्थागत क्षमता अभिवृद्धि गर्ने

(४) लगानीका लागि प्राथमिकताका क्षेत्र पहिचान गर्ने

## सार्वजनिक खर्च

(१) आवधिक योजनामा आधारित बजेट प्रणालीको विकास गर्ने

(२) नतिजाका आधारमा कार्यक्रम तथा आयोजनाको प्राथमिकताको निर्धारण र बजेट विनियोजन गर्ने

(३) सरकारी निकाय तथा संयन्त्रको कार्यान्वयन क्षमता अभिवृद्धि गर्ने

(४) सार्वजनिक खर्च व्यवस्थापनमा सामाजिक र वातावरणीय पक्षलाई एकीकृत गर्ने

## राजस्व परिचालन

(१) राजस्वको परिचालनसम्बन्धी नीतिगत तथा कानुनी आधार सुदृढ गर्ने

(२) राजस्व प्रशासनलाई सुदृढ तथा व्यवस्थित तुल्याउने

(३) राजस्व प्रणालीलाई खोज र अनुसन्धानमा आधारित बनाई राजस्व वृद्धि गर्ने

## आन्तरिक ऋण

(१) आन्तरिक ऋण परिचालनसम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था गर्ने

(२) सम्भाव्य तथा उच्च प्रतिफल दिने आयोजना तथा कार्यक्रमका लागि आन्तरिक ऋण परिचालन गर्ने

## वैदेशिक सहायता

(१) उच्च प्रतिफल दिने आयोजनाको लागि वैदेशिक सहायता परिचालन गर्ने

(२) प्राथमिकताका क्षेत्रमा वैदेशिक सहायता परिचालन गर्ने

# प्रमुख हस्तक्षेपकारी कार्यक्रम

## बचत तथा लगानी



### (क) लगानी प्रवर्धन कार्यक्रम:

- प्रदेश र स्थानीय तहको लगानीका क्षेत्र पहिचान;
- उद्योग, व्यापार तथा व्यवसाय प्रवर्धन;
- सङ्घीय एकाइबिच संयुक्त लगानी, सहलगानी र साझेदारीमा कार्यक्रम तथा आयोजना कार्यान्वयन;
- निजी क्षेत्रको लगानी प्रवर्धन;
- लगानी सम्मेलन आयोजना;
- लगानीका क्षेत्र तथा सम्भाव्यताको खोज, अनुसन्धान, पहिचान र विविधीकरण;
- सार्वजनिक-निजी, सार्वजनिक-सहकारी-समुदाय र गैरसरकारी क्षेत्र साझेदारी प्रवर्धन;
- बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदारको लगानी परिचालन;
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाको लगानी परिचालन।

### (ख) उद्यमशीलता तथा वित्तीय पहुँच अभिवृद्धि कार्यक्रम

- उत्पादनशील क्षेत्रमा लगानीका क्षेत्र तथा आयोजनासम्बन्धी अध्ययन तथा विश्लेषण;
- बेरोजगार युवा, महिला र पिछडिएका समूहलाई व्यावसायिक तालिम;
- व्यावसायिक सोच, उद्यमशीलता तथा सिप विकास र प्रविधि तथा वित्तीय सेवा;
- स्वच्छ प्रतिस्पर्धा र व्यावसायिक नैतिकता प्रवर्धन;
- वित्तीय सेवा विस्तार तथा प्रवर्धन।

# सार्वजनिक खर्च

## (क) संस्थागत संरचना निर्माण कार्यक्रम

- सार्वजनिक खर्च प्रणाली सुदृढीकरण;
- संस्थागत सुदृढीकरण तथा खर्च क्षमता अभिवृद्धि;
- बजेट तर्जुमा र कार्यान्वयन सम्बन्धमा क्षमता विकास।

## (ख) बजेट सूचना प्रणाली निर्माण तथा सञ्चालन कार्यक्रम

- एकीकृत बजेट व्यवस्थापन प्रणाली निर्माण तथा सञ्चालन;
- खर्च पारदर्शिता तथा जवाफदेहिता प्रवर्धन।

# राजस्व परिचालन

## (क) राजस्वसम्बन्धी संस्थागत सुदृढीकरण कार्यक्रम

- नीति तथा कानुन तर्जुमा तथा अद्यावधीकरण;
- राजस्व प्रशासन संरचना तथा संस्थागत क्षमता विकास;
- राजस्व चुहावट न्यूनीकरण कार्यक्रम;
- राजस्वका क्षेत्र पहिचान, अनुसन्धान, सुधार तथा क्षमता अभिवृद्धि कार्यक्रम;
- व्यवसाय दर्ता, डिजिटलाइजेशन तथा राजस्व प्रणालीमा आबद्धता।

## (ख) राजस्वका क्षेत्र विस्तार कार्यक्रम

- करदाता तथा सरोकारवाला सचेतना;
- कर शिक्षा कार्यक्रम;
- करमैत्री संस्कार प्रवर्धन;
- इजाजत नलिई सञ्चालनमा रहेका लघु, घरेलु, साना, उद्यम तथा व्यवसाय दर्ता तथा नवीकरण।

## (ग) पर्यटन सेवा शुल्क परिचालन कार्यक्रम

- पार्क, साहसिक तथा अन्य पर्यटकीय सेवा तथा सुविधामा आधारित राजस्व विस्तार;
- सङ्घ र स्थानीय सरकारसँग समन्वय तथा सहकार्यमा पर्यटन सेवा शुल्कको सङ्कलन र परिचालन ।

# आन्तरिक ऋण

## (क) आन्तरिक ऋण परिचालन कार्यक्रम

- प्रदेश तथा स्थानीय तहमा आन्तरिक ऋण परिचालनसम्बन्धी नीतिगत तथा संस्थागत व्यवस्था;
- ऋण परिचालनका आयोजना पहिचान, सम्भाव्यता अध्ययन, मूल्याङ्कन तथा छनौट ।

## (ख) आन्तरिक ऋण परिचालनमा सहयोग र सहजीकरण

- प्रदेशस्तरका आयोजनामा आन्तरिक ऋण परिचालन;
- स्थानीय तहमा आन्तरिक ऋण परिचालनमा सहयोग र सहजीकरण ।

# वैदेशिक सहयोग


## (क) वैदेशिक सहयोग परिचालन कार्यक्रम


- सार्वजनिक-समुदाय-गैरसरकारी क्षेत्र साझेदारी प्रवर्धन;
- विकास साझेदार संस्था सहकार्य प्र( वर्धन ।

## (ख) कार्बन व्यापार पैरवी कार्यक्रम

- कार्बन उत्सर्जन न्यूनीकरण गर्ने आयोजना विकास, दर्ता तथा सञ्चालन;
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्वयम्सेवी तथा अन्य कार्बन व्यापारमा सहभागिता तथा व्यापार र आय परिचालन;
- वातावरण संरक्षण तथा जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन कार्यक्रममा लगानी विस्तार ।


# परिमाणात्मक लक्ष्य










**कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा)**
**रू.दश लाखमा**




आन्तरिक ऋण
(प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको अनुपात)
0
0
१.९८
२.६१
२०७९/८०
यथार्थ
२०८०/८१
अनुमान
२०८३/८४
२०८५/८६
लक्ष्य


कुल बजेट खर्च
(रू. करोड)
३५९१
३३४३
३७७९
४२१७
२०७९/८०
यथार्थ
२०८०/८१
अनुमान
२०८३/८४
२०८५/८६
लक्ष्य


कुल पुँजीगत खर्च
(रू. करोड)
२२१४
२०१९
२११३
२३९६
२०७९/८०
यथार्थ
२०८०/८१
अनुमान
२०८३/८४
२०८५/८६
लक्ष्य


आन्तरिक राजस्व सङ्कलन
आन्तरिक ऋण परिचालन
वैदेशिक सहायता परिचालन (अनुदान तथा ऋण)
रु. करोड
५०९
५१७
५५७
७२६
२००
१७०
१९४
२३२
0
0
७५
११०
२०७९/८०
यथार्थ
२०८०/८१
अनुमान
२०८३/८४
२०८५/८६
लक्ष्य

# व्यावसायिक कृषि तथा आत्मनिर्भरता

# पृष्ठभूमि

१ नेपालको संविधान, अन्तर्राष्ट्रिय प्रतिबद्धता र दिगो विकास लक्ष्य अनुसार, कृषि क्षेत्रलाई प्रदेशको समुन्नतिको आधारशीलाको रूपमा विकास गर्नु आवश्यक छ।

२ कृषि तथा सहकारी क्षेत्र राज्यका तीनै तहको अधिकार क्षेत्रभित्र रहेको छ। तहगत सरकार, निजी क्षेत्र, सहकारी र गैरसरकारी क्षेत्रको सहभागिताबाट उत्पादन र उत्पादकत्व वृद्धि गर्न जरुरी छ।

३ प्रदेशको भौगोलिक र वातावरणीय विविधताको कारण कृषि तथा पशुपन्छी उत्पादनमा विविधता र विशिष्टता पाइन्छ।

४ आर्थिक वर्ष २०७९/८० मा प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको २५.४३% योगदान रहेको र ५७.६% जनसङ्ख्या कृषि क्षेत्रमा संलग्न छन्।

५ कृषि क्षेत्रले खाद्य तथा पोषण सुरक्षा, आर्थिक वृद्धि, पर्यटन प्रवर्द्धन, र जैविक विविधता संरक्षणमा योगदान पुर्याउँछ।

६ विद्यमान कृषि पर्यावरणीय विविधताको कारण विशिष्टिकृत बाली उत्पादनको सम्भावना रहेको छ। यसलाई आधुनिकिकरण, व्यावसायीकरण, यान्त्रिकीकरण र विविधीकरणमार्फत प्रतिस्पर्धी बनाउन सकिन्छ।

७ सहकारी क्षेत्रको नियमन, प्रवर्द्धन, सहकारी शिक्षा र आवश्यक क्षमता अभिवृद्धिका लागि प्रदेश सरकारबाट पहल जरुरी छ।

## विद्यमान अवस्था

### कृषि



**कृषि क्षेत्रको भूमि उपयोग**

- कुल क्षेत्रफल: ४,८७,८२३ हेक्टर
- खेतीयोग्य जमिन: ३,५१,५९७ हेक्टर (७२.०७%)
- सिँचाइ सुविधा: १९.१२% भूमिमा



**पहाडी क्षेत्रको कृषि विविधता**

- सुन्तलाजात फलफूल, नगदेबाली र कृषि-पर्यटनको विस्तार
- रैथाने बालीको संरक्षण र उपभोग

**उच्च पहाडी क्षेत्रमा स्याउ खेती**

- उत्पादनमा वृद्धि
- सडक सुविधा विस्तारले बजारीकरणमा सहजता



**नीतिगत तथा कानुनी व्यवस्था**

- अध्ययन अनुसन्धान र प्रसारबिच समन्वय
- बीउ बिजन बिरुवा गुणस्तर नियमन
- कृषि जैविक विविधता तथा प्राङ्गारीक कृषि प्रवर्द्धन




**उत्पादन सामग्रीको उपलब्धता**

- मल, बीउबिजन, उन्नत नश्लका लागि सहजीकरण
- कृषि कर्जा, बिमा, प्रविधि र पूर्वाधार विकास

**कृषिजन्य उत्पादन र प्रतिव्यक्ति वार्षिक उपलब्धता**


- खाद्यान्न → ९,४२,९७७ मे.टन (१९०.५ के.जी. प्रतिव्यक्ति)
- दलहन → २३,१७५ मे.टन (८.१५ के.जी. प्रतिव्यक्ति)
- तेलहन → ८,५२७.१५ मे.टन (१.३२ के.जी. प्रतिव्यक्ति)
- तरकारी → २,९८,५०० मे.टन (१०८.६५ के.जी. प्रतिव्यक्ति)
- फलफूल → १,२८,६८४.५ मे.टन (३४.०६ के.जी. प्रतिव्यक्ति)
- आलु → ३,४८,९९२ मे.टन (१०७.८६ के.जी. प्रतिव्यक्ति)

# पशुपन्छी तथा मत्स्यपालन



## पशुपन्छी र मत्स्यपालन व्यवसायको विकास

- स्वरोजगारको माध्यमका रूपमा विकास गर्दै व्यावसायिक, प्रतिस्पर्धी र प्रविधियुक्त उत्पादन वृद्धि गर्नेतर्फ अग्रसर



## उन्नत नश्लका पशुपन्छीको प्रोत्साहन

- उन्नत नश्लका पशुपन्छीको सङ्ख्यात्मक तथा गुणात्मक वृद्धि गर्न नश्ल सुधार कार्यक्रम
- पाडी बाच्छी हुर्काउन प्रोत्साहन कार्यक्रम सञ्चालन



## पशु स्वास्थ्य र आनुवंशिक स्रोत संरक्षण

- पशु आनुवंशिक स्रोत संरक्षण, पशु बिमा, कल्याण र पशु स्वास्थ्यसम्बन्धी कार्यक्रम



## मत्स्यपालन क्षेत्रको विकास

- तराई र तल्लो पहाडी क्षेत्रमा न्यानो पानीमा हुने मत्स्यपालनका लागि २० हेक्टरमा पोखरी निर्माण तथा विस्तार
- मध्य पहाडी र उच्च पहाडी क्षेत्रमा रेन्बो ट्राउट फार्म स्थापना

## सहकारी



### सहकारी संस्थाको संख्या र प्रकार:

**करिब ३ हजार सहकारी संस्था क्रियाशील**

प्रदेशको प्रत्यक्ष क्षेत्राधिकारमा ९४१ सहकारी संस्था:



- उत्पादक → ३०२
- उपभोक्ता → २३
- वित्तीय → ३८७
- बहुउद्देश्यीय → १९२
- सेवा → ३७



### सक्रिय सहकारी संस्थाको संख्या

- प्रदेश सरकारको समन्वय र सहकार्यमा सक्रिय सहकारी संस्था: ४७८

### शेयर पुँजी र सदस्यता



- कुल शेयर पुँजी : रु १३ अर्ब १७ करोड ३१ लाख २५ हजार
- कुल सेयर सदस्य : ६,३४,७६१
  - महिला → ५३.७३%
  - पुरुष → ४५.६८%
  - अन्य → ०.५९%



### आर्थिक वर्ष २०७९/८० मा प्राप्त आयकर

- आयकर: रु १२ करोड ५३ लाख ३१ हजार ६४७

# मुख्य सवाल र चुनौती

कृषि

## १. उत्पादन तथा उत्पादकत्व वृद्धि

- कृषक वर्गको भूमिमा पहुँच कम हुनु।
- मल, उन्नत बीउ, प्रविधि, सिँचाइ, विद्युत्र कृषि प्राविधिक सेवा दिगो र सर्वसुलभ रूपमा उपलब्ध गराउनु।
- कृषि भूमिको संरक्षण तथा उपयोग।
- बाँझो जमिनको उपयोग।
- बाँदर तथा वन्यजन्तुबाट हुने हानी नोक्सानी न्यूनीकरण।

## २. कृषि उत्पादनको व्यावसायीकरण

- न्यूनतम समर्थन मूल्यको प्रभावकारी कार्यान्वयन।
- उत्पादनमा आधारित अनुदान तथा सहुलियत।
- ढुवानी, भण्डारण, प्रसोधन र बजारीकरणका लागि आवश्यक पूर्वाधारको विकास।
- आधुनिक कृषिजन्य आगतको उपलब्धता।
- प्रभावकारी कृषि बिमा र सुलभ ब्याजदरमा कृषि ऋणको सहज पहुँच

## ३. कृषिलाई सम्मानित तथा आकर्षक क्षेत्रको रूपमा विकास

- युवा वर्गको वैदेशिक रोजगारीमा आकर्षण र कृषि क्षेत्रमा जनशक्तिको कमी।
- दक्ष तथा शिक्षित युवा आकर्षणमा कमी।
- कृषक वर्गको हक अधिकार तथा पेशागत सुरक्षा सुनिश्चितता।

## ४. रैथानेबाली तथा कृषि जैविक विविधताको संरक्षण

- पौष्टिक तत्वयुक्त रैथाने बालीको संरक्षण।
- कृषि जैविक विविधताको संरक्षण, संवर्द्धन र सदुपयोग।

## ५. जलवायु उत्थानशील कृषिको विकास


- जलवायु परिवर्तनका सम्भाव्य असरको न्यूनीकरण।
- अनुकूलित कृषि प्रणालीको विकास।

## मुख्य सवाल र चुनौती

### दुग्ध तथा मासुजन्य उत्पादन वृद्धि

- प्राविधिक सेवाको उपलब्धता र पहुँच वृद्धि।
- गुणस्तरीय उत्पादन सामग्रीको उपलब्धता।
- पशुपन्छी तथा मत्स्य स्रोत केन्द्रको स्थापना र सुदृढीकरण।
- घाँसमा आधारित पशुपालनको प्रवर्द्धन।

१



पशुपन्छी तथा मत्स्यपालन

२

### पशुपन्छीमा आधारित व्यवसायलाई प्रतिस्पर्धी र दिगो तुल्याउनु

- निजी क्षेत्रको लगानी वृद्धि।
- यान्त्रिकीकरण प्रवर्द्धन।
- बिमा तथा सुलभ कर्जाको विस्तार।
- प्राकृतिक ताल-तलैयामा मत्स्यपालन पद्धतिको सुधार तथा विस्तार।

३

### पशुपालन क्षेत्रमा महामारीजन्य रोग तथा जलवायुजन्य जोखिम न्यूनीकरण

- महामारीजन्य तथा जुनोटिक रोगको प्रकोप नियन्त्रण।
- जलवायु परिवर्तनका कारण देखापर्ने रोगको रोकथाम।
- जलवायु उत्थानशील पशुपन्छी तथा मत्स्यपालन पद्धतिको विकास।

४

### पशुपन्छीजन्य व्यवसायको विस्तार

- युवा वर्गलाई पशुपालन व्यवसायमा आकर्षण।
- पशुजन्य उत्पादनको गुणस्तर कायम गरी मूल्य शृङ्खलासँग जोड्दै बजारीकरणका समस्या समाधान।
- निश्चित क्षेत्रमा पशु फार्म सञ्चालन गर्न नीति बनाउनु।

५

### विशिष्टीकृत भेटेरिनरी सेवाप्रवाह

- प्राविधिक सेवा प्राप्तिका लागि सार्वजनिक निकायमा निर्भरता कम गर्नु।
- भेटेरिनरी अस्पताल र प्रयोगशाला सेवाको सुदृढीकरण।
- प्राविधिक दक्षता अभिवृद्धि।
- कृषकको भेटेरिनरी सेवामा पहुँच वृद्धि।

# मुख्य सवाल र चुनौती



## खाद्य सुरक्षा

### १ खाद्य सुरक्षा जोखिम क्षेत्र र समुदाय पहिचान

- खाद्य तथा पोषण असुरक्षित क्षेत्र, समुदाय, घरपरिवार र व्यक्ति पहिचान गरी स्वच्छ, गुणस्तरीय र पोषणयुक्त खाद्य वस्तुको उपलब्धता र उपभोग सुनिश्चितता।

### २ खाद्य सुरक्षा तथा स्वच्छताको सुनिश्चितता

- खाद्य सुरक्षा एवम् स्वच्छतासम्बन्धी नीतिगत तथा कानुनी व्यवस्थाको पूर्ण कार्यान्वयन।
- खाद्य वस्तुको नियमित अनुगमन र नियमन।
- खाद्य सुरक्षा सञ्जालको विकास र व्यवस्थित प्रणाली स्थापना।



## भूमि व्यवस्था

### १ भूमिको वैज्ञानिक व्यवस्थापन

- जमिन बाँझो राख्ने प्रवृत्ति र भूमि खण्डीकरणको रोकथाम।
- कृषि भूमिको गैरकृषिजन्य प्रयोगलाई निरुत्साहन।
- भूमि बैंकको स्थापना।
- अव्यवस्थित बसोबास र अनियन्त्रित सहरीकरणको रोकथाम।
- भू-उपयोग योजना तर्जुमा र कार्यान्वयन।

### २ भूमि प्रशासन सेवालाई आधुनिकीकरण र सरलीकरण

- आधुनिक प्रविधिको प्रयोग, स्तरीय नापनक्सा, भू-सूचना प्रणालीसँग आबद्ध गराई भूमि प्रशासन सेवालाई सरल र सूचना प्रविधिमैत्री बनाउनु।

## मुख्य सवाल र चुनौती

सहकारी

### १ उत्पादनशील एवम् व्यावसायिक क्षेत्रमा सहभागिता बढाउनु

- संस्थागत एवम् वित्तीय अनुशासन, स्वावलम्बन र पारस्परिकता विकास।
- सदस्यको नियमित कारोबार र सक्रिय सहभागिता सुनिश्चितता।
- उत्पादन तथा श्रम सहकारीको प्रवर्द्धन।
- सहकारी क्षेत्रको लगानीलाई उत्पादनशील क्षेत्रमा परिचालन।

### २ सहकारी क्षेत्रप्रति आम नागरिकको विश्वास अभिवृद्धि

- सङ्कटग्रस्त सहकारीको समस्या निराकरण।
- बचतकर्ताको बचत सुरक्षित तुल्याउने।
- नागरिकको विश्वास अभिवृद्धि र संकलित पुँजीको परिचालन।

### ३ सहकारी नियमनलाई प्रभावकारी गराउनु

- सहकारीसम्बन्धी सचेतना तथा सहकारी शिक्षाको विस्तार।
- सहकारीताका सिद्धान्त तथा मर्मअनुसार सहकारी सञ्चालनको सुनिश्चितता।
- प्रभावकारी तथा नियमित स्वनियमन र नियमनको सुदृढीकरण।

# रूपान्तरणकारी रणनीति

## कृषि

(१) कृषि उपजको उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्ने
(२) बाली सघनता वृद्धि गर्ने
(३) बाली वस्तुको व्यावसायीकरण र निर्यात प्रवर्द्धन गर्ने
(४) रैथानेबाली तथा कृषि जैविक विविधताको संरक्षण गर्ने
(५) कृषकको पहिचान, सूचीकरण तथा वर्गीकरण गर्ने
(६) कृषि सामग्री, बिमा र कर्जामा कृषकको पहुँच बढाउने
(७) नवप्रवर्तनमा आधारित कृषि उद्यमशीलताको विकास गर्ने
(८) जलवायु उत्थानशील कृषि प्रणालीको प्रवर्द्धन गर्ने

## पशुपन्छी तथा मत्स्यपालन

(१) पशुपन्छी तथा मत्स्य उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने
(२) पशुपन्छी तथा मत्स्यपालन क्षेत्रमा व्यावसायिकता विकास गर्ने
(३) पशुपन्छी तथा मत्स्य क्षेत्रमा युवा उद्यमशीलता विकास गर्ने
(४) भेटेरिनरी सेवाको सुदृढीकरण एवम् पशु रोगको नियन्त्रण तथा रोकथाम गर्ने
(५) पशुपन्छीजन्य उत्पादनको गुणस्तर सुधार एवम् बजार विस्तार गर्ने
(६) पशुपालन क्षेत्रमा जलवायुजन्य जोखिम न्यूनीकरण गर्नु

## खाद्य सुरक्षा

(१) खाद्य असुरिक्षत क्षेत्र तथा समुदाय पहिचान गर्ने
(२) खाद्यवस्तुको सञ्चय र वितरण प्रणालीलाई व्यवस्थित गरी खाद्य उपलब्धता बढाउने
(३) स्थानीय उपजमा आधारित खाद्य सुरक्षा तथा खाद्य स्वच्छता प्रवर्द्धन गर्ने

## भूमि व्यवस्था

(१) भूमिको वैज्ञानिक व्यवस्थापन गर्ने
(२) भू-सूचना प्रणालीको विकास गर्ने

## सहकारी

(१) सहकारी क्षेत्रलाई उत्पादनशील तथा रोजगारी सिर्जना गर्ने क्षेत्रमा परिचालन गर्ने
(२) सहकारी प्रतिको जनविश्वास अभिवृद्धि गर्ने
(३) सहकारीसम्बन्धी सचेतना अभिवृद्धि गर्ने
(४) सहकारी सङ्घ संस्थाको क्षमता अभिवृद्धि गर्ने

# प्रमुख हस्तक्षेपकारी कार्यक्रम

## कृषि

### (क) नीतिगत तथा संस्थागत सुधार कार्यक्रम

- प्रादेशिक कृषि विकास नीति, कानुन तथा योजना तर्जुमा एवम् परिमार्जन;
- कृषि अनुसन्धान, कृषि शिक्षा र कृषि प्रसार विशेष संयन्त्र विकास तथा लक्षित कार्यक्रम;
- कृषि प्राविधिक एवम् कृषि उद्यमी क्षमता अभिवृद्धि कार्यक्रम;
- कृषि सूचना प्रणाली सवलीकरण तथा व्यवस्थापन;
- प्रयोगशाला, तालिम केन्द्र, स्रोत केन्द्र तथा नियमन एकाईको संस्थागत सबलीकरण;
- कृषि तथा पशुपन्छी तथ्याङ्क प्रणाली विकास तथा व्यवस्थापन कार्यक्रम;
- मौजुदा निकायको सङ्गठन संरचना तथा जनशक्ति र कार्यविवरण पुनरावलोकन।

### (ख) कृषि उद्यम प्रवर्द्धन कार्यक्रम

- कालीगण्डकी वेसिन कृषि व्यावसायिकरण आयोजना;
- निर्यातयोग्य बाली उत्पादन प्रवर्द्धन;
- कृषिमा आधारित उद्योग स्थापना तथा सञ्चालन कार्यक्रम;
- लैङ्गिक, समावेशी तथा युवा लक्षित कृषि उद्यमशीलता विकास कार्यक्रम;
- करार खेती प्रवर्द्धन;
- कृषि उत्पादन पकेट तथा ब्लक विकास कार्यक्रम;
- विशेष बालीको न्यूनतम समर्थन मूल्य निर्धारण तथा कार्यान्वयन;
- बिमा शुल्क तथा कृषि कर्जामा ब्याज अनुदान कार्यक्रम।

### (घ) बजार प्रवर्द्धन कार्यक्रम:

- मूल्यशृङ्खलामा आधारित बजार प्रवर्द्धन कार्यक्रम;
- कृषिजन्य उत्पादनमा आधारित उद्योग तथा प्रशोधन केन्द्र स्थापना;
- बजार सूचना प्रणाली विकास;
- बजार पूर्वाधार विकास कार्यक्रम;
- बजार करार प्रवर्द्धन कार्यक्रम;
- सङ्कलन तथा प्रसोधन केन्द्र स्थापना तथा सञ्चालन;
- कोल्ड स्टोर तथा कोल्ड रूमको स्थापना, स्तरोन्नति तथा बजारसँगको अन्तरसम्बन्ध विकास;
- उत्पादनोपरान्त क्षती न्यूनीकरण कार्यक्रम।


## (ग) कृषिको उत्पादन र उत्पादकत्व अभिवृद्धि कार्यक्रम:

- बीउ बैंक स्थापना र बीजवृद्धि तथा बीउ आत्मनिर्भर कार्यक्रम;
- प्रतिस्पर्धी तथा तुलनात्मक लाभ भएका उच्च मूल्य बाली उत्पादन प्रवर्द्धन;
- कृषि यान्त्रिकीकरण प्रवर्द्धन;
- प्राथमिकता प्राप्त बालीमा स्मार्ट प्रविधियुक्त उत्पादन प्रवर्द्धन;
- माटोको गुणस्तर सुधार तथा अभियानमूलक कृषि चुन, मल तथा अन्य कृषि सामग्री वितरण;
- ओखर तथा सुन्तला प्रजातिका बालीको बृहत तथा विशिष्टकृत क्षेत्र विस्तार तथा सुदृढीकरण;
- समस्याग्रस्त सुन्तलाजात फलफूल बगैचा सुदृढीकरण तथा पुर्नस्थापना कार्यक्रम;
- उदीयमान फलफूल तथा बाली (New & Emerging Crops) प्रविधि प्रसार र क्षमता अभिवृद्धि कार्यक्रम;
- बाली स्वास्थ्य सुदृढीकरण कार्यक्रम;
- कृषि उत्पादन सामग्री नियमन कार्यक्रम;
- खेतीयोग्य बाँझो जमिन सदुपयोग प्रोत्साहन कार्यक्रम;
- नवलपुर एकीकृत कृषि विकास आयोजना;
- दरौंदी तथा चेपे करिडोर कृषि विकास आयोजना;
- उत्पादन तथा प्रतिफलमा आधारित प्रोत्साहन सहयोग कार्यक्रम;
- कृषि तथा सिँचाइ एकीकृत रणनीतिक योजना तर्जुमा;
- लोकमार्ग केन्द्रित कृषि उत्पादन तथा प्रवर्द्धन कार्यक्रम ।

## (च) जलवायुमैत्री कृषि प्रवर्द्धन कार्यक्रम

- सम्भावनायुक्त क्षेत्र तथा बालीमा प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम;
- जलवायु उत्थानशील कृषि प्रणाली विकास तथा प्रवर्द्धन कार्यक्रम;
- स्थानीय तथा रैथाने बालीको संरक्षण तथा प्रवर्द्धन कार्यक्रम;
- विद्यालय दिवा खाजा कार्यक्रममा रैथाने बालीको प्रयोग प्रवर्द्धन कार्यक्रम;
- पर्यावरणीय सेवा मूल्याङ्कन तथा जनचेतना कार्यक्रम;
- कृषि मौसम सूचना तथा सल्लाहमा कृषक पहुँच विस्तार;
- कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम;
- असल कृषि अभ्यास प्रवर्द्धन कार्यक्रम;
- एकीकृत शत्रुजीव तथा माटो व्यवस्थापन कार्यक्रम;
- जैविक विषादी प्रवर्द्धन कार्यक्रम ।

# पशुपन्छी तथा मत्स्य विकास



## (क) पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम

- पशु आहारा प्रवर्द्धन;
- बाँझो जग्गामा घाँस खेती प्रवर्द्धन;
- पशु नश्ल सुधार कार्यक्रम;
- जलवायुमैत्री पशुपालन अभ्यास प्रवर्द्धन;
- व्यावसायिक फार्म स्थापना;
- खर्क सुधार तथा घाँस खेती प्रवर्द्धन;
- पशु उत्पादन पकेट तथा ब्लक विकास;
- पशुपन्छी तथा मत्स्य नश्ल सुधार कार्यक्रम;
- नयाँ जात तथा प्रविधिमा आधारित मत्स्यपालन;
- यान्त्रिकीकरण, उत्पादनमा आधारित प्रोत्साहन;
- तालिम तथा स्रोत केन्द्र सुदृढीकरण;
- उत्पादन तथा प्रतिफलमा आधारित प्रोत्साहन कार्यक्रम।

## (ख) व्यावसायिकता विकास कार्यक्रम

- उत्पादनमा आधारित अनुदान कार्यक्रम;
- पशु बिमा कार्यक्रम विस्तार;
- नवीन प्रविधि विकास तथा विस्तार;
- गोठदेखि ओठसम्म स्वच्छ र स्वस्थ दूध प्रवर्द्धन कार्यक्रम;
- बधस्थलदेखि भान्छासम्म स्वच्छ र स्वस्थ मासु प्रवर्द्धन कार्यक्रम;
- आनुवंशिक स्रोत संरक्षण, संवर्द्धन तथा दिगो उपयोग;
- याकपालन प्रवर्द्धन कार्यक्रम;
- युवा लक्षित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम;
- पशुपन्छी तथा मत्स्य क्षेत्रको तथ्याङ्क व्यवस्थापन तथा डिजिटलाइजेशन;
- मध्यपहाडी लोकमार्ग केन्द्रित पशुपन्छीजन्य उत्पादन प्रवर्द्धन कार्यक्रम;
- कार्यात्मक अनुसन्धान।

## (ग) गुणस्तर सुधार तथा बजार प्रवर्द्धन कार्यक्रम

- पशुजन्य पदार्थ तथा उत्पादन सामग्रीको गुणस्तर नियमन;
- मूल्यशृङ्खलामा आधारित पशुजन्य उद्योग तथा प्रशोधन केन्द्र स्थापना;
- मूल्यशृङ्खला तथा बजार सूचना प्रणाली विकास;
- बजार पूर्वाधार विकास तथा बजारीकरण प्रवर्द्धन कार्यक्रम;
- करार उत्पादन प्रवर्द्धन;
- असल पशुपालन अभ्यास प्रवर्द्धन कार्यक्रम;
- पशु कल्याण प्रवर्द्धन कार्यक्रम;
- कृषक जनचेतना तथा क्षमता विकास ।

## (घ) पशु स्वास्थ सेवा विस्तार कार्यक्रम

- भेटेरिनरी अस्पताल सुदृढीकरण र सेवा विशिष्टीकरण;
- सङ्गठन संरचना तथा जनशक्ति पुनरावलोकन र मानव संसाधन विकास कार्यक्रम;
- पशुपन्छी तथा मत्स्य रोग निदान तथा नियन्त्रण;
- पशुपन्छी रोग निदानका लागि प्रयोगशाला स्थापना तथा सुदृढीकरण;
- उपचार सेवा, प्रयोगशाला सेवा तथा पूर्ण खोप कार्यक्रम;
- जैविक सुरक्षा प्रवर्द्धन कार्यक्रम;
- जुनोटिक रोग नियन्त्रण कार्यक्रम ।

# खाद्य सुरक्षा

## क. खाद्य असुरक्षित क्षेत्र तथा समुदाय पहिचान कार्यक्रम

- प्रादेशिक खाद्य सुरक्षासम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था;
- खाद्य असुरक्षित क्षेत्र, समुदाय, घरपरिवार र व्यक्ति पहिचान तथा अभिलेखीकरण ।

## ख. समुदाय लक्षित खाद्य सुरक्षा कार्यक्रम

- ग्रामीण पोषण सुरक्षा कार्यक्रम;
- स्थानीय तथा रैथाने बाली प्रवर्द्धन कार्यक्रम;
- कृषि तथा पशुपन्छी विकास कार्यक्रम;
- गोठदेखि ओठसम्म स्वच्छ दूध र बधशालादेखि भान्सासम्म स्वच्छ तथा स्वस्थ मासु कार्यक्रम;
- खाद्य सुरक्षा सञ्जालको निर्माण तथा परिचालन कार्यक्रम;
- खाद्य बैंक स्थापना तथा सञ्चालन कार्यक्रम ।

# भूमि व्यवस्था

## (क) भूमिको वैज्ञानिक व्यवस्थापन

- जमिन बाँझो राख्ने प्रवृत्ति र भूमिको खण्डीकरण रोकथाम ।
- कृषि भूमिको गैरकृषिजन्य प्रयोगलाई निरुत्साहित ।
- भूमि बैंकको स्थापना ।
- अव्यवस्थित बसोबास र अनियन्त्रित सहरीकरणको रोकथाम ।
- भू-उपयोग योजना तर्जुमा र कार्यान्वयन ।

## (ख) भूमि प्रशासन सूचना प्रणाली तथा सेवा सरलीकरण कार्यक्रम

- भू-सूचना प्रणालीको स्थापना र सञ्चालन;
- भूमि प्रशासन संस्थागत सुदृढीकरण;
- मानव संसाधन तथा क्षमता विकास कार्यक्रम ।

# सहकारी

## (क) नीतिगत, कानुनी तथा संस्थागत सुदृढीकरण

- नीतिगत, कानुनी तथा सहकारी क्षेत्र व्यवस्थापकीय सुधार;
- समस्याग्रस्त सहकारी सुधार र बचत सुरक्षा सहयोग तथा सहजीकरण;
- सहकारी अनुगमन तथा मूल्याङ्कन र नियमन;
- COPOMIS को प्रयोग विस्तार ।

## (ख) उत्पादनमूलक सहकारी प्रवर्द्धन

- नमुना सहकारी कार्यक्रम;
- सहकारी खेती प्रोत्साहन;
- सहकारी बजार प्रवर्द्धन;
- सहकारी उत्पादन, प्रशोधन र बजारीकरण कार्यक्रम ।


## (ग) सहकारी संघ संस्थाको क्षमता अभिवृद्धि

- सहकारी शिक्षा तथा तालिम;
- सफल अभ्यास तथा अनुभव आदानप्रदान;
- नवप्रवर्तन, उद्यमशीलता एवम् उत्पादनका लागि सहकारी प्रोत्साहन ।


# परिमाणात्मक लक्ष्य

## कृषि


कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान





प्रति वर्ष प्रति व्यक्ति खाद्यान्न उत्पादन (के.जी.)




कृषिको बजेट (प्रदेशको कुल बजेटको)





बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध खेतीयोग्य जमिन






## पशुपन्छी तथा मत्स्यपालन

पशुपन्छी क्षेत्रमा सिर्जित रोजगारी सङ्ख्या (हजारमा)





अण्डा उत्पादन (गोटा) (लाखमा)








## मत्स्य उत्पादन (मे.टन)




## खाद्य सुरक्षा




# भूमि व्यवस्थापन





# सहकारी

**सहकारी क्षेत्रबाट संकलित राजस्व रकम (हजार)**




**सहकारी क्षेत्रमा रोजगारी (संख्या)**



# दिगो वन व्यवस्थापन, जैविक विविधता तथा जलाधार संरक्षण

# पृष्ठभूमि

१
प्रदेशमा समुद्र सतहको करिब १०० मिटरदेखि ८,१६७ मिटरसम्मको उपोष्ण जलवायुदेखि हिमालवारी तथा पारीको पृथक जलवायुमा आधारित जैविक विविधताको उत्कृष्ट संयोजन रहेको छ।

२
नेपालमा पाइने सम्पूर्ण प्रकारका पारिस्थितिकीय प्रणाली प्रदेशभित्र रहेको छ।

३
प्रदेशको कुल भूभागको ३७.८ % क्षेत्र वनजङ्गलले ओगटेको छ।

४
वनक्षेत्रको दिगो व्यवस्थापनमार्फत वातावरणीय लाभ लिँदै काष्ठजन्य पैदावारमा प्रदेशलाई आत्मनिर्भर बनाउन सकिने सम्भावना रहेको छ।

५
जमिनको उत्पादन र उत्पादकत्व अभिवृद्धि, खाद्य सुरक्षा, समुदायको जीविकोपार्जन, मानव जिउधन र भौतिक संरचनाको संरक्षणका लागि जलाधार क्षेत्रको उचित व्यवस्थापन हुन जरुरी छ।


# विद्यमान अवस्था

## दिगो वन व्यवस्थापन



### सामुदायिक वन व्यवस्थापन

- ३,८४० सामुदायिक वन समूहमा २,७२,१८८ हेक्टर वनक्षेत्र हस्तान्तरण
- ३३% वनक्षेत्र सामुदायिक वन प्रणाली अन्तर्गत व्यवस्थापन



### वन क्षेत्रको व्यवस्थापन तथा उपयोग

- ८ जिल्लाका ११९ वनमा २३,१७३ हेक्टर वन संवर्द्धन प्रणाली लागु
- काठको आयात घटाउन र रोजगारी सिर्जना गर्दै अर्थतन्त्रमा योगदान पुर्‍याउन अग्रसर



### आयुर्वेदिक जडीबुटी

- २६० भन्दा बढी प्रजातिका जडीबुटी, प्राथमिकमा तेजपात, चिराइतो, यार्सागुम्बा उत्पादन
- संरक्षण, व्यावसायिक उत्पादन र निर्यातद्वारा वातावरणीय र आर्थिक लाभ




### अर्थतन्त्रमा योगदान

- वन उत्पादकत्व वृद्धि र जडीबुटीको व्यवसायिकरणद्वारा स्थानीय र राष्ट्रिय अर्थतन्त्रमा योगदान

### अन्य प्रकारका वन

- कबुलियती → १,१३३ (५,३७६ हेक्टर)
- धार्मिक → ३८ (३५६ हेक्टर)
- निजी → ४१२ (२१८ हेक्टर)
- साझेदारी → १ (५८६ हेक्टर)

# जैविक विविधता संरक्षण



## संरक्षित क्षेत्र

- चितवन राष्ट्रिय निकुञ्ज, ढोरपाटन शिकार आरक्ष, अन्नपूर्ण र मनास्लु संरक्षण क्षेत्र गरी कुल १०,०३९.५ वर्ग कि.मि. संरक्षित क्षेत्र
- नेपालका कुल संरक्षित क्षेत्रको २९.१७% र गण्डकी प्रदेशको कुल क्षेत्रफलको ४५.६८% ओगटेको



## विशेष संरक्षण क्षेत्र तथा उद्यान

- पञ्चासे वन संरक्षण क्षेत्र (५,७७६ हेक्टर) कास्की, स्याङ्जा, र पर्वत जिल्लाको सङ्गममा अवस्थित
- भानुभक्त प्राणी उद्यान (तनहुँ) र पचभैया प्राणी उद्धार केन्द्र (कास्की) समुदायको सहभागितामा स्थापित




## जैविक विविधताको संरक्षण र प्रवर्द्धन

- जैविक विविधताको समुदायमा आधारित संरक्षण र व्यवस्थापन, पर्यापर्यटन प्रवर्द्धन, र स्थानीय जीवनस्तर सुधार
- जैविक विविधता संरक्षणका लागि नीति, ऐन र सांगठनिक संरचना तयार भएको




## आर्थिक योगदान र रोजगारी सिर्जना

- जैविक विविधताको दिगो उपयोग र व्यवस्थापनमार्फत रोजगारीका अवसर सिर्जना गरी प्रदेशको आर्थिक वृद्धिमा योगदान



## विकास र वातावरण बिच सन्तुलन

- विकास र वातावरणको सन्तुलन कायम गर्दै समुन्नत प्रदेशको निर्माणका लागि व्यवस्थित योजना, बजेट, र कार्यक्रमको खाका तयार पार्न आवश्यक

## जलाधार व्यवस्थापन




### भूक्षय र बाढी-पहिरोको खतरा

- गण्डकी प्रदेशको अधिकांश भूभाग भिरालो र कमजोर भएकाले भूक्षय, बाढी र पहिरोले ठूलो जनधनको क्षति
- जलउत्पन्न प्रकोपबाट जनजीवन र कृषि क्षेत्रलाई प्रत्यक्ष असर



### ठूला नदी र जलाधार क्षेत्र

- गण्डकी बेसिनमा त्रिशुली, बुढीगण्डकी, कालीगण्डकी जस्ता हिमालबाट उत्पत्ति भएका ११ नदीहरू
- नदीको उच्च बहाव र आपूर्तीले अधिक उपयोगिता



### साना नदी र उपजलाधार

- कुल ३६८ साना नदी तथा उपजलाधार क्षेत्र
- जलश्रोत व्यवस्थापन तथा जलाधार संरक्षणमा अग्रसरता



### ताल तथा हिमताल


- उच्चस्थानमा रहेको तिलिचो ताल र पोखराका सात ताल सहित हिमतालहरू
- तालहरूको आर्थिक तथा पर्यावरणीय महत्त्व



### जलाधार व्यवस्थापनका प्रयास

- जलाधार क्षेत्रको संरक्षण र दिगो व्यवस्थापनका लागि विभिन्न कार्यक्रम विगतदेखि सञ्चालन
- यसका माध्यमबाट जल स्रोतको संरक्षण र विकासका लागि दिगो उपायहरू अवलम्बन

# मुख्य सवाल र चुनौती



## दिगो वन व्यवस्थापन

## १ दिगो व्यवस्थापन

- तीन तहका सरकार, समुदाय, र निजी क्षेत्रबिच प्रभावकारी सहकार्यको कमी।
- नयाँ अतिक्रमण रोक्न र पुराना अतिक्रमण हटाउन चुनौती।
- उपयुक्त संयन्त्रको कमी।
- वन उपभोक्ता समूहमा स्रोत तथा क्षमताको कमी।
- वन, वनस्पति तथा जैविक विविधताको पूर्ण क्षमतामा सदुपयोग गर्न कठिनाइ।

## २ वन स्रोतलाई दिगो जीवनस्तर सुधारको माध्यम बनाउनु

- वन संरक्षणसँगै जीविका सुधारका लागि आवश्यक नीतिको कमी।
- निजी क्षेत्रमा बाँझो जमिन र वनलाई बहुउपयोगी वनमा रूपान्तरणको कमी।
- वनबाट उत्पादित वस्तु र सेवाको लाभ वितरणमा असमानता।
- काष्ठ तथा गैरकाष्ठ उत्पादनबाट आत्मनिर्भरता र निर्यात प्रवर्द्धनको कमी।

## ३ गैह्रकाष्ठ वन पैदावार तथा जडीबुटीको व्यवस्थापन

- जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको परम्परागत व्यवस्थापन।
- जडीबुटी खेतीमा अनुसन्धानको अभाव र व्यवस्थापनमा कमी।
- आर्थिक महत्त्वका जडीबुटीको व्यावसायिक खेती, प्रशोधन, र बजारीकरणमा समस्या।
- प्राकृतिक जडीबुटीको अनियन्त्रित रूपमा हुने सङ्कलनलाई नियन्त्रण गर्न कठिनाइ।

# मुख्य सवाल र चुनौती

# जैविक विविधता संरक्षण

१

## जैविक विविधतासम्बन्धी अध्ययन

- जैविक विविधता, विशेष गरी आनुवंशिक, पारिस्थितिकीय, र प्रजातिगत विविधताको अध्ययनमा वैज्ञानिक अनुसन्धानको कमी।
- जीव र वनस्पति सम्बन्धी तथ्याङ्क सङ्कलन, अभिलेखीकरण र अद्यावधिक गर्न चुनौतीपूर्ण।
- जैविक विविधताको संरक्षणका लागि प्रभावकारी उपायहरूको पहिचान र कार्यान्वयनमा कमी।

२

## जैविक विविधताको संरक्षण र व्यवस्थापन

- वनक्षेत्रको अतिक्रमण, वन डढेलो, र बासस्थान खण्डीकरणका कारण जैविक विविधतामा ह्रास।
- मानव वन्यजन्तु द्वन्द्वका घटनामा वृद्धि।
- अवैध वन्यजन्तु व्यापार नियन्त्रण र बाह्य मिचाहा प्रजातिहरूको व्यवस्थापन चुनौतीपूर्ण।

३

## जैविक विविधताको संरक्षणसँगै आर्थिक अवसरमा वृद्धि

- जैविक विविधताको संरक्षणसँगै आर्थिक लाभ हासिल गर्ने व्यवस्थित अभ्यासको कमी।
- जैविक विविधतामा आएको ह्रासले जीविका, उत्पादन, रोजगारी र आयका अवसरहरूमा कमी।
- जैविक विविधताको दिगो संरक्षणलाई पर्यटन, कृषि, र उद्योगसँग जोड्दै समुदायको जीवनस्तरमा सुधार गर्नु चुनौतीपूर्ण।

# मुख्य सवाल र चुनौती

## जलाधार व्यवस्थापन

### १ जलाधारको एकीकृत व्यवस्थापन

- वार्षिक ८० % वर्षा मनसुन समयमा हुने गर्दछ, जसले भूक्षय र बाढीको जोखिममा वृद्धि।
- कमलो र भिरालो भूबनोट र अव्यवस्थित पूर्वाधार निर्माणले जलाधार क्षेत्रमा क्षति।
- जलाधारका स्रोतहरूको समुचित व्यवस्थापन हुन नसक्दा भूमिको उत्पादकत्वमा कमी।
- जलाधार क्षेत्रको संरक्षण र व्यवस्थापनका लागि एकीकृत र सहभागितामूलक योजना तर्जुमाको कमी।

### २ भूक्षय, पहिरो, बाढी र जलवायु परिवर्तनका असर न्यूनीकरण

- अति भिरालो जमिनमा शून्य खनजोतको कृषि अभ्यास नहुनाले भूक्षयको जोखिममा वृद्धि।
- खानेपानी, सडक र अन्य संरचना निर्माण गर्दा स्थानीय सरकारको ध्यान जलाधार व्यवस्थापनमा नपुग्नु।
- भू तथा जलाधार संरक्षणका लागि निर्माण गरिएको ऐनको समयसापेक्ष परिमार्जन र कार्यान्वयनमा कमी।
- स्थानीय अनुकूलन योजनाको तयारी र कार्यान्वयन गरी जलवायु परिवर्तनका नकारात्मक असर न्यूनीकरण गर्नु चुनौतीपूर्ण।

### ३ सिमसार क्षेत्रको संरक्षण, संवर्द्धन र व्यवस्थापन

- माथिल्लो तटिय क्षेत्रको उचित संरक्षण नहुँदा तल्लोतटीय क्षेत्रमा नकारात्मक प्रभाव वृद्धि।
- चुरे क्षेत्रको कमजोर भूगर्भ र अव्यवस्थित दोहनले भावर र तराई क्षेत्रमा जोखिम वृद्धि।
- सिमसार क्षेत्रको बढ्दो अतिक्रमण, प्रदूषण र मिचाहा प्रजातिबाट हुने क्षति न्यूनीकरण गर्न चुनौतीपूर्ण।
- सिमसारजन्य स्रोतको दिगो उपयोग र त्यसबाट प्राप्त हुने लाभको समन्यायिक बाँडफाँट सुनिश्चित चुनौतीपूर्ण।

# रूपान्तरणका रणनीति



## १ दिगो वन व्यवस्थापन

(१) दिगो वन व्यवस्थापनमार्फत वन क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने

(२) प्रदेशलाई वन पैदावारमा आत्मनिर्भर बनाइ निर्यात प्रवर्द्धन गर्ने

(३) वन क्षेत्रलाई जीविका सुधारको भरपर्दो माध्यमका रूपमा रूपान्तरण गर्ने

(४) जडीबुटीको व्यवस्थापन र सदुपयोग अभिवृद्धि गर्ने

## २ जैविक विविधता संरक्षण

(१) जैविक विविधताको संरक्षण र दिगो उपयोग गर्ने

(२) वन्यजन्तुको चोरी शिकार एवम् गैरकानुनी व्यापारलाई नियन्त्रण र नियमन गर्ने

(३) मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्ने उपायको अवलम्बन गर्ने

(४) वन्यजन्तुका प्राकृतिक बासस्थान र पर्यावरणको संरक्षण एवम् संवर्द्धन गर्ने

## ३ जलाधार व्यवस्थापन

(१) नदी प्रणालीमा आधारित एकीकृत जलाधार व्यवस्थापन गर्ने

(२) जलीय स्वच्छता, उपलब्धता र उपयोगलाई दिगो तथा व्यवस्थित तुल्याउने

(३) जलाधार व्यवस्थापनमा तहगत सरकार, समुदाय, निजी क्षेत्र र विकास साझेदारबिच साझेदारी तथा सहकार्यलाई प्रभावकारी गराउने

# प्रमुख हस्तक्षेपकारी कार्यक्रम

## दिगो वन व्यवस्थापन

### (क) वन संरक्षण तथा दिगो व्यवस्थापन कार्यक्रम

- नीति, कानुन, कार्यविधि तथा निर्देशिका तर्जुमा तथा परिमार्जन;
- वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण;
- नर्सरी निर्माण, विरुवा उत्पादन तथा वितरण;
- वृक्षारोपण तथा संरक्षण र ढलापडा रुखको व्यवस्थापन;
- दिगो वन व्यवस्थापन गरी काठ दाउरा उत्पादन;
- नरम काठ र जडिबुटीको व्यावसायिक खेती, उत्पादन तथा प्रसोधन;
- निजी, सहरी तथा कृषि वन प्रवर्द्धन;
- गरिबी न्यूनीकरणका लागि कबुलियती वनको प्रभावकारी व्यवस्थापन;
- वन संरक्षण क्षेत्र व्यवस्थापन सहयोग;
- समुदायमा आधारित वन कार्ययोजना तयारी तथा पुनरावलोकन ।

### (ख) अध्ययन, अनुसन्धान तथा क्षमता अभिवृद्धि कार्यक्रम

- समुदायमा आधारित वन व्यवस्थापनका लागि प्राविधिक सहयोग;
- दिगो वन व्यवस्थापनका लागि अध्ययन तथा अनुसन्धान;
- संस्थागत, कर्मचारी तथा सरोकारवाला क्षमता अभिवृद्धि ।

### (ग) हरित सडक तथा हरित सहर कार्यक्रम

- ग्रामीण सडक र सहरी क्षेत्र वृक्षारोपण;
- खोलानाला छेउ वृक्षारोपण कार्यक्रम;
- वायोईन्जिनियरीङ्ग प्रविधि तथा संरचना विस्तार ।

### (घ) जडीबुटी संरक्षण तथा व्यवस्थापन कार्यक्रम

- जडीबुटीको स्रोत सर्वेक्षण व्यवस्थापन योजना तयारी र सहभागितामूलक कार्यान्वयन;
- सरकारी तथा समुदायमा आधारित वन व्यवस्थापन पद्धतिका वन कार्ययोजनामा जडीबुटी संरक्षण र खेती;
- उच्च लाभ र सम्भावना भएका गैह्रकाष्ठ वन पैदावरका प्रजातिको खेती र दिगो हार्भेस्टिङ पद्धति विकास;
- निजी तथा वनक्षेत्रको जग्गामा जडीबुटी खेती प्रवर्द्धन;
- जडीबुटी खेतीका लागि सार्वजनिक निजी साझेदारी कार्यक्रम;
- तुलनात्मक लाभ हुने जडीबुटीको खेती विस्तार, प्रशोधन, मूल्य अभिवृद्धि तथा बजारीकरण ।

# जैविक विविधता संरक्षण

## (क) जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रम

- जडीबुटी खेती सहयोग तथा प्रविधि हस्तान्तरण;
- रैथाने सुनगाभाको संरक्षण विस्तार र उपयोग;
- जैविक विविधतासम्बन्धी प्रादेशिक सङ्ग्रहालय निर्माण;
- सामुदायिक बीउ भण्डार तथा जिन बैंक स्थापना;
- प्राणी उद्यान तथा वन्यजन्तु उद्धार केन्द्र स्थापना;
- संरक्षण क्षेत्र तथा चरन क्षेत्रको व्यवस्थापन;
- जैविक विविधता अध्ययन अनुसन्धान अभिलेखीकरण;
- वनसँग जोडिएका लोकमार्ग, सहरी तथा कृषि क्षेत्रमा वन्यजन्तु ओहरदोहर गर्ने जैविक मार्गको संरक्षण;
- महत्त्वपूर्ण पारिस्थिकीय प्रणाली र वन्यजन्तुका जोखिमयुक्त बासस्थान पहिचान तथा व्यवस्थापन;
- समुदायद्वारा व्यवस्थित वनमा वन्यजन्तु बासस्थान व्यवस्थापन;
- वन डढेलो नियन्त्रण;
- बाह्य मिचाहा प्रजाति तथा रोगकीराको नियन्त्रण ।

## (ख) वन्यजन्तुको चोरी शिकार एवम् गैरकानुनी व्यापारलाई नियन्त्रण र नियमन कार्यक्रम

- स्थानीय समुदायमा सचेतना र क्षमता अभिवृद्धि;
- जैविक विविधता संरक्षणमा साझेदारी कार्यक्रम;
- वन्यजन्तुको चोरी शिकार एवम् गैरकानुनी व्यापारलाई नियन्त्रण तथा नियमन ।

## (ग) मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरण कार्यक्रम

- वन्यजन्तुका प्राकृतिक बासस्थानको संरक्षण;
- मानव वन्यजन्तु द्वन्द्ध तथा अतिक्रमण न्यूनीकरणसम्बन्धी अध्ययन;
- मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणसम्बन्धी सचेतना विस्तार;
- क्षतिपूर्ति एवम् राहत कोष स्थापना ।

# जलाधार व्यवस्थापन

## (क) नदी प्रणालीमा आधारित जलाधार व्यवस्थापन कार्यक्रम

- नदी प्रणालीका आधारमा एकीकृत जलाधार संरक्षण योजना तयारी;
- संवेदनशील जलाधार क्षेत्रको सर्वेक्षण, पहिचान तथा संरक्षण;
- वायोइन्जिनियरिङ्ग प्रविधिमार्फत भौतिक संरचना संरक्षण;
- पुनर्भरण पोखरी निर्माण तथा संरक्षण अभियान;
- जलाधार तथा नदी स्वच्छता प्रवर्द्धन अभियान;
- एक स्थानीय तह एक पुनर्भरण पोखरी निर्माण।

## (ख) प्रकोप तथा जोखिम नक्साङ्कन र विकासका पूर्वाधार संरक्षण कार्यक्रम

- सिँचाइ कुलो मर्मत तथा संरक्षण;
- गल्छी, पहिरो, खहरे तथा नदी कटान नियन्त्रण;
- जमिनको उत्पादकत्व संरक्षण र क्षतिग्रस्त भूमि पुनःस्थापना;
- सहरी तथा मासिदै गएका जलस्रोतको पुनरुत्थान;
- सहरी क्षेत्रका खोलानालामा प्राकृतिक बहाव कायम गर्न विशेष जलाधार क्षेत्र घोषणा तथा व्यवस्थापन।

## (ग) माटो र पानी संरक्षणसम्बन्धी अध्ययन, अनुसन्धान तथा सर्वेक्षण कार्यक्रम


- माटो तथा पानी संरक्षणसम्बन्धी अध्ययन, अनुसन्धान तथा सर्वेक्षण;
- प्राकृतिक ताल तथा पोखरीको आर्थिक सामाजिक र वातावरणीय प्रभावको अध्ययन।

## (घ) सिमसार क्षेत्र संरक्षण तथा व्यवस्थापन कार्यक्रम


- संरक्षित जलाधार क्षेत्रको रूपमा घोषणा भएको फेवाताल जलाधार क्षेत्रको कार्ययोजना तयारी;
- प्रदेशभित्रका सिमसार क्षेत्रको संरक्षण र सौन्दर्यीकरण तथा अभिलेखीकरण।

# परिमाणात्मक लक्ष्य


## दिगो वन व्यवस्थापन





### सरकारी, निजी, साझेदारी र सामुदायिक वनबाट उत्पादन हुने काठको परिमाण क्यु. फिट लाखमा





### जडीबुटी उत्पादन परिमाण (के.जी.) हजारमा




# जैविक विविधता संरक्षण




## वार्षिक मानव वन्यजन्तु द्वन्द्वका घटना (वटा)




## जलाधार व्यवस्थापन




### निर्माण, स्तरोन्नति तथा मर्मत भएका रिचार्ज पोखरी (संख्या)





# बजारमुखी उत्पादन एवम् दिगो पर्यटन

# पृष्ठभूमि

१

तहगत सरकार, समुदाय, निजी क्षेत्र, सहकारी तथा गैरसरकारी क्षेत्रको सक्रिय सहभागिता र सहकार्यबाट राष्ट्रिय उत्पादन शृङ्खलामा आवद्ध गराई उत्पादन तथा उत्पादकत्व वृद्धितर्फ अग्रसर रहेको छ।

२

उद्योगधन्दाको विकास र दिगो व्यवस्थापनमार्फत उत्पादन वृद्धि गरी कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान वृद्धि गर्न उद्योग क्षेत्रलाई उच्च प्राथमिकतामा राखी कार्य गर्नुपर्ने देखिन्छ।

३

प्रदेश सरकार व्यापारलाई प्रवर्द्धन गर्दै प्रतिस्पर्धात्मक अर्थतन्त्र निर्माण तर्फ अग्रसर रहेको छ।

४

प्रदेश सरकारले आधारभूत वस्तु र सेवामा समान पहुँच र व्यापारिक स्वच्छता कायम गर्दै उपभोक्ता हित संरक्षण गर्दै आएको छ।

५


पोखरालाई पर्यटन राजधानीका रूपमा विकास गरी प्रदेशको समग्र पर्यटन क्षमताको विस्तार गर्न जोड दिएको छ।

६

प्रदेश सरकार उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्नुका साथै आयात व्यवस्थापन गर्ने दिशामा केन्द्रित भएको छ।

## विद्यमान अवस्था

# उद्योग, वाणिज्य तथा आपूर्ति



### उद्योग क्षेत्रको योगदान र अवस्था

- कुल गार्हस्थ्य उत्पादनमा द्वितीय क्षेत्रको योगदान १७.२७ % र उत्पादनमूलक उद्योग क्षेत्रको योगदान ३.२९%
- कुल ७८,०८४ उद्योग सञ्चालन र कुल १९,५०५ जना उद्यमी क्रियाशील रहेका
- कुल ७१४३५ व्यावसायिक फर्म दर्ता तथा पोखरा औद्योगिक क्षेत्र सञ्चालनमा
- २९ वटा स्थानीय तहमा उद्योग ग्रामको घोषणा भई पूर्वाधार निर्माणको चरणमा र २ वटा प्रादेशिक औद्योगिक क्षेत्र स्थापनाको तयारीमा



### ठुला औद्योगिक प्रतिष्ठानको अवस्था

- नवलपुरमा सिजी ईण्डष्ट्रियल पार्क र होङ्सी सिमेन्ट उद्योग सञ्चालनमा
- गैँडाकोटको भृकुटी कागज कारखाना र गोरखाको गोरखकाली रबर उद्योग लामो समयदेखि बन्द अवस्थामा



### निर्यात सम्भाव्य वस्तु तथा उत्पादन

- प्रमुख उत्पादनमा तोरीको तेल, प्रशोधित दूध, बिस्कुट, चाउचाउ, चकलेट, बियर, ईटा र सिमेन्ट
- निर्यात सम्भावनायुक्त वस्तुहरूमा अलैंची, बेसार, अदुवा, हस्तकला, पस्मिना र प्रशोधित पिउने पानी



### परम्परागत सिप र व्यवसायको अवस्था

- ऊन, अल्लोका कपडा, हस्तकला, काष्ठकला र मूर्तिकला जस्ता परम्परागत सिप व्यवसायहरू सुषुप्त अवस्थामा



### पशुपन्छीजन्य उत्पादन र व्यापार

- दूध, माछा, अण्डा, र मासुको उत्पादनमा वृद्धि भएको छ भने पछिल्लो समय ऊन उत्पादन घट्दो क्रममा

### वार्षिक आयात विवरण

- खाद्यान्न → १४ अर्ब रुपैयाँ
- दुग्धजन्य → २० करोड रुपैयाँ
- फलफूल → १ अर्ब ५० लाख रुपैयाँ
- कपडा → ७६ करोड रुपैयाँ
- पेट्रोलियम → २० अर्ब रुपैयाँभन्दा बढी

## पर्यटन तथा सम्पदा



### पर्यटकीय सम्भावना तथा विकास

- प्राकृतिक, सांस्कृतिक, र साहसिक पर्यटनमा अथाह सम्भावना
- पर्यटकीय पूर्वाधार, सेवा, प्रवर्द्धन र सुरक्षा सुनिश्चित गर्न योजनाबद्ध विकासको प्रारम्भ



### सामाजिक सांस्कृतिक विविधता

- प्रदेशमा १०४ भन्दा बढी जातजाति, १० भन्दा बढी धार्मिक सम्प्रदाय र ७२ भन्दा बढी मातृभाषा बोलिने
- १४१ मुख्य पुरातात्त्विक सम्पदा र ६०२ अन्य सांस्कृतिक सम्पदा रहेका




**प्रमुख धार्मिक, प्राकृतिक, र सांस्कृतिक गन्तव्यहरू**

- मुक्तिनाथ, बागलुङ कालिका, गलेश्वरधाम, मनकामना र विन्ध्यवासिनी जस्ता प्रसिद्ध धार्मिक स्थलहरू
- हिमाल, जैविक विवधता, वन जंगल, नदी, झरना तथा ताल जस्ता प्राकृतिक आकर्षण
- तिलिचो ताल, फेवाताल, बेगनासताल र रूपाताल जस्ता तालहरू



**संरक्षण क्षेत्र र पदमार्ग:**

- अन्नपूर्ण संरक्षण क्षेत्र, मनास्लु संरक्षण क्षेत्र र ढोरपाटन शिकार आरक्ष
- प्रमुख पदमार्ग: अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल र धवलागिरी चक्रीय पदमार्ग



**साहसिक गतिविधि र पर्यटकीय सुविधा:**

- अल्ट्रालाइट उडान, प्याराग्लाइडिङ, बञ्जी, र्‍याफ्टिङ र जिपफ्लायर
- पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन
- सबैजसो स्थानमा सडक सुविधा तथा होटल



**पर्यटकीय तथ्याङ्क**


- नेपाल आउने कुल विदेशी पर्यटकमध्ये ४०% यस प्रदेशमा भ्रमण
- वार्षिक २ लाख ४५ हजार पर्यटक आगमन र विदेशी पर्यटकको औसत बसाइँ अवधि ५ दिन



**अन्य विवरण**

| | |
|---|---|
| १४१ | मुख्य पुरातात्त्विक सम्पदा |
| ६०२ | अन्य सम्पदा |
| ४०% | विदेशी पर्यटक गण्डकी प्रदेशमा आउने |
| २,४५,००० | वार्षिक भ्रमण गर्ने पर्यटक |

# मुख्य सवाल र चुनौती



## उद्योग, वाणिज्य तथा आपूर्ति

### १ उत्पादन वृद्धिद्वारा आत्मनिर्भरता र आयात प्रतिस्थापन

- औद्योगिक उत्पादनमा गुणस्तरीयता कायम गर्दै प्रतिस्पर्धी बनाउनु ।
- आत्मनिर्भर कृषिजन्य उत्पादनलाई प्राथमिकता दिनु ।
- आयात हुने वस्तुहरूको प्रदेशमा उत्पादन बढाई आयात प्रतिस्थापन गर्नु ।

### २ वस्तु तथा सेवा एवम् उत्पादन गुणस्तरमा वृद्धि

- निर्यात हुने वस्तुहरूको गुणस्तर परीक्षण र प्रमाणीकरणको कमी ।
- उत्पादनको गुणस्तर कायम राख्न समयसापेक्ष क्षमता अभिवृद्धि गर्नु ।
- राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा सामेल गर्न उत्पादनको गुणस्तरमा सुधार गर्नु ।
- उचित लेबलिङ र प्याकेजिङमा सुधार गर्नु ।

### ३ औद्योगिक तथा व्यापार क्षेत्रको पूर्वाधार विकास

- औद्योगिक क्षेत्र र ग्राममा पूर्वाधारको विकास गर्न पर्याप्त स्रोतसाधनको अभाव ।
- औद्योगिक ग्रामको स्थापना र सञ्चालनका लागि पूर्वाधार विकास गर्नु ।
- उद्योगको विविधीकरण र प्रवर्द्धनका लागि आवश्यक स्रोतसाधनको र ठूला उद्योग स्थापनाको लागि भूमिको कमी ।
- मौजुदा उद्योगलाई जोगाउन र रूग्ण उद्योगलाई पुन:स्थापना गर्नु ।

### ४ प्राविधिक तथा सिपयुक्त जनशक्ति व्यवस्थापन

- स्वदेशी उद्यम व्यवसायमा सिपमूलक जनशक्ति कायम राख्नु ।
- मझौला र ठुला उद्योगका लागि दक्ष जनशक्तिको व्यवस्थापन ।
- औद्योगिक विकासका लागि लगानी आकर्षण गर्नु ।

### ५ औद्योगिक क्षेत्रमा लगानीयोग्य वातावरण तयार गर्नु

- उच्च जग्गा मूल्यका कारण उद्योगको लागि आवश्यक जग्गा प्राप्तिमा समस्या ।
- बैंक र वित्तीय क्षेत्रमा लगानीको कमी ।
- उद्योग प्रशासनमा प्रविधिमैत्री र व्यावसायिकतामा कमी ।
- उद्योगमा लचिलो कानुनी व्यवस्था र लगानीको वातावरणमा सृजनामा कमी ।

### ६ मर्यादित बजार व्यवस्थापन

- आयात निर्यातको वस्तु तथा सेवाको अभिलेखीकरणको कमी ।
- खाद्य परीक्षण प्रयोगशालाको अभाव ।
- बजारलाई मर्यादित बनाउन व्यापारका विभिन्न पक्षमा वैज्ञानिक अध्ययन र अनुसन्धानको कमी ।
- अत्यावश्यक वस्तुको अस्वाभाविक मूल्यवृद्धि नियन्त्रण गर्न समस्या ।

## मुख्य सवाल र चुनौती

### पर्यटन क्षेत्रको दिगो विकास र व्यवस्थापन

- वातावरणीय विनास र प्राकृतिक प्रकोपका कारण प्राकृतिक सौन्दर्यको संरक्षण गर्नु।
- पर्यटकको तथ्यपरक, पूर्ण र वैज्ञानिक अभिलेख प्रणाली तयार गर्नु।
- पर्यटन क्षेत्रका जनशक्तिको नक्साङ्कन, अभिलेखीकरण र व्यवस्थापनमा कमी।
- पर्यटकीय गतिविधिको प्रभावकारी अनुगमन र सूचना, सञ्चार तथा प्रविधिको विकास गर्नु।

१



# पर्यटन तथा सम्पदा

२

### पर्यटकीय सेवा तथा सुविधा विकास, विस्तार र विविधीकरण

- दिगो र आकर्षक व्यवसाय र रोजगारीका अवसर सिर्जनामा कमी।
- पर्यटन र स्थानीय कृषि तथा उद्योग क्षेत्रको अन्तरआवद्धताको कमी।
- प्रदेशको पर्यटन ब्राण्ड तयार गरी प्रचार र ब्राण्डिङको कमी।
- गुणस्तरीय सेवाको प्रत्याभूति र स्थानीय वस्तु तथा सेवाको उत्पादन गर्न समस्या।

३

### ठुला र आकर्षक पर्यटकीय केन्द्रको विकास तथा संरक्षण

- वैकल्पिक पदमार्ग र विशिष्ट पहिचान भएका पर्यटकीय क्षेत्रको विकास।
- योग, ध्यान, खेल र कृषि पर्यटन जस्ता पर्यटकीय उपजको विविधीकरण र बजारीकरणको कमी।
- ऐतिहासिक, धार्मिक सम्पदाको संरक्षण र प्रवर्द्धनमार्फत दिगो पर्यटन विकास गर्नु।

४

### पर्यटन क्षेत्रको विकासमा लगानी विस्तार

- पर्यटन पूर्वाधार र सेवा सुविधाको विस्तारमा निजी क्षेत्रको लगानी आकर्षित गर्नु।
- गैर आवासीय नेपालीको ज्ञान, सिप र पुँजीलाई पर्यटन क्षेत्रमा प्रयोग गर्न उपयुक्त वातावरणको कमी।
- पर्यटन क्षेत्रमा साझेदारसँग समन्वय गरी पूर्वाधार र सेवा सुविधामा लगानी बढाउन समस्या।

५

### अध्यान, अनुसन्धान र तथ्याङ्क व्यवस्थापन

- पर्यटन विकासका नवीनतम प्रवृत्तिका बारेमा नियमित अध्ययन र अनुसन्धानको कमी।
- पर्यटकीय क्षेत्रका सूचना र तथ्याङ्क व्यवस्थापन गर्न प्रभावकारी सूचना प्रणालीको विकासको कमी।

# रूपान्तरणका रणनीति

## उद्योग, वाणिज्य तथा आपूर्ति


(१) उत्पादकत्व वृद्धिमार्फत उत्पादनमा आत्मनिर्भरता अभिवृद्धि गर्ने
(२) उद्योग वाणिज्य क्षेत्रको पूर्वाधार विकास, विस्तार र स्तरोन्नति गर्ने
(३) स्थानीय कच्चा पदार्थमा आधारित उद्योग सिर्जना, स्तरोन्नति र उत्पादित वस्तुको बजारीकरण सुदृढ गर्ने
(४) रूग्ण तथा बन्द उद्योग पुनःसञ्चालनमा ल्याउने र औद्योगिक क्षेत्र विस्तार गर्ने
(५) निजी क्षेत्रसँग सहकार्य र साझेदारी वृद्धि गर्ने तथा लगानी आकर्षण गर्ने
(६) युवा उद्यमशीलताको विकास र रोजगारी वृद्धि गर्ने
(७) मर्यादित र जवाफदेही बजार व्यवस्थापन गर्ने

## पर्यटन तथा सम्पदा

(१) पर्यटन विकास तथा प्रवर्द्धनसम्बन्धी नीतिगत, कानुनी र संस्थागत व्यवस्था गर्ने
(२) पर्यटकीय सेवा सुविधाको एकीकृत विकास, विस्तार तथा विविधीकरण गर्ने
(३) पर्यटकीय गन्तव्यको पहिचान, वर्गीकरण र विकास गर्ने
(४) पर्यटकीय पूर्वाधारको विकास गर्ने
(५) पर्यटन सेवा सुविधाको विकास, विस्तार, प्रवर्द्धन तथा विविधीकण गर्ने
(६) अध्ययन अनुसन्धान तथा तथ्याङ्क व्यवस्थापन गर्ने
(७) प्राकृतिक, सांस्कृतिक, साहसिक एवम् कृषि पर्यटनलाई एकीकृत रूपमा विकास गर्ने
(८) प्रदेशभित्र रहेका पर्यटकीय स्थल तथा सम्पदाको संरक्षण तथा सम्बर्द्धन गर्ने

# प्रमुख हस्तक्षेपकारी कार्यक्रम

## उद्योग, वाणिज्य तथा आपूर्ति



**(क) संस्थागत तथा संरचनागत सुधार कार्यक्रम**

- नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्ड तर्जुमा तथा परिमार्जन;
- प्रदेश व्यवसाय मञ्च पुनर्गठन तथा सञ्चालन;
- सिप विकास तालिम, स्तरीकरण तथा प्रमाणीकरण;
- प्रविधिमा आधारित उद्योग प्रशासन तथा व्यवसाय विकास सेवा सञ्चालन ।

**(ख) औद्योगिक पूर्वाधार निर्माण कार्यक्रम**

- औद्योगिक क्षेत्रको पहिचान, अवधारणापत्र तयारी र सम्भाव्यता अध्ययन;
- औद्योगिकग्राम स्थापनाका लागि सहकार्य;
- कोशेली घर तथा प्रदेशस्तरीय प्रदर्शनी केन्द्र स्थापना;
- प्रदेशस्तरीय औद्योगिक प्रयोगशाला स्थापना ।

**(ग) युवा उद्यमी विकास कार्यक्रम**

- व्यावसायिक तथा सिप विकास तालिम कार्यक्रम;
- प्रविधि हस्तान्तरण युवा व्यवसायीका लागि सहुलियतपूर्ण कर्जा कार्यक्रम;
- युवा र कृषि क्षेत्रका उद्यमी लक्षित प्रोत्साहन कार्यक्रम ।

**(घ) व्यवसाय विकास सेवा केन्द्र (बिजनेश इन्कुबेशन सेन्टर) कार्यक्रम**

- जिल्लास्थित पर्यटन तथा उद्योग कार्यालयलाई बिजनेस इन्कुबेशन सेन्टरमा रूपान्तरण;
- व्यावसायिक परामर्श सेवा विस्तार ।

### (ङ) उपभोक्ता सचेतना तथा बजार अनुगमन कार्यक्रम

- निरीक्षण अधिकृतका लागि बजार अनुगमनसम्बन्धी क्षमता अभिवृद्धि;
- बजार अनुगमन तथा नियमन;
- कालोबजारी तथा कार्टेलिङ नियन्त्रण;
- घरघरमा उपभोक्ता शिक्षा तथा सचेतना अभिवृद्धि कार्यक्रम।

### (च) तुलनात्मक लाभका उत्पादनको व्यावसायीकरण कार्यक्रम

- तुलनात्मक लाभका निर्यातयोग्य वस्तुको पहिचानसम्बन्धी अध्ययन;
- घरेलु मदिराको गुणस्तर र ब्राण्डिङ् गरी बजारीकरणमा सहयोग;
- स्थानीय काष्ठ, ऊनी तथा अल्लो कपडा निर्माण उद्यम विकास कार्यक्रम;
- नवीनतम प्रविधि हस्तान्तरण;
- प्रदेशमा उत्पादित वस्तुको ब्राण्डिङ;
- उद्योग वाणिज्य मेला महोत्सव आयोजना;
- प्रदेशस्तरमा उद्यमी तथा लगानीकर्ता सम्मेलन।

### (छ) अन्तरक्रिया तथा संवाद कार्यक्रम

- उद्योग वाणिज्य क्षेत्रका व्यक्ति तथा पदाधिकारी अन्तरक्रिया;
- औद्योगिक ग्राम घोषणा भएका स्थानीय तहका पदाधिकारी तथा सरोकारवाला अन्तरसंवाद;
- गुणस्तरीय वस्तु र सेवाको आपूर्तिसँग सम्बन्धित सार्वजनिक, निजी र सहकारी क्षेत्र अन्तरसंवाद;
- उपभोक्ता शिक्षा तथा सचेतना कार्यक्रम।

### (ज) निर्यातयोग्य वस्तु उत्पादन गर्ने उद्योग स्थापना

- निर्यातयोग्य वस्तुको उत्पादन उद्योग स्थापना तथा सञ्चालनमा सहयोग तथा सहजीकरण;
- एक जिल्ला एक उत्पादन उद्योग स्थापनामा सहयोग तथा सहजीकरण।

### (झ) खानी तथा खनिज पदार्थमा आधारित उद्योग स्थापना:

- प्रदेशका सम्भाव्य खानीको पहिचान;
- पहिचान भएका खानीको सम्भाव्यता अध्ययन;
- खनिज उद्योगको स्थापनामा साझेदारी तथा सहयोग।

# पर्यटन तथा सम्पदा

### (क) पर्यटन क्षेत्रको नीतिगत तथा संरचनात्मक सुधार कार्यक्रम

- पर्यटनसम्बन्धी नीति, कानुन, कार्यविधि तथा मापदण्ड तर्जुमा, पुनरावलोकन तथा परिमार्जन;
- पर्यटन सेवा प्रदायक संस्थाको आचार संहिता तथा निर्देशिका तयारी;
- पर्यटकीय सेवा तथा सुविधामा गुणस्तर सुधार ।

### (ख) पर्यटन विकास योजना तयारी

- प्रदेश पर्यटन गुरुयोजना तर्जुमा;
- पर्यटक विपद् जोखिम व्यवस्थापन;
- पर्यटकीय बस टर्मिनल निर्माण तथा स्तरोन्नति;
- पर्यटकीय सूचना केन्द्र स्थापना तथा स्तरोन्नति;
- पर्यटकीय लगानीका क्षेत्र पहिचान तथा लगानी प्रवर्द्धन;
- सवारी साधन पार्किङ्ग स्थल र पर्यटक विश्रामस्थल निर्माण;
- प्रमुख पर्यटकीय गन्तब्यमा नयाँ तथा वैकल्पिक पदमार्गको विकास तथा विस्तार;
- राष्ट्रिय पर्यटन रणनीतिमा प्रस्तावित पर्यटन विकास क्षेत्रको नक्साङ्कन तथा प्राथिमिकीकरण;
- पहिचान भएका पर्यटकीय गन्तव्यको गुरुयोजना तर्जुमा र पूर्वाधार, सेवा तथा सुविधा विकास र विस्तार ।

### (ग) पर्यटन सेवा तथा सुविधा विकास, विस्तार तथा विविधीकण कार्यक्रम

- पर्यटकीय वस्तु, सेवा-सुविधा तथा उपजको विकासका लागि बजारको मागको अध्ययन;
- सार्वजनिक-निजी-सामुदायिक समन्वय, सहकार्य र साझेदारीमा पर्यटन प्याकेज निर्माण;
- पर्यटनसम्बन्धी व्यापार व्यवसायको विकासका लागि प्रोत्साहन तथा प्रवर्द्धन;
- स्थानीय समुदायको साझेदारीमा संस्कृति तथा परम्पराको संरक्षण तथा संवर्द्धन;
- पर्यटन मेला तथा उत्सव आयोजना तथा सञ्चालन;
- आन्तरिक पर्यटन प्रवर्द्धन अभियान;
- प्रमुख पर्यटकीय स्रोत बजारमा स्थानीय पर्यटन प्रतिनिधि नियुक्त र परिचालन;
- अन्तर्राष्ट्रिय तथा राष्ट्रिय पर्यटन प्रवर्द्धन एवम् बजारीकरण ।

### (घ) पर्यटन पूर्वाधार विकास तथा प्रवर्द्धन कार्यक्रम

- राउण्डफेवा भ्यू फेवा विकास आयोजना;
- मगर होमस्टे (नवलपुर) विकास आयोजना;
- टोड्के (म्याग्दी) पर्यटकीय विकास आयोजना;
- चापाकोट रामडाँडा पर्यटन विकास आयोजना;
- धार्मिक पदमार्ग तथा पर्यटन विकास आयोजना;
- धर्मनाथधाम आध्यात्मिक क्षेत्र विकास आयोजना;
- लिपे-तान्द्राङ पोखरी क्षेत्र पर्यटन विकास कार्यक्रम;
- मोदीवेनी धाम धार्मिक पर्यटकीय क्षेत्र विकास आयोजना;
- अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय पूर्वाधार विस्तार आयोजना;
- पर्यटकीय गन्तव्यमा पर्यटकीय पूर्वाधार निर्माण, स्तरोन्नति तथा मर्मतसम्भार;
- प्रमुख ताल, पोखरी तथा महत्त्वपूर्ण सम्पदाको पुनःनिर्माण, संरक्षण तथा सौन्दर्यीकरण;
- नयाँ पर्यटकीय गन्तव्य तथा पदमार्गको पहिचान, सञ्जालीकरण तथा पूर्वाधार निर्माण;
- सांस्कृतिक, धार्मिक, ऐतिहासिक, प्राकृतिक र मनोरञ्जनमा आधारित पर्यटकीय गन्तव्य विकास;
- गन्तव्य स्थल तथा सेवा सुविधाको प्याकेजसहितको प्रचार सामग्री, वृत्तचित्र र अनलाइन बजारीकरण;
- स्थानीय चाडपर्व, मेला, भेषभूषा र परम्पराको संरक्षण तथा संवर्द्धनमा निजी क्षेत्र र समुदाय प्रोत्साहन।

### (ङ) अध्ययन, अनुसन्धान तथा तथ्याङ्क व्यवस्थापन कार्यक्रम

- विद्युतीय सूचना प्रणालीमा आधारित पर्यटकीय तथ्याङ्क प्रणाली व्यवस्थापन;
- नयाँ पर्यटकीय गन्तव्यको पहिचान कार्यक्रम;
- पर्यटकको बसाइँ अवधि तथा खर्च वृद्धिसम्बन्धी अध्ययन;
- पर्यटनसम्बन्धी अध्ययन तथा अनुसन्धानमा विद्यार्थी परिचालन कार्यक्रम।

### (च) पर्यटकीय राजधानी प्रवर्द्धन कार्यक्रम

- राउण्ड फेवा तथा भ्यू फेवा विकास आयोजना;
- पोखरा लेक टु लेक तथा केभ टु केभ साइकल मार्ग निर्माण आयोजना;
- माइस पर्यटनका लागि अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र निर्माण आयोजना;
- पोखरा-पुम्दीकोट केबलकार आयोजना;
- बृहत्तर पोखरा पर्यटन प्रवर्द्धन कार्यक्रम;
- पोखरा महाप्रभुधाम पर्यटन प्रवर्द्धन आयोजना।

### (छ) ठुला पर्यटकीय गन्तव्यको विकास तथा प्रवर्द्धन कार्यक्रम

- अन्तर्राष्ट्रियस्तरको प्रदर्शनी केन्द्र निर्माण;
- टेउवा अन्तर्राष्ट्रिय मूर्तिकला सङ्ग्रहालय निर्माण;
- धार्मिक तथा सांस्कृतिक महत्त्वका स्थानको निर्माण तथा स्तरोन्नति;
- हिलस्टेशनको विकास तथा विस्तार आयोजना;
- आलमदेवि पर्यटन विकास आयोजना;
- इलमपोखरी-देउराली लेभार्चो एकीकृत विकास आयोजना;
- कालाञ्जर (जलजला) पर्यटन क्षेत्र विकास आयोजना;
- रिसिङ्कोट तथा मानहुँकोट एकीकृत विकास आयोजना;
- देउराली-मुलाबारी-खार्चोक-धार्चे-लाप्राक-उहिया-कालताल-मनास्लु वेशक्याम पदमार्ग निर्माण आयोजना
- साहित्यिक पर्यटन विकास कार्यक्रम ।

### (ज) हिमाली तथा पहाडी क्षेत्रमा वैकल्पिक पदमार्ग निर्माण र चालु पदमार्गको स्तरोन्नति कार्यक्रम


- हिमाली तथा उच्च पहाडी क्षेत्रमा नयाँ पदमार्गको पहिचान तथा विकास;
- अन्नपूर्ण, धवलागिरी र मनास्लु क्षेत्रमा पदमार्गको स्तरोन्नति तथा वैकल्पिक पदमार्गको विकास;
- तातोपानीदेखि मुक्तिनाथ, बेसीसहरदेखि चामेसम्मको वैकल्पिक पदमार्गको विकास;
- पञ्चकोट-बेलढुङ्गा-सोलेडाँडा-ढोरपाटन धुरी पदमार्ग विकास आयोजना;
- भाक्रा आइसलेक पदमार्ग विकास आयोजना;
- ट्याङ्की-खाङ्सार- तिलिचो पदमार्ग विकास आयोजना;
- याकखर्क- थोरोङ-ला पदमार्ग स्तरोन्नति आयोजना;
- मनास्लु सर्किट-लार्केपास पदमार्ग निर्माण आयोजना;
- रानागाउँ-चुम्चेत-रिन्जम पदमार्ग निर्माण;
- अन्नपूर्ण सर्किट ट्रेल-थोराङ् ला पास पदमार्ग निर्माण आयोजना ।

### (झ) पर्यटन क्षेत्र मानव संसाधन विकास कार्यक्रम


- पर्यटनसम्बन्धी जनशक्ति विकास तालिम;
- पर्यटन शिक्षा तथा छात्रवृत्ति कार्यक्रम;
- व्यावसायिक तथा प्राविधिक तालिम सञ्चालन;
- सङ्घ, प्रदेश र स्थानीय तह साझेदारीमा विद्यालय तथा उच्च शिक्षा पर्यटन कार्यक्रम ।

# परिमाणात्मक लक्ष्य

## उद्योग, वाणिज्य तथा आपूर्ति






### उद्योग क्षेत्रबाट रोजगारी सिर्जना
(संख्या)



# पर्यटन तथा सम्पदा

**बाह्य पर्यटकले गर्ने दैनिक औसत खर्च**
**(यूएस डलर)**



# सर्वसुलभ स्वास्थ्य
# तथा
# जनसाङ्ख्यिक लाभ

# पृष्ठभूमि

१

नेपालको संविधानले आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा र स्वास्थ्य सेवामा समान पहुँचलाई मौलिक हकका रूपमा स्थापित गरेको छ।

२

स्वास्थ्य सेवालाई बढी सक्षम, सुदृढ, सेवामूलक र जनउत्तरदायी बनाउन नेपाल सरकारले स्वास्थ्य सेवा ऐन लगायतका नीतिगत तथा कानुनी व्यवस्था गरेको छ।

३

स्वास्थ्य क्षेत्रमा अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई आत्मसात गर्दै राष्ट्रिय स्वास्थ्य नीति, २०७६ को कार्यान्वयन र पोषण सुधारका लागि बहुक्षेत्रीय कार्यक्रमहरू सञ्चालनमा रहेका छन्।

४

सङ्घीय संरचनामा स्वास्थ्य सेवामा प्रादेशिक संरचनाको खाका निर्माण गरी एकीकृत स्वास्थ्य प्रणालीको विकासमा प्रदेश सरकारले प्रतिबद्ध रहेको छ।

५

जनस्वास्थ्यप्रति उत्तरदायी संयन्त्रको विकास गरी सबै नागरिकलाई आधारभूत, विशेषज्ञ र विशिष्टीकृत स्वास्थ्य सेवामा सहज पहुँच उपलब्ध गराउन अन्तरसरकार साझेदारीको आवश्यकतालाई महसुस गरिएको छ।

६

जनसङ्ख्या व्यवस्थापनका सवाललाई तीनवटै तहको अधिकार क्षेत्रभित्र रहेको परिपेक्षमा समसामयिक सवाललाई सम्बोधन गरी जनसाङ्ख्यिक लाभको उपयोगलाई विकासको मूलप्रवाहमा समाहित गर्दै अगाडि बढ्नु जरुरी देखिन्छ।

# विद्यमान अवस्था

## जनस्वास्थ्य तथा पोषण

### जनस्वास्थ्य पूर्वाधार

- गण्डकी प्रदेशमा २० सरकारी अस्पताल, ३८ आधारभूत अस्पताल, ७० निजी अस्पताल, २० प्राथमिक स्वास्थ्य केन्द्र, ४८० स्वास्थ्य चौकी, २०८ सामुदायिक स्वास्थ्य एकाइ, १०४ सहरी स्वास्थ्य केन्द्र, र २०८ आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालनमा
- आयुर्वेद सेवा तर्फ २ आयुर्वेद औषधालय, ९ जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र र ५५ आयुर्वेद औषधालय सञ्चालनमा

### स्वास्थ्य अवस्था

- शिशु मृत्युदर प्रति हजार जीवित जन्ममा ८, पाँच वर्ष मुनिको बाल मृत्युदर प्रति हजार जीवित जन्ममा २३ र दक्ष प्रसूतिकर्मीको सहयोगमा जन्मदर ८९% रहेको
- मातृ मृत्युदर गण्डकी प्रदेशमा प्रति लाख जीवित जन्ममा १६१ रहेको
- पूर्ण खोप सुनिश्चित प्रदेशको रुपमा घोषणा

### कोभिड-१९ को प्रभाव

- कोभिड-१९ को महामारीको नकारात्मक प्रभावका बावजुद गण्डकी प्रदेशमा अन्य प्रदेशहरूको तुलनामा जनस्वास्थ्यको क्षेत्रमा उच्च उपलब्धि हासिल

### स्वास्थ्य क्षेत्रको लक्ष्य

- गण्डकी प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरणको मार्गचित्र (२०७९-२०८७) अनुसार स्वास्थ्य र पोषण क्षेत्रमा सुधार
- औसत आयु ८० वर्ष, मातृ मृत्युदर ७० प्रति लाख जीवित जन्ममा र ५ वर्ष मुनिको बाल मृत्युदर १५ प्रति हजार जीवित जन्ममा पुर्याउने लक्ष्य

# जनसङ्ख्या तथा बसाइँसराइ व्यवस्थापन



## जनसङ्ख्या नीति र योजना

- जनसङ्ख्या व्यवस्थापनको सवाललाई तीनवटै तहको साझा अधिकारको सूचीमा रहेको
- जनसङ्ख्याका सवाललाई विकाससँग एकीकरण गर्न राष्ट्रिय जनसङ्ख्या नीति, २०७१ र जनसङ्ख्या सम्बन्धी दीर्घकालीन योजना (२०६७–२०८७) तयार



## गण्डकी प्रदेशको जनसङ्ख्या

- गण्डकी प्रदेशको कुल जनसङ्ख्या २४,६६,४२७ रहेकोमा पुरुषको सङ्ख्या ११,७०,८३३ (४७.४७ %), महिलाको सङ्ख्या १२,९५,५९४ (५२.५३ %) र अन्य लिङ्गीको जनसङ्ख्या २,९२८ (०.०१ %)



## लैङ्गिक अनुपात र बसाइँसराइ

- गण्डकी प्रदेशको लैङ्गिक अनुपात ९०.३७ पुरुष प्रति १०० महिला रहेको
- कुल २,०७,९१० (३१.४ %) परिवारबाट २,८६,५९३ जना विदेशीएको
- बसाइँ सरेका अधिकांश १०–२४ वर्ष उमेर समूहका

### बसोबास र बसाइँसराइ

- कुल ३१.४ % परिवारबाट २,८६,५९३ जना विदेश गएको र प्रति परिवार सदस्य औसतमा ३.७२ जना



**बसाईसराइको प्रवृत्ति**

| | |
|---|---|
| विवाह | ३२.३%, |
| रोजगारी | १६.४ %, |
| व्यापार अथवा व्यवसाय | ३.७ %, |
| अध्ययन अथवा तालिम | ९.१ %, |
| आश्रित | १९.१ %, |
| प्राकृतिक प्रकोप | ०.५ %, |
| कृषि | २.१ %, |
| घर फर्किएको | ६.३% |
| अन्य | ६.१% |



- आफ्नै स्थानीय तह बाहेकबाट बसाइँसराइ गरी आएकाको जनसङ्ख्या कुल जनसङ्ख्याको ३६.०५%
- जनसाङ्ख्यिक लाभको लाभांश हासिल गर्न जनसङ्ख्या कुल जनसङ्ख्याको ६२.८%

# मुख्य सवाल र चुनौती

## गुणस्तरीय स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच कायम

- स्वास्थ्य संस्थाहरू सीमित र निश्चित स्थानमा केन्द्रित रहनु।
- स्वास्थ्य बिमा कार्यक्रममा जनविश्वास र प्रभावकारिताको कमी।
- निःशुल्क औषधीको सहज उपलब्धता र सरकारी स्वास्थ्य सेवाको गुणस्तर सुधार।
- विपन्न र सीमान्तकृत समुदायमा सुरक्षित मातृत्व र परिवार नियोजन सेवाको विस्तार।

१



जनस्वास्थ्य तथा पोषण

२

## स्वास्थ्य पूर्वाधारको सुदृढीकरण

- स्वास्थ्य संस्थाहरूमा आधुनिक सुविधासहितको भवन र सहायक पूर्वाधारको कमी।
- पुराना संरचनाको सुधार र नयाँ भवन निर्माणका लागि स्रोतको कमी।
- स्वास्थ्य संस्थामा पर्याप्त औजार र सामग्रीको कमी।
- भौगोलिक सन्तुलन कायम गर्दै विशेषज्ञ स्वास्थ्य सेवाको सहज पहुँचको न्यूनता।

३

## स्वास्थ्य क्षेत्रको जनशक्ति विकास

- स्वास्थ्य संस्थामा पर्याप्त दरबन्दी र वृत्ति विकासको अवसरको कमी।
- स्वास्थ्य क्षेत्रमा कार्यरत जनशक्तिका लागि समयसापेक्ष तालिम र उपयुक्त वातावरणको अभाव।
- सहरी क्षेत्र बाहिरका अस्पतालहरूमा विशेषज्ञ जनशक्तिको अभाव।
- दुर्गम क्षेत्रका स्वास्थ्य संस्थामा जनशक्ति उपलब्ध गराउने चुनौती।

४

## स्वास्थ्य क्षेत्रको संरचनागत र व्यवस्थापकीय सुधार

- निःशुल्क औषधी खरिदका लागि स्रोतको कमी।
- आन्तरिक नियन्त्रण र स्वास्थ्य संस्थामा सुशासनको प्रभावकारी उपयोगमा कमी।
- स्थानीय तहमा स्वास्थ्य संस्थाको संस्थागत र व्यवस्थापकीय क्षमता सुधार।
- खोप सेवाका लागि कोल्ड चेन व्यवस्थापन र बफर स्टकको पर्याप्ततामा कमी।

# मुख्य सवाल र चुनौती

## जनसङ्ख्या तथा बसाइँसराइ व्यवस्थापन

१ २ ३ ४ ५

### नीति तथा संस्थागत संरचनाको प्रभावकारिता कायम

- जनसङ्ख्या व्यवस्थापन र विकासका सम्बन्धमा व्यवस्थित अध्ययन र अनुसन्धानको कमी ।
- जनसाङ्ख्यिक सूचक र आर्थिक/भौतिक विकास सूचकका बिच सन्तुलनको अभाव ।
- अन्तरसरकार समन्वय र सहकार्यमा कमी ।

### जनसङ्ख्याको वितरण सन्तुलित तुल्याउनु

- भौगोलिक रूपमा असमान जनसङ्ख्या वितरण र एकतर्फी बसाइँसराइमा वृद्धि ।
- विवाह र परिवार नियोजनका साधनहरूको प्रयोगमा कमी र प्रजनन स्वास्थ्य अधिकारको स्थापना कठिनाइ ।
- सहरी जनसङ्ख्याको तीव्र वृद्धिका कारण व्यवस्थापनमा समस्या ।
- आन्तरिक बसाइँसराइका कारण जनसंख्या सन्तुलन कायम गर्न चुनौती ।

### जनसाङ्ख्यिक लाभांशको उपयोग

- जेष्ठ नागरिकको बढ्दो जनसङ्ख्यालाई व्यवस्थापन गर्न कठिनाइ ।
- युवा जनशक्तिको विदेश पलायन रोक्न र स्वदेशमा रोजगार सृजनाको चुनौती ।
- जनसाङ्ख्यिक लाभांशको उपयोग गर्ने समुचित नीति र अवसरको कमी ।
- सामाजिक र जनसङ्ख्यिक सन्तुलन कायम गर्न पर्ने थप चुनौती ।

### जनसङ्ख्याको चापलाई विकेन्द्रित

- आन्तरिक बसाइँसराइको असमानता र विकेन्द्रित संरचना ।
- ग्रामीण क्षेत्रका लागि गुणस्तरीय सेवा र सुविधाको कमी ।
- दिगो र उत्थानशील बस्तीहरूको विकासमा कठिनाइ ।
- निजी क्षेत्रका आर्थिक गतिविधिहरूलाई ग्रामीण क्षेत्रहरूमा आकर्षित गर्न चुनौती ।

### विदेशमा रहेको नेपाली जनशक्तिलाई आकर्षित

- विदेशमा प्राप्त सीपलाई स्वदेशमा उपयोग गर्न सकिने अवसरको कमी ।
- गैर-आवासीय नेपालीको स्वदेश फिर्ती र लगानी आकर्षित गर्ने वातावरणको कमी ।
- स्वदेशमा गैर-आवासीय नेपालीका लागि प्रोत्साहनको अभाव ।
- विदेशी रोजगारीमा रहेका नेपालीहरूको सीप र लगानीलाई स्वदेशमा उपयोग गर्ने नीति सुधार ।

# रूपान्तरणका रणनीति

## जनस्वास्थ्य तथा पोषण

(१) गुणस्तरीय आधारभूत एवम् विशिष्टीकृत स्वास्थ्य सेवामा नागरिकको पहुँच विस्तार गर्ने
(२) स्वास्थ्यका बृहत निर्धारक तत्वको सम्बोधन गर्ने
(३) व्यायाम, योग र ध्यानको प्रवर्द्धन तथा आयुर्वेद एवम् वैकल्पिक चिकित्सा पद्धतिको विस्तार गर्ने
(४) स्वास्थ्य सेवा प्रणालीलाई प्रभावकारी बनाउने
(५) स्वास्थ्य क्षेत्रमा दिगो लगानी तथा सामाजिक सुरक्षा प्रवर्द्धन गर्ने
(६) पोषणमैत्री जीवनशैलीमार्फत जनस्वास्थ्य प्रवर्द्धन गर्ने

## जनसङ्ख्या तथा बसाइँसराइ व्यवस्थापन

(१) जनसाङ्ख्यिक वितरणलाई सन्तुलित बनाउन व्यावहारिक तथा नीतिगत सुधार गर्ने
(२) विकास प्रक्रियामा जनसाङ्ख्यिक सवाललाई आन्तरिकीकरण एवम् मूलप्रवाहीकरण
(३) सन्तुलित विकासमार्फत आन्तरिक बसाइँसराइलाई व्यवस्थित गर्ने
(४) बौद्धिक जनशक्तिलाई आकर्षण गर्न उपयुक्त परिवेश र अवसर तयार गर्ने

## प्रमुख हस्तक्षेपकारी कार्यक्रम

# जनस्वास्थ्य तथा पोषण

### (क) विशेषज्ञ तथा विशिष्टीकृत सेवा विस्तार कार्यक्रम

- ट्रमा अस्पताल निर्माण आयोजना;
- अन्तरङ्ग सेवा सहितको विशिष्टकृत मानसिक स्वास्थ्य सेवा विस्तार;
- मातृशिशु, महिला तथा बाल अस्पताल निर्माण;
- प्रदेशस्तरीय अस्पतालको निर्माण;
- अस्पताल स्थापना तथा स्तरोन्नति;
- प्राथमिक स्वास्थ्य केन्द्र स्तरोन्नति;
- उच्च भेगीय रोग व्यवस्थापन प्रशिक्षण केन्द्र स्थापना;
- फिजियोथेरापी र पुनःस्थापना केन्द्र सञ्चालन;
- विशेषज्ञ चिकित्सक परिचालन;
- विशेषज्ञ घुम्ती सेवा सञ्चालन।

### (ग) गुणस्तरीय स्वास्थ्य सेवा प्रवर्द्धन कार्यक्रम

- स्वास्थ्य क्षेत्र सुशासन प्रवर्द्धन कार्यक्रम;
- मुख स्वास्थ्य प्रवर्द्धन कार्यक्रम;
- स्वास्थ्य संस्था डिजिटलाइजेसन (कागजरहित स्वास्थ्य सेवा) कार्यक्रम;
- संस्थागत स्मृति प्रणालीको विकास;
- चिकित्सकीय सम्परीक्षण प्रणाली विकास;
- निरन्तर पेशागत विकास कार्यक्रम;
- औषधी गुणस्तर परीक्षण प्रयोगशाला स्थापना।

### (ख) आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा पहुँच विस्तार कार्यक्रम

- विस्तारित स्वास्थ्य सेवा (एक चिकित्सक/स्वास्थ्यकर्मी-एक स्वास्थ्य संस्था) कार्यक्रम;
- आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको विस्तार;
- प्रादेशिक आपत्कालीन स्वास्थ्य केन्द्र सुदृढीकरण;
- विपद् संवेदनशील प्राथमिक उपचार कक्ष निर्माण तथा विस्तार;
- स्वास्थ्य बिमा कार्यक्रम;
- स्वास्थ्य सेवाप्रवाहका लागि सिप मिश्रित जनशक्ति विकास कार्यक्रम;
- सामाजिक सुरक्षा एकाइ सुदृढीकरण;
- आमा प्रतिक्षा गृह निर्माण;
- जिल्लास्थित अस्पतालमा चिकित्सक सहितको आँखा उपचार सेवा विस्तार;
- क्षयरोग निदान तथा उपचार कार्यक्रम;
- अत्यावश्यक औषधी व्यवस्थापन;
- आकस्मिक कोष सुदृढीकरण;
- एम्बुलेन्स सेवा कार्यक्रम;
- एचआइभि तथा एड्स निरोधात्मक, उपचारात्मक तथा सचेतनामूलक कार्यक्रम
- विद्यालय नर्स कार्यक्रम।

### (घ) स्वास्थ्यका निर्धारक तत्वको प्रतिकूल प्रभाव न्यूनीकरण कार्यक्रम

- जुनोटिक रोग तथा प्रतिजैविक प्रतिरोध न्यूनीकरण;
- एक स्वास्थ्य अवधारणा कार्यक्रम;
- जनस्वास्थ्य सचेतना कार्यक्रम (दुर्व्यसन, सुर्तीजन्य पदार्थ, मद्यपान एवम् स्वास्थ्यलाई हानीकारक वस्तुको उपभोगलाई निरुत्साहन);
- मानसिक तथा नसर्ने रोग रोकथाम तथा नियन्त्रण;
- आत्महत्या निरुत्साहन सचेतना कार्यक्रम;
- एक स्थानीय तह एक मनोपरामर्शदाता कार्यक्रम;
- स्वास्थ्य शिक्षा, सूचना तथा जनजागरण कार्यक्रम;
- जलवायु परिवर्तनबाट हुने स्वास्थ्य असर न्यूनीकरण;
- खानेपानी गुणस्तर तथा पानीजन्य रोगको निगरानी;
- स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन;
- विषादीको प्रयोग न्यूनीकरण तथा माटो र पोषणको अन्तरसम्बन्ध सम्बन्धी सचेतना कार्यक्रम;
- सडक दुर्घटना न्यूनीकरण अध्ययन, सचेतना तथा पैरवी कार्यक्रम।

### (ङ) आयुर्वेद, योग तथा वैकल्पिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम

- आयुर्वेद तथा योग शिक्षा कार्यक्रम;
- आयुर्वेद चिकित्सा सेवा विकास तथा विस्तार;
- सामुदायिक योग तथा व्यावसायिक योग कार्यक्रम;
- आयुर्वेद स्वास्थ्य संस्था स्तरोन्नति;
- एक स्थानीय तह एक आयुर्वेद सेवा केन्द्र कार्यक्रम;
- प्रादेशिक आयुर्वेद औषधी उत्पादन कार्यक्रम;
- स्वास्थ्य प्रवर्द्धनका लागि जिम्मेवार नागरिक कार्यक्रम;
- स्वस्थ जीवनशैली तथा स्वस्थ नागरिक अभियान ;
- नागरिक आरोग्यता कार्यक्रम;
- हिलिङ्ग सेण्टर स्थापना;
- योग केन्द्र तथा खुल्ला व्यायामशाला स्थापना।

### (च) उत्थानशील स्वास्थ्य प्रणालीको विकास कार्यक्रम

- स्वास्थ्य सेवा प्रदायक निकाय तथा संस्थाको सांगठनिक र व्यवस्थापकीय सर्वेक्षण;
- स्वास्थ्य क्षेत्र पूर्वाधार विकास;
- खोप कार्यक्रम सबलीकरण;
- मानव संसाधन व्यवस्थापन;
- स्वास्थ्यजन्य उपकरण र अन्य सामग्रीको आवश्यकता, उपलब्धता र सञ्चालनको अवस्था विश्लेषण तथा नियमित निरीक्षण पद्धतिको विकास;
- गुणस्तरीय स्वास्थ्य अनुसन्धान प्रवर्द्धन;
- स्वास्थ्यसम्बन्धी कार्यक्रम मूल्याङ्कन;
- स्वास्थ्य सुधारमा व्यावसायिक सामाजिक उत्तरदायित्व प्रवर्द्धन।

### (छ) पोषण व्यवहार तथा जीवनशैली परिवर्तन कार्यक्रम

- पोषण तथा स्वस्थ आहार सचेतना;
- कुपोषण न्यूनीकरणका लागि स्वस्थ व्यवहारको प्रवर्द्धन;
- पोषण-विशेष तथा पोषण-संवेदनशील कार्यक्रम।

# जनसङ्ख्या तथा बसाइँसराइ व्यवस्थापन

## (क) जनसङ्ख्यिक लाभांश र संक्रमणकालीन अवस्थाको व्यवस्थापन

- जनसङ्ख्यासम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा तथा सुधार;
- महिला तथा लक्षित वर्ग आय-आर्जन प्रवर्द्धन;
- युवा उद्यमी कार्यक्रम;
- स्वदेशफिर्ती जनशक्ति सिप तथा दक्षता उपयोग र पुनःस्थापना;
- ज्येष्ठ नागरिकको शारीरिक, मानसिक तथा आध्यात्मिक स्वास्थ्यको प्रवर्द्धन;
- अल्पसङ्ख्यक समूह लक्षित स्वास्थ्य शिक्षा र आयआर्जन कार्यक्रम;
- जनसङ्ख्या तथा बसाइँसराइ व्यवस्थापन कार्ययोजना तयारी;
- जनसङ्ख्या र बसाइँसराइ संरचनात्मक व्यवस्थापन ।

## (ख) सबल जनसङ्ख्या सूचना व्यवस्थापन प्रणाली

- प्रादेशिक जनसाङ्ख्यिक सूचना प्रणाली निर्माण;
- जोखिम क्षेत्रको मूल्याङ्कन;
- पञ्जीकरण र तथ्याङ्क प्रणाली सुदृढीकरण;
- जन्म तथा मृत्युको विवरण अद्यावधीकरण;
- आन्तरिक र बाह्य बसाइँसराइ सूचना व्यवस्थापन प्रणाली विकास ।

## (ग) सुरक्षित बसाइँसराइ र योजनाबद्ध बसोबास

- विदेश जानु अघि तथा विदेशबाट फर्किए पछि स्वास्थ्य परीक्षण;
- सुरक्षित बसाइँसराइ तथा आप्रवासन सचेतना;
- गाउँमै बसौं कार्यक्रम;
- एकीकृत बस्ती विकासका लागि सम्भाव्य स्थान पहिचान, विकास तथा विस्तार ।


## (घ) जनसङ्ख्या व्यवस्थापन कार्यक्रम


- उत्पादनमूलक व्यवसाय सञ्चालन प्रोत्साहन;
- परिवार नियोजन प्रवर्द्धन;
- अनियन्त्रित बसाइँसराइ नियन्त्रण;
- जनसङ्ख्या र विकासको क्षेत्रमा अध्ययन तथा अनुसन्धान ।

# परिमाणात्मक लक्ष्य


## जनस्वास्थ्य तथा पोषण

### अपेक्षित औसत आयु (जन्म हुँदाको)
(वर्ष)





दक्ष प्रसूतिकर्मीको सहयोगमा भएको जन्मको अनुपात





प्रोटोकल अनुसार चार पटक पूर्वप्रसूति सेवा प्राप्त गर्ने महिला (जीवित जन्ममा)





प्रोटोकलअनुसार बच्चाको जन्मपछि तीन पटक प्रसूति सेवा प्राप्त गर्ने महिला





पाँच वर्ष मुनिका कम तौल भएका बालबालिका



## जनसङ्ख्यामा टिबि संक्रमितको सङ्ख्या (प्रति लाख)




## जनसङ्ख्या तथा बसाइँसराइ





# शिक्षित, सुसंस्कृत तथा सिपयुक्त मानव पुँजी निर्माण

# पृष्ठभूमि

१

नेपालको संविधानले शिक्षा, युवा तथा खेलकुद र विज्ञान तथा प्रविधि क्षेत्रलाई राज्यका तीनै तहको साझा भूमिका र जिम्मेवारीका रूपमा उल्लेख गरेको छ।

२

संविधानले सबै समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र संवर्द्धनको अधिकार सुनिश्चित गरेको छ।

३

युवाको सशक्तीकरण र विकासका लागि विशेष अवसर प्रदान गर्दै राज्यको सर्वाङ्गीण विकासमा योगदानका लागि उपयुक्त वातावरण तयार गर्नुलाई नेपालको संविधानमा उल्लेखित राज्यका नीतिमा स्पष्ट गरिएको छ।

४

वैज्ञानिक अध्ययन अनुसन्धान एवम् विज्ञान तथा प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्दै विज्ञान तथा प्रविधिको विकासमार्फत मानव पुँजी निर्माण गर्न राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ तर्जुमा गरिएको छ।

५

प्रदेशको शैक्षिक विकास, भाषा तथा संस्कृतिको संरक्षण, खेलकुदको प्रवर्द्धन र विज्ञान तथा प्रविधिको उन्नयनका लागि कानुनी तथा नीतगत आधारहरू तयार गरिएका छन्।

६

सामाजिक क्षेत्रको विकासका लागि राज्य र निजी क्षेत्रसँग साझेदारी र सहकार्यको वातावरण विस्तार गर्दै मानव संसाधनको विकास र समग्र सामाजिक समृद्धि सुनिश्चित गर्ने प्रयास भइरहेको छ।

# विद्यमान अवस्था

## गुणस्तरीय शिक्षा




### शैक्षिक नीति तथा संरचनागत व्यवस्था

- प्रदेश सरकारले शैक्षिक क्षेत्रको उन्नयनका लागि गण्डकी प्रदेश शिक्षा नीति, २०७८ र अगुवा (लिड) विद्यालय व्यवस्थापन निर्देशिका, २०८० जारी
- दिगो विकासका लक्ष्य, सोह्रौं योजना र गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजना समेतको व्यवस्थाअनुरूप पाँच वर्षे प्रादेशिक शिक्षा क्षेत्र रणनीतिक योजना (२०७९/८०-२०८३/८४) तयार
- बजार माग अनुरूपको मानव संसाधन विकास गर्न गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापना




### शैक्षिक पूर्वाधारको अवस्था

- सामुदायिक र संस्थागत गरी कुल ६४४ वटा विद्यालय, २ वटा विश्वविद्यालय, १५२ वटा क्याम्पस र २६० वटा प्राविधिक विद्यालय/शिक्षालय/प्रतिष्ठान सञ्चालनमा
- दुर्गम तथा हिमाली क्षेत्रका ४ विद्यालय आवासीय माध्यमिक विद्यालयका रूपमा सञ्चालन
- कुल ३६ वटा विद्यालय आदर्श विद्यालयका रूपमा विकास तथा कुल १०० वटा विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान विषयको पढाइ



### शैक्षिक क्षेत्रको उपलब्धि

- प्रदेशको ५ वर्षमाथिको साक्षरता दर ८१.७ %
- पूर्वप्राथमिक कक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाको भर्ना दर ८२.१ %
- आधारभूत तह (कक्षा १-५) को खुद भर्ना दर करिब ९७ %

# युवा तथा खेलकुद



## युवा सशक्तीकरण र विकास

- युवाको सर्वाङ्गीण विकास गरी उनीको क्षमतालाई राष्ट्रिय विकासको मूलधारमा ल्याउन राष्ट्रिय युवा नीति, २०७२ कार्यान्वयनमा रहेको
- युवामैत्री स्थानीय तह दिग्दर्शन, २०८० कार्यान्वयनमा रहेको



## जनसाङ्ख्यिक लाभांशको लाभ

- नेपालको कुल जनसङ्ख्यामा ४३ % युवा रहेकोले जनसाङ्ख्यिक लाभको उपयोग उच्चतम सम्भावनाको क्षेत्रका रूपमा रहेको
- युवामा सकारात्मक सोच, सिप, क्षमता र नेतृत्व विकास गरी सिर्जनशील तथा उद्यमी युवा जनशक्ति निर्माणलाई महत्त्व दिएको



## खेलकुद क्षेत्र र विकासको प्रयास:

- उद्यम परामर्श हासिल गर्ने युवा १५ % राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडीको सङ्ख्या करिब १२०० जना
- आधारभूत सुविधा सहितका रङ्गशाला सङ्ख्या २५
- राष्ट्रिय खेलकुद परिषद्, प्रदेश खेलकुद परिषद् र जिल्ला खेलकुद विकास समिति खेल क्षेत्रको विकासमा क्रियाशील प्रमुख संस्थागत संरचना
- प्रदेश खेलकुद विकास ऐन, २०७७ तथा गण्डकी प्रदेश खेलकुद विकास नियमावली, २०७८ जारी भई प्रदेश खेलकुद परिषद् गठन



# कला, भाषा, सम्पदा र साहित्य



## सांस्कृतिक संरक्षणको विद्यमान अवस्था

- संविधानले प्रत्येक व्यक्ति र समुदायलाई भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र संवर्द्धनलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको
- सांस्कृतिक सम्पदाको अध्ययन तथा अनुसन्धान गरी तिनीको आधिकारिक पहिचान, उचित संरक्षण र व्यवस्थापनमार्फत राष्ट्रिय गौरवको जगेर्ना गर्ने उद्देश्यले संस्कृति नीति, २०६८ तयार



## सांस्कृतिक विविधता

- गण्डकी प्रदेशभित्र १०४ भन्दा बढी जातजाति, १० भन्दा बढी धर्म र ७२ भन्दा बढी मातृभाषा
- ब्राह्मण १९.९७ %, मगर १८.८३ %, क्षेत्री १३.१३ %, गुरुङ ११.०४ % र विश्वकर्मा ९.३२ %
- हिन्दु८ २.२२ %, बौद्ध ११.५४ %, ईसाइ २.३६ % र बोन २.१६ % धर्मालम्बी
- प्रदेशमा नेपाली ७३.३९ %, मगर ढुट ९.६ %, गुरुङ ८.४४ %, थारु १.७४ %, नेवारी १.५३ % र तामाङ १.३६ % मातृभाषाको प्रयोग




## सम्पदा तथा साहित्य:


- प्रदेशभित्र १४१ वटा मुख्य पुरातात्त्विक सम्पदा र ६०२ अन्य सम्पदा पहिचान भएको
- प्रदेशमा ७२ वटा सङ्ग्रहालय सञ्चालनमा, २२ वटा निर्माणाधीन र २५ वटा प्रस्तावित कुल ४१ वटा सामुदायिक तथा सार्वजनिक पुस्तकालयको स्थापना, निर्माण र स्तरोन्नति
- भानुभक्त आचार्य, लेखनाथ पौड्याल, भूपि शेरचन, अलि मियाँ, झलकमान गन्धर्व तथा धर्मराज थापालगायतका ख्याती प्राप्त व्यक्तित्वको साहित्य तथा सङ्गीत विधामा महत्त्वपूर्ण योगदान

# विज्ञान तथा प्रविधि



## नीतिगत तथा कानुनी व्यवस्था

- विकासमा योगदान पुर्‍याउन विज्ञान तथा प्रविधि नीति, २०७६ कार्यान्वयनमा रहेको
- विज्ञान तथा प्रविधिको क्षेत्रमा अध्ययन तथा अनुसन्धानको वातावरण तयार गर्न गण्डकी प्रदेश विज्ञान तथा प्रविधि ऐन, २०७६ र सोको नियमावली २०७९ तर्जुमा गरिएको



## नवप्रवर्तनका लागि साझेदारी

- नवप्रवर्तनलाई प्राथमिकता दिँदै गण्डकी प्रदेशमा नवप्रवर्तनशील साझेदारी कोष स्थापना जसले नवप्रवर्तन र विज्ञानको क्षेत्रको प्रवर्द्धनमा योगदान
- शैक्षिक र व्यावसायिक संस्थासँगको साझेदारीमा ८ प्रकारका नयाँ प्रविधिको विकास



## पूर्वाधार विकास तथा संरचनागत व्यवस्था:

- नवप्रवर्तनलाई प्राथमिकता दिई प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत नवप्रवर्तनशील साझेदारी कोष स्थापना
- अध्ययन अनुसन्धान पूर्वाधार विकासमा एउटा विशिष्टीकृत प्रयोगशाला स्थापना

## मुख्य सवाल र चुनौती

### गुणस्तरीय र व्यावहारिक शिक्षाका अवसर सुनिश्चित

- सामुदायिक विद्यालय र स्वदेशी विश्वविद्यालयलाई शैक्षिक आकर्षणको केन्द्रका रूपमा विकास गर्नु।
- पाठ्यक्रमलाई स्थानीय आवश्यकताअनुसार सुधार गरी समाज र स्थानीय स्तरमा रोजगारयोग्य जनशक्ति तयार गर्नु।



# गुणस्तरीय शिक्षा

### १ पूर्वाधार विकास र संस्थागत सुधार

- गुणस्तरको सुधारमा अपेक्षित परिणाम नआएको र सुशासनको सुनिश्चितताको कमी।
- विद्यालयहरूको एकीकरण गरी लीड विद्यालयमा रूपान्तरण र स्थानीय सरकारको संस्थागत क्षमता विकास गर्नु।

### २ शैक्षिक साझेदारी र सहकार्यको सुधार

- तीनै तहका शैक्षिक संरचनाको प्रभावकारी परिचालनमा कमी ।
- स्थानीय र प्रदेश स्तरमा अनुभव र ज्ञानको व्यावहारिक प्रयोग र साझेदारीको सुधार गर्नु।

### ३ जनशक्ति विकास

- प्रादेशिक प्राथमिकताका लागि दक्ष जनशक्ति उत्पादन र परिचालनको कमी।
- उच्चस्तरीय विशेषज्ञता हासिल गरेको जनशक्तिको पलायन रोक्न र तुलनात्मक लाभका अवसर सिर्जना गर्नु।

### ४ विश्वविद्यालय र सामुदायिक विद्यालय शिक्षाको सुधार

- विश्वविद्यालयलाई प्रादेशिक आवश्यकता अनुसार उच्च शिक्षाको अवसर प्रदान गर्न सक्षम बनाउनु।
- सामुदायिक विद्यालय शिक्षामा जनविश्वास बढाउन र शिक्षा प्रणालीको सुधार गरी विविध आवश्यकताका समाधान सिर्जना गर्नु।

### ५ ६ गण्डकी प्रदेश विश्वविद्यालयलाई उत्कृष्ट शैक्षिक गन्तव्यका रूपमा स्थापित

- विश्वविद्यालयको पूर्वाधार व्यवस्थापनमा कमी र अनुभवि जनशक्तिको व्यवस्था गर्नु।
- विश्वविद्यालयलाई बजारको माग अनुरूप अध्ययन र अनुसन्धान केन्द्रका रूपमा स्थापित गर्न पर्याप्त लगानी जुटाउन कठिन।

# मुख्य सवाल र चुनौती

## युवा तथा खेलकुद

### १ युवाका लागि क्षमता विकास एवम् रोजगारीका अवसर सिर्जना

- युवा लक्षित नीति, योजना र कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा कमी ।
- युवालाई नवप्रवर्तनशील र उद्यमशील बनाउनु बजारमाग र जनशक्तिको आपूर्तिबिच सामञ्जस्यता कायम गर्नु जटिलता ।

### २ नैतिकवान तथा सदाचार युवाशक्ति निर्माण

- तीव्र युवा पलायनलाई रोक्नु र समग्र विकास प्रक्रियामा युवालाई आबद्ध गर्नु चुनौती ।
- युवामा ज्ञान सिप क्षमता र नैतिकवान सोचको विकासमा कमी
- युवामा स्वस्थ्य जीवनशैलीको प्रवर्द्धन गर्नु ।


### ३ खेलकुद क्षेत्रलाई व्यावसायिक बनाउनु

- खेलकुदका गुणस्तरीय पूर्वाधार विकास र अन्तर्राष्ट्रियस्तरको क्षमता विकास गर्नु ।
- खेल क्षेत्रमा सुशासन कायम गर्दै व्यावसायिक सुरक्षा र संस्थागत विकासलाई सुदृढ बनाउनु, खेलकुदलाई जीविकोपार्जनको माध्यमका रूपमा विकास गर्नु ।

### ४ खेलकुदमा प्रतिस्पर्धी क्षमता विकास

- खेल प्रशिक्षण र प्रतियोगितामा निरन्तरताको कमी ।
- स्तरीकृत खेलकुद पूर्वाधारको विकास गर्न वित्तीय तथा प्राविधिक कठिनाइहरूको समाधान गर्नु र खेलकुदमा आधुनिक प्रविधिको उपयोगमा चुनौती ।

## मुख्य सवाल र चुनौती



### कला, भाषा, सम्पदा र साहित्य

#### १ मौलिक कला, संस्कृति तथा सम्पदाको संरक्षण


- नयाँ पुस्तालाई कला, संस्कृति र सम्पदाको संरक्षणमा अग्रसर बनाउन कठिन।
- कला र संस्कृतिको संरक्षणसँग शिक्षा जोडेर यसको अध्ययन र सांस्कृतिक क्षयीकरणलाई रोक्नु।

#### २ सम्पदा र संस्कृतिको आर्थिक उपयोग

- सांस्कृतिक सम्पदाको प्रचार र संरक्षणमा कमी र दिगो उपयोगको चुनौती।
- कला, साहित्य र संगीत क्षेत्रमा व्यावसायिकताको विकास गर्नु।

#### ३ ऐतिहासिक र पुरातात्त्विक सम्पदाको संरक्षण

- पुरातात्त्विक सम्पदाको अभिलेख तयार गर्न र संरक्षित गर्न व्यवस्थित अध्ययनको कमी।
- ऐतिहासिक सम्पदाको संरक्षणमा सरोकारवालाको रुचि र अग्रसरताको चुनौती।



### विज्ञान तथा प्रविधि

#### १ विज्ञान, प्रविधि र नवप्रवर्तनको विकासको लागि उपयुक्त वातावरण तयार

- नीतिगत र कानूनी व्यवस्थामा सुधार गर्नु।
- भौतिक पूर्वाधार, जनशक्ति, उपकरण र प्रयोगशाला व्यवस्थापनको लागि पर्याप्त बजेट र प्रोत्साहनको कमी।

#### २ प्रविधि तथा अनुसन्धान कार्यको प्रवर्द्धन सबै क्षेत्रमा विस्तार

- सरकारी, गैरसरकारी, निजी तथा सहकारी क्षेत्रलाई प्रविधि र अनुसन्धानमा अग्रसर गराउन कठिनाइ।
- प्रविधि र अनुसन्धानको क्षेत्रलाई सबै क्षेत्रमा प्रभावकारी बनाउने चुनौती।

#### ३ बौद्धिक जनशक्तिलाई विज्ञान, प्रविधि र नवप्रवर्तनको विकासमा अग्रसर

- विशिष्टीकृत अनुसन्धानको विकासमा कमी।
- युवामा विज्ञान र प्रविधिको क्षेत्रमा आकर्षण र अनुसन्धान मनोवृत्तिको विकास गर्नु चुनौतीपूर्ण।

# रूपान्तरणका रणनीति

## गुणस्तरीय शिक्षा

(१) शैक्षिक क्षेत्रमा संरचनागत तथा नीतिगत सुधार गर्ने
(२) शैक्षिक प्रणालीमा संरचनागत रूपान्तरण गर्ने
(३) शिक्षालाई समाज, उत्पादन र बजारसँग जोड्ने
(४) गुणस्तरीय शिक्षाका लागि सहकार्य र साझेदारी गर्ने
(५) शैक्षिक क्षेत्रको कुशल व्यवस्थापन र सुशासन प्रवर्द्धन गर्ने
(६) गुणस्तरीय पूर्वाधार तथा भौतिक संरचनाको विकास गर्ने
(७) उच्च, प्राविधिक तथा विद्यालय शिक्षामा समतामूलक पहुँच कायम गर्ने
(८) गण्डकी प्रदेश विश्वविद्यालयलाई उत्कृष्ट प्राज्ञिक केन्द्रका रूपमा विकास गर्ने

## युवा तथा खेलकुद

(१) राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा युवा सहभागिता वृद्धि गर्ने
(२) युवा लक्षित दिगो आत्मनिर्भरताका अवसर सिर्जना गर्ने
(३) युवामा सिर्जनशीलता तथा व्यावसायिकता विकास गर्ने
(४) खेलकुद क्षेत्रलाई व्यावसायिक तथा जीविकोपार्जनको क्षेत्रका रूपमा विकास गर्ने
(५) खेलाडीमा प्रतिस्पर्धी क्षमता विकासका अवसर सिर्जना गर्ने
(६) खेलकुद क्षेत्रको विकासका लागि संस्थागत संरचना र पूर्वाधार विकास गर्ने

## कला, भाषा, सम्पदा र साहित्य

(१) मौलिक कला, भाषा तथा साहित्यलाई प्रोत्साहन, प्रवर्द्धन तथा संरक्षण गर्ने
(२) पुरातात्त्विक तथा ऐतिहासिक सम्पदाको अध्ययन र संरक्षणको व्यवस्था गर्ने
(३) सांस्कृतिक पुस्तान्तरणको लागि उपयुक्त वातावरण तयार गर्ने
(४) भाषा, कला तथा संस्कृति र सम्पदाको संरक्षण र संवर्द्धनमा सहकार्य तथा साझेदारी विस्तार गर्ने

## विज्ञान तथा प्रविधि

(१) विज्ञान तथा प्रविधि र नवप्रवर्तनको संरचना विकास गर्ने
(२) उच्च शिक्षा प्रदायक शैक्षिक संस्थामा अनुसन्धानमूलक कार्यलाई प्रोत्साहित गर्ने
(३) अनुसन्धान र प्रविधिको विकास तथा उपयोगमा लगानी विस्तार गर्ने
(४) नवप्रवर्तन र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने

# प्रमुख हस्तक्षेपकारी कार्यक्रम

## गुणस्तरीय शिक्षा

### (क) शैक्षिक क्षेत्र संरचनागत सुधार कार्यक्रम

- शिक्षासम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा;
- बिग विद्यालय, लीड विद्यालय र आवासीय विद्यालय विकास र विस्तार कार्यक्रम;
- मातृभाषा शिक्षा प्रवर्द्धन सहयोग;
- एकीकृत मिडिया र सूचना साक्षरता कार्यक्रम;
- शिक्षा क्षेत्रको एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको विकास तथा व्यवस्थापन;
- विद्यार्थीको प्रतिभा पहिचान तथा वृत्ति विकासका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन;
- शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन विकास;
- सामुदायिक पुस्तकालय सहयोग;
- स्थानीय सरकार शैक्षिक पक्षको मूल्याङ्कन प्रणाली विकास;
- शैक्षिक संस्था असल अभ्यास तथा शिक्षक अनुभव आदान प्रदान;
- परीक्षा र मूल्याङ्कन सुधारका लागि क्षमता विकास;
- विशेष शिक्षा सञ्चालित स्रोत कक्षाको सुदृढीकरण;
- विद्यालय कृषि तथा व्यावसायिक सिप अभ्यास कार्यक्रम ।

### (ख) शैक्षिक पूर्वाधार विकास कार्यक्रम

- विद्यालय भवन निर्माण तथा स्तरोन्नति;
- विद्युतीय पुस्तकालय निर्माण तथा स्तरोन्नति;
- विज्ञान प्रयोगशाला स्थापना तथा स्तरोन्नति;
- प्राविधिक अभ्यास कार्यशाला स्थापना तथा स्तरोन्नति;
- विपद्बाट क्षति भएका शैक्षिक पूर्वाधार प्रवलीकरण तथा पुनःनिर्माण;
- विद्यालय बगैंचा, व्यायामशाला र खेलकुद मैदानको स्थापना तथा स्तरोन्नति;
- सिकाइ प्रक्रियामा डिजिटल प्रविधिको उपयोग विस्तार ।

### (ङ) प्रारम्भिक बाल विकास केन्द्र सुदृढीकरण कार्यक्रम

- प्रारम्भिक बाल विकास केन्द्र पूर्वाधार निर्माण, स्तरोन्नति तथा व्यवस्थापन सुधार;
- नमुना बालविकास केन्द्र विकास तथा सुदृढीकरण;
- प्रारम्भिक बाल विकास केन्द्रमा कार्यरत सहजकर्ता/शिक्षक क्षमता विकास;
- प्रारम्भिक बाल विकास केन्द्र सिकाइ स्तरीकरण ।

## (ग) मानव संसाधन तथा क्षमता विकास कार्यक्रम

- शिक्षा तालिम केन्द्रको सेवा विस्तार;
- शिक्षकका लागि प्रमाणीकरण तालिम (सूचना प्रविधिसम्बन्धी समेत);
- शिक्षकका लागि आवश्यकतामा आधारित कष्टमाइज्ड तथा पुनर्ताजगी तालिम;
- नेपाल सरकार तथा स्थानीय सरकारसँगको लागत साझेदारीमा शिक्षकको क्षमता विकास कार्यक्रम;
- शिक्षक मेन्टरका लागि क्षमता विकास तालिम सञ्चालन;
- शिक्षक तालिमका लागि मोड्युल विकास, प्रशिक्षक तयारी तथा सहजीकरण;
- शिक्षकका लागि साङ्केतिक भाषाको प्रशिक्षण;
- विज्ञ प्रशिक्षकको सूची (रोष्टर) तयारी तथा परिचालन;
- विद्यालय कर्मचारी क्षमता विकास तथा अभिभावक शिक्षा कार्यक्रम ।

## (च) उच्च शिक्षा प्रवर्द्धन कार्यक्रम

- शैक्षिक गुणस्तर सुधार सहयोग;
- सामुदायिक क्याम्पस पूर्वाधार सुदृढीकरण;
- उच्च शिक्षामा विज्ञान, गणित तथा प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीका लागि छात्रवृत्ति;
- सामुदायिक क्याम्पस क्षमता तथा कार्यसम्पादनमा आधारित सहयोग;
- प्रशासनिक तथा शैक्षिक जनशक्तिको क्षमता विकास;
- अनुसन्धान तथा नवप्रवर्तन सहयोग कार्यक्रम ।

## (घ) प्राविधिक तथा व्यावसायिक शिक्षा प्रवर्द्धन कार्यक्रम

- प्राविधिक शिक्षा तथा व्यावसायिक प्रशिक्षण प्रादेशिक रणनीतिक योजना तर्जुमा;
- प्राविधिक जनशक्ति आवश्यकता अध्ययन तथा प्रक्षेपण;
- गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान प्रयोगशाला स्तरोन्नति;
- विद्यार्थी आदान-प्रदान कार्यक्रम;
- गण्डकी प्रविधि तथा नवप्रवर्तनशील शैक्षिक केन्द्र विकास आयोजना
- मागमा आधारित सिप विकास तालिम तथा सिप परीक्षण कार्यक्रम ।

## (ज) जीवनोपयोगी तथा व्यावहारिक शिक्षा प्रवर्द्धन कार्यक्रम:

- जीवनोपयोगी शिक्षा, अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइको प्रादेशिक मापदण्ड तयारी;
- भविष्यका लागि शुक्रवार (Friday for Future) कार्यक्रम;
- सिर्जनशील अध्ययनशाला कार्यक्रम;
- औद्योगिक प्रतिष्ठानसँगको सहकार्यमा उद्यमशीलता तालिम तथा प्रदर्शन;
- उद्यमशीलता प्रवर्द्धनमूलक शैक्षिक कार्यक्रम;
- वृत्ति विकास परामर्श कार्यक्रम;
- अनौपचारिक शिक्षाको पाठ्यक्रम तथा सन्दर्भ सामग्री विकास;
- जीवनपर्यन्त सिकाइको प्रमाणीकरण गर्ने प्रणालीको स्थापना;
- विद्यालयमा सिक्दै कमाउँदै, कमाउँदै सिक्दै कार्यक्रम;
- उच्च शिक्षामा अध्ययनरत विद्यार्थीका लागि इन्टर्नशीप कार्यक्रम ।

### (छ) विपन्न तथा लक्षित वर्ग शैक्षिक उन्नयन कार्यक्रम

- बौद्धिक अपाङ्गता, अटिजम र मनोसामाजिक समस्या भएका बालबालिका लागि प्रदेशस्तरमा आवासीय विद्यालय स्थापना;
- ११ र १२ कक्षामा विज्ञान विषय अध्ययन गर्ने गरिब तथा दलित छात्रवृत्ति कार्यक्रम;
- पिछडिएको वर्ग उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम;
- स्थानीय तथा मातृ भाषाका पाठ्यक्रम निर्माण तथा पठनपाठनमा सहयोग;
- अपाङ्गता भएका विद्यार्थीका लागि शैक्षिक तथा सहयोगी सामग्री सहयोग ।

### (झ) गण्डकी प्रदेश विश्वविद्यालय पूर्वाधार निर्माण तथा व्यवस्थापन सुधार कार्यक्रम

- शैक्षिक सुधार तथा पूर्वाधार विकास कार्यक्रम;
- जनशक्ति व्यवस्थापन तथा क्षमता विकास कार्यक्रम सहयोग;
- व्यावहारिक तथा प्राज्ञिक अनुसन्धान एवम् नवप्रवर्तन;
- पाठ्यक्रम अद्यावधीकरण ।

### (ञ) विद्यावत सहर कार्यक्रम

- सम्भाव्यता अध्ययन, स्थान पहिचान तथा नक्साङ्कन;
- विद्यावत सहरको अवधारणा तयारी;
- शैक्षिक प्रतिष्ठान स्थापना तथा शैक्षिक कार्यक्रम;
- अध्ययन तथा अनुसन्धान र ज्ञान प्रसार;
- ज्ञानको उपयोग तथा अभ्यास ।

## युवा तथा खेलकुद

### (क) युवा सिर्जनशीलता तथा रूपान्तरण कार्यक्रम

- युवा नीति तथा योजना तर्जुमा;
- शासन तथा विकास प्रक्रियामा युवा साझेदारी प्रवर्द्धन;
- युवा परामर्श तथा उत्प्रेरणा कार्यक्रम ;
- युवा उद्यमशीलता विकास कार्यक्रम;
- युवामैत्री स्थानीय शासन प्रवर्द्धन ।

### (ख) खेलकुद पूर्वाधार विकास कार्यक्रम

- शैक्षिक सुधार तथा पूर्वाधार विकास कार्यक्रम;
- जनशक्ति व्यवस्थापन तथा क्षमता विकास कार्यक्रम सहयोग;
- व्यावहारिक तथा प्राज्ञिक अनुसन्धान एवम् नवप्रवर्तन;
- पाठ्यक्रम अद्यावधीकरण ।

### (ग) व्यावसायिक तथा गुणस्तरीय खेलकुद प्रवर्द्धन कार्यक्रम

- सम्भाव्यता अध्ययन, स्थान पहिचान तथा नक्साङ्कन;
- विद्यावत सहरको अवधारणा तयारी;
- शैक्षिक प्रतिष्ठान स्थापना तथा शैक्षिक कार्यक्रम;
- अध्ययन तथा अनुसन्धान र ज्ञान प्रसार;
- ज्ञानको उपयोग तथा अभ्यास ।

# कला, भाषा, सम्पदा र साहित्य



## (क) मौलिक ज्ञान, कला, भाषा र संस्कृति संरक्षण तथा प्रवर्द्धन कार्यक्रम

- विद्यालय पाठ्यक्रम अद्यावधीकरण तथा मातृभाषा शिक्षा प्रवर्द्धन सहयोग;
- मूर्त - अमूर्त सांस्कृतिक सम्पदा अध्ययन तथा अभिलेखीकरण;
- बहुसांस्कृतिक ग्राम निर्माण तथा व्यवस्थापन;
- लोक साहित्य तथा सङ्गीत प्रवर्द्धन;
- परम्परागत ज्ञान तथा सिपसम्बन्धी अध्ययन, प्रकाशन तथा प्रसारण।

## (ख) संस्कृति तथा सम्पदा संरक्षण तथा सुदृढीकरण कार्यक्रम

- संस्कृति तथा पुरातत्त्वसम्बन्धी नीति तथा कानुन निर्माण;
- पुरातात्त्विक सम्पदा अध्ययन तथा अनुसन्धान;
- सम्पदा तथा संस्कृतिको अध्ययन तथा अन्वेषण र अभिलेखन;
- गण्डकी प्रदेश सङ्ग्रहालय सुदृढीकरण।

## (ग) सांस्कृतिक पर्यटन प्रवर्द्धन कार्यक्रम

- सांस्कृतिक एवम् पुरातात्त्विक सम्पदाको प्रचार प्रसार;
- सम्पदा तथा सांस्कृतिक क्षेत्र पूर्वाधार विकास तथा स्तरोन्नति;
- सांस्कृतिक स्थल तथा पुरातात्त्विक क्षेत्र संरक्षण र स्तरोन्नति।

# विज्ञान तथा प्रविधि

## (क) विज्ञान प्रविधि अध्ययन तथा अनुसन्धान कार्यक्रम

- कार्यस्थलमा आधारित सिप विकास कार्यक्रम (इन्टर्नशीप कार्यक्रम);
- प्राज्ञिक अध्ययन तथा अनुसन्धान सहयोग कार्यक्रम;
- वैज्ञानिक तथा अनुसन्धानकर्ता प्रोत्साहन;
- विज्ञान तथा प्रविधि शिक्षक तालिम;
- विज्ञान प्रविधिको क्षेत्रमा प्रदेश उत्कृष्ट संस्था तथा व्यक्ति सम्मान र प्रोत्साहन।

## (ख) क्षेत्रगत प्रविधि विकास तथा उपयोग विस्तार कार्यक्रम

- उत्पादनशील तथा उत्थानशील प्रविधि विकास कार्यक्रम;
- सुशासनका लागि प्रविधि विस्तार कार्यक्रम;
- प्रविधि विकास तथा विस्तार कार्यक्रम;
- आइसिटी बुट क्याम्प सञ्चालन;
- साना प्रविधि विकास तथा विस्तार कार्यक्रम।

# विज्ञान तथा प्रविधि

## (ग) विज्ञान तथा प्रविधि विकासमा संरचनागत सुधार कार्यक्रम

- नीतिगत तथा कानुनी सुधार;
- विशिष्टीकृत अनुसन्धान प्रयोगशाला निर्माण;
- अनुसन्धान संस्था तथा निकाय स्तरीकरण तथा सबलीकरण।

## (घ) रैथाने प्रविधि स्तरोन्नति कार्यक्रम


- नीतिगत तथा कानुनी सुधार;
- विशिष्टीकृत अनुसन्धान प्रयोगशाला निर्माण;
- अनुसन्धान संस्था तथा निकाय स्तरीकरण तथा सबलीकरण।

## (ङ) अनुसन्धान तथा नवप्रवर्तन कार्यक्रम


- अनुसन्धानकर्ता प्रोत्साहन सहयोग;
- नवप्रवर्तन साझेदारी विकास कार्यक्रम;
- व्यावहारिक प्रविधि विकास कार्यक्रम;
- प्रादेशिक प्राथमिकता क्षेत्रमा अनुसन्धान तथा प्रविधि हस्तान्तरण कार्यक्रम।

# परिमाणात्मक लक्ष्य


## गुणस्तरीय शिक्षा





## विद्यालय शिक्षा (१-१२ कक्षा) शिक्षक विद्यार्थी अनुपात (अङ्क)



आधारभूत तहमा विद्यालय उमेरका विद्यालय बाहिर रहेका बालबालिका सङ्ख्या





आधारभूत तह (१-८) को खुद भर्नादर





**प्राविधिक शिक्षा प्रदान गर्ने शैक्षिक संस्था (सङ्ख्या)**




## युवा तथा खेलकुद




## युवा तथा खेलकुद क्षेत्रको वार्षिक बजेट (प्रतिशत)




## कला, भाषा, सम्पदा र साहित्य




- सङ्ग्रहालय भ्रमण गर्ने पर्यटक (हजारमा)
- संरक्षण/प्रवर्द्धन गरिएका सम्पदा
- मासिक औसत १0 हजारभन्दा बढी पर्यटकले भ्रमण गर्ने धार्मिक तथा सांस्कृतिक सम्पदा

## विज्ञान तथा प्रविधि




- व्यावहारिक अनुसन्धानमा संलग्न जनशक्ति
- वार्षिक अध्ययन तथा अनुसन्धान
- विकास/प्रवर्द्धन गरिएका नयाँ प्रविधि



# दिगो तथा उत्थानशील पूर्वाधार

# पृष्ठभूमि

१

प्रदेशभित्रको लोकमार्ग, सहायक मार्ग निर्माण, स्तरोन्नति, मर्मतसम्भार तथा नियमन, स्थानीय तहमा ट्राफिक व्यवस्थापन, सूचना प्रविधिको प्रवर्द्धन, वैकल्पिक यातायात प्रवर्द्धन, सहरी विकास योजना तर्जुमा, भवन-आवास तथा सहरी पूर्वाधार निर्माण, सुरक्षित बसोबास तथा जग्गा एकीकरण जस्ता विषय प्रदेश सरकारको अधिकार क्षेत्रभित्र समावेश रहेका छन् ।

२

पूर्वाधार विकास क्षेत्रको नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रदेश सरकारबाट स्वीकृत कार्यविभाजन नियमावलीले पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको कार्यजिम्मेवारी अन्तर्गत समावेश गरेको छ ।

३

प्रदेशको क्षेत्राधिकारमा रहेका लोकमार्ग, प्रदेश राजधानी र स्थानीय तहको केन्द्र जोड्ने मूल सडक तथा दुई वा सो भन्दा बढी स्थानीय तहको केन्द्र जोड्ने प्रमुख सडकलाई प्रदेश तहको विकास कार्यक्रम तथा आयोजनामा समावेश गरिएको छ ।

४

गण्डकी प्रदेश सरकारले प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ र प्रदेश विकास प्राधिकरण ऐन, २०७७ तयार गरेको छ ।

५

प्रदेशमा सडक, यातायात, भवन, आवास, बस्ती तथा सहरी विकास, सूचना तथा सञ्चार प्रविधिको विकास, विस्तार तथा स्तरोन्नतिसम्बन्धी कार्यलाई योजनावद्ध, नतिजामूलक, लागत प्रभावकारी एवम् सुव्यवस्थित रूपमा सञ्चालन गर्न आवश्यक छ ।


# विद्यमान अवस्था

## सडक तथा यातायात पूर्वाधार



### प्रदेशको सडक पूर्वाधार विकास

- प्रदेश सवारी तथा यातायात व्यवस्थापन ऐन र नियमावलीमार्फत सडक पूर्वाधार विकास, स्तरोन्नति, र सञ्चालनको नीति तथा कानुन
- कोराला-त्रिवेणी सडक, शालिग्राम करिडोर सडक, र प्रदेश सभा भवनजस्ता रूपान्तरणकारी आयोजना
- ८३ स्थानीय तह सडक सञ्जालमा आबद्ध, जसमध्ये ६८ तह पक्की सडकमा आवद्ध



### सडक तथा पुल निर्माणको उपलब्धि

- आर्थिक वर्ष २०८०/८१ सम्ममा १२,५०० कि.मि. सडक निर्माण
- कुल सडकमध्ये पक्की ५.९६%, ग्राभेल ११.२५%, र कच्ची ८२.७९%
- ८५ वटा सडक पुल निर्माण सम्पन्न, ४६ वटा निर्माणाधीन



### विमानस्थल र यातायातको विस्तार


- ७ विमानस्थल मध्ये पोखरा र जोमसोम मात्र सञ्चालन
- पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको व्यावसायिक उडानका लागि कूटनीतिक पहल आवश्यक
- गोरखा, नवलपुर, बागलुङ र पोखरामा चार केबलकार सञ्चालनमा र थप स्थानमा अध्ययन



### आ.व. २०८०/८१ सम्मको अवस्था

- कुल सडक लम्बाइ: ११,७२८ कि.मि., जसमध्ये पक्की ६९९ कि.मि., ग्राभेल १,३१९ कि.मि., र धुले ९,७१० कि.मि
- प्रदेश सडक लम्बाइ: ५,९०० कि.मि., पक्की सडक घनत्व ०.५४ कि.मि. प्रति वर्ग कि.मि
- पुल निर्माण: ८५ सम्पन्न, ४६ निर्माणाधीन

# यातायात व्यवस्थापन




## यातायात सेवा सुधार र डिजिटलाइजेसन

- गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ र नियमावली, २०८० लागू, यातायात सेवा सुरक्षित, मर्यादित, र सुव्यवस्थित
- सवारी तथा यातायात क्षेत्रको अभिलेख डिजिटलाइज गर्न पहल



## यातायात व्यवस्था कार्यालयको सेवा प्रवाह

- कास्कीमा दुई कार्यालय (सवारी चालक अनुमतिपत्र र सवारी दर्ता, नवीकरण आदि सेवाका लागि) तथा बागलुङ, नवलपुर, र तनहुँमा यातायात व्यवस्थाका सेवा उपलब्ध
- गोरखा, लमजुङ, स्याङ्जा, म्याग्दी, र पर्वतमा बिल बुक, अनुमतिपत्र नवीकरण, र अस्थायी रुट इजाजत सेवा उपलब्ध



## विद्युतीय सवारी साधनको प्रवर्द्धन

- विद्युतीय सवारी साधनको प्रयोगमा जोड
- विद्युतीय सवारी चालक अनुमतिपत्र प्रणाली परीक्षण स्वरूप कास्कीमा सञ्चालन
- इम्बोस्ड नम्बर प्लेट जडान व्यवस्थित हुँदै



## आ.व. २०८०/८१ सम्मको अवस्था

- दर्ता भएका सवारी साधन जम्मा २३,१७०
- वार्षिक विद्युतीय सवारी साधन थप करिब ५००

# भवन, आवास, बस्ती तथा सहरी विकास



## शहरीकरण र भवन निर्माणको प्रगति

- प्रदेशको १९.४% क्षेत्रफल ओगटेका २७ नगरपालिकामा ६५.८% जनसङ्ख्या बसोबास
- प्रदेश सरकारको अग्रसरतामा सुविधा सम्पन्न ९ सभा हल, ६ अस्पताल, २४ वडा कार्यालय भवन, गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान भवन, र प्राकृतिक चिकित्सालय निर्माण सम्पन्न
- ३ पहिचानयुक्त सरकारी भवन (प्रदेश सभा भवन, प्राविधिक शिक्षा प्रतिष्ठान भवन, गण्डकी विश्वविद्यालय भवन) निर्माणउन्मुख



## आवास र सुरक्षित बसोबास

- जनता आवास कार्यक्रम अन्तर्गत २,००० आवासीय घर निर्माण र २०० घरमा खरको छाना विस्थापन
- सुरक्षित भवन आचारसंहिता अनुसार बसोबास गर्ने जनसङ्ख्या २७% र आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार ८१.७%
- ३० मिनेटको दुरीमा बजार वा पक्की सडकमा पहुँच हुने घरपरिवार ४८%



## सहरी विकास र स्याटेलाइट सिटी योजना

- पोखरा वरिपरिका ४ सहर (स्याङ्जाको पुतलीबजार, पर्वतको कुश्मा, तनहुँको शुक्लागण्डकी, लमजुङको मध्यनेपाल) लाई स्याटेलाइट सिटी बनाउने लक्ष्य
- शहरी विकास र भवन मर्मतसम्भारका लागि १५ सरकारी भवनमा सुधार र पुनर्निर्माण

# सूचना तथा सञ्चार प्रविधि



| | |
|---|---|
| इन्टरनेट प्रयोगकर्ता : | प्रदेशको कुल जनसङ्ख्याको ६४.११% |
| नेपाल टेलिकमबाट वितरित टेलिफोन लाइन : | २,९७,४१५ |
| इन्टरनेट सेवा प्रदायक : | ३७ वटा |
| अनलाइन सञ्चार माध्यम : | ६५७ वटा |
| ल्याण्डलाइन टेलिफोन : | ३४,१८८ |
| अर्डिनरी मोबाइल फोन : | ४,७०,५५९ |
| स्मार्ट मोबाइल फोन : | ५,१४,६९० |

# मुख्य सवाल र चुनौती



## सडक तथा यातायात पूर्वाधार

### १ सडक सञ्जालको विकास, विस्तार र स्तरोन्नति

- सडक सञ्जालको मापदण्ड तयार र स्तरअनुसारको निर्धारणको कमी।
- व्यवस्थित सडक पेटी, साइकल लेन र अपाङ्ग तथा बालबालिकामैत्री सडक निर्माणको कमी।
- झोलुङ्गे पुलको निर्माण, स्तरोन्नति, र मर्मतसम्भारमा कमी।
- सुरक्षित, वातावरणमैत्री र उत्थानशील सडक पूर्वाधार विकासमा जटिलता।

### २ व्यापारिक तथा पर्यटकीय केन्द्र

- दुर्गम बस्ती र बजारमा सडक तथा पुलको निर्माण र मर्मतसम्भार अपर्याप्त।
- प्रमुख सडकमा आवश्यक पुल तथा संरचनाको कमी।
- व्यापारिक र पर्यटकीय केन्द्रलाई रेलमार्ग, छोटो सडक मार्ग, र सुरूङ मार्गले जोड्न स्रोतको कमी।
- नियमित मर्मतसम्भार गरी यातायात सुचारु गर्न कठिनाइ।

### ३ वैकल्पिक यातायात पूर्वाधारको विकास

- जल यातायातको सम्भाव्यता अध्ययन र विस्तारको कमी।
- धार्मिक, पर्यटकीय, र सांस्कृतिक केन्द्रमा केवलकार र रज्जुमार्ग निर्माणमा कमी।
- मेट्रो रेल, मोनो रेल, र विद्युतीय बस सेवामा सार्वजनिक तथा निजी लगानी आकर्षणको न्यूनता।
- प्राविधिक, वित्तीय र वातावरणीय चुनौतीले वैकल्पिक यातायात विकास सीमित।

### ४ विमानस्थलको विस्तार र स्तरोन्नति

- बलेवा, ढोरपाटन, हुम्डे, र पालुङटार विमानस्थलको पुन: सञ्चालन गर्नु।
- पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई व्यावसायिक रूपमा सञ्चालनमा ल्याउन कठिनाई।
- क्षेत्रीय हवाई पूर्वाधारको स्तरोन्नति र विस्तारमा स्रोत कमी।

# मुख्य सवाल र चुनौती



## यातायात व्यवस्थापन

### १ सार्वजनिक यातायातलाई सुव्यवस्थित र सुरक्षित बनाउने

- सवारी साधनको चेकजाँच, अनुमति, र रूट व्यवस्थापन प्रविधिमैत्री गराउनु।
- टाइमकार्ड र ट्र्याकिङ प्रणालीको कमी।
- ट्राफिक नियमप्रतिको सचेतना अभिवृद्धि र प्रविधिमैत्री व्यवस्थापनको कमी।
- सार्वजनिक यातायातलाई थप सुरक्षित र व्यवस्थित बनाउने चुनौती।

### २ यातायात प्रणालीलाई लक्षित वर्गमैत्री र सुरक्षित बनाउन आवश्यक पहल

- सवारी प्रदूषण नियन्त्रण र सडक सुरक्षाका लागि प्रभावकारी नियमन र अनुगमनको कमी।
- सार्वजनिक सवारीको भाडादरलाई वैज्ञानिक र व्यवस्थित बनाउनु।
- अपाङ्ग, बालबालिका, ज्येष्ठ नागरिक र महिलामैत्री यातायात प्रणालीको विकास।
- निजी सवारीको प्रयोग घटाई वातावरणमैत्री मास ट्रान्सपोर्टको प्रवर्धन।
- सडक दुर्घटनाको न्यूनीकरणका लागि प्रभावकारी कदम उठाउनु।

## मुख्य सवाल र चुनौती

# भवन, आवास, बस्ती तथा सहरी विकास

### १ सहर, बजार र बस्ती विकासलाई एकीकृत र व्यवस्थित

- तहगत र निकायगत समन्वय, साझेदारी, र सहकार्यमा कमी ।
- भौगोलिक, भौगर्भिक तथा जल प्रणालीको अध्ययन बिना सहरी र बस्ती विस्तार ।
- छरिएका बस्तीलाई एकीकृत गरी सेवा सुविधा पुऱ्याउनु ।
- विकेन्द्रित सहर विकासमार्फत सहरीकरणलाई व्यवस्थित गर्न आवश्यक प्रयासको कमी ।
- सहर, बजार र बस्तीलाई दिगो र सुविधा सम्पन्न बनाउने चुनौती ।

### २ सन्तुलित, सुरक्षित र एकीकृत बस्ती तथा सहरी विकास

- जोखिमपूर्ण स्थानमा रहेका बस्तीका लागि एकीकृत आवास र भूउपयोग योजनाको कमी ।
- स्थान पहिचान, समुदाय परिचालन, र जग्गा एकीकरणमा नीतिगत तथा व्यावहारिक कठिनाइ ।
- जनसङ्ख्याको असन्तुलित केन्द्रीकरण कम गर्न व्यवस्थित सहरी पूर्वाधारको विकास ।
- जोखिम न्यूनीकरणमा आधारित भूउपयोग योजना लागू गरी बस्तीलाई सुरक्षित बनाउनु ।

### ३ दिगो, सुरक्षित र प्रदूषणमुक्त सहर विकास

- स्याटेलाइट सिटी निर्माणको आवश्यकता बढ्दै जानु ।
- स्मार्ट यातायात, गुणस्तरीय खानेपानी, सरसफाइ, र सूचना प्रणालीमा पहुँच सुनिश्चित गर्न कठिनाइ ।
- प्रविधिमा आधारित उत्पादन प्रणाली र गतिशील आर्थिक गतिविधियुक्त सहरको विकास गर्नु
- सुरक्षित, प्रदूषणमुक्त, र दिगो सहर विकासलाई प्राथमिकतामा राख्नु ।

# मुख्य सवाल र चुनौती




## १ सेवाप्रवाहमा सूचना र सञ्चार प्रविधिको उपयोग

- दूरसञ्चार पूर्वाधारको विकास र प्रविधिको स्तरोन्नति गरेर सेवा सहज र गुणस्तरीय बनाउनु।
- सूचना तथा सञ्चार प्रविधिको समतामूलक पहुँचमा कमी।
- सूचना प्रविधि प्रणालीबिच अन्तरआबद्धता कायम गर्नु।
- सूचना प्रविधि र सामाजिक सञ्जाल प्रयोगलाई सुरक्षित र मर्यादित बनाउनु।

## २ सूचना र सञ्चार प्रविधिको व्यावसायिकता

- शिक्षा, स्वास्थ्य सेवा र अनुसन्धानलाई सूचना प्रविधिमा आधारित बनाउनु।
- सूचना प्रविधिमा आधारित व्यापार र व्यवसायको विकास र युवाको रोजगारी बढाउनु।
- विश्वव्यापी गतिशीलतासँग तालमेल राख्दै व्यावसायिक, प्रतिस्पर्धी र गुणस्तरीय बनाउनु चुनौतीपूर्ण।

## रूपान्तरणका रणनीति

### सडक तथा यातायात पूर्वाधार

(१) पूर्वाधार नीति, योजना तथा मापदण्डको तर्जुमा र परिपालना गर्ने

(२) पूर्वाधार विकास आयोजनाको प्रभावकारी व्यवस्थापन गर्ने

(३) सडक तथा यातायात संरचनालाई हरित, उत्थानशील र समावेशी गराउने

(४) प्रादेशिक सडक सञ्जालको विकास, विस्तार र स्तरोन्नति गर्ने

(५) आधुनिक तथा वैकल्पिक पूर्वाधारको विकास गर्ने

### यातायात व्यवस्थापन

(१) यातायात सेवामा गुणस्तरीयता अभिवृद्धि गर्ने

(२) यातायातलाई पहुँचयोग्य बनाउन र यातायात खर्च घटाउन सञ्जालीकृत यातायात प्रणालीको विकास गर्ने

(३) विद्युतीय सवारी साधनको उपयोग प्रवर्द्धन गर्ने

### भवन, आवास, बस्ती तथा सहरी विकास

(१) आवास, बस्ती तथा सहरी विकास पूर्वधारको विकास, स्तरोन्नति र व्यवस्थापन गर्ने

(२) पूर्वाधार विकासमा तहगत सरकार तथा निजी क्षेत्रबिच साझेदारी तथा सहकार्य अभिवृद्धि गर्ने

(३) आवास, बस्ती तथा सहरी विकासमा एकीकृत प्रणाली अवलम्बन गर्ने

(४) पर्वत मेगासिटीको विकास गर्ने

### सूचना तथा सञ्चार प्रविधि

(१) सूचना तथा सञ्चार प्रविधिको उच्चतम उपयोग गर्ने

(२) सूचना तथा सञ्चार प्रविधिमा जनताको पहुँच सुनिचिश्चित गर्ने

# प्रमुख हस्तक्षेपकारी कार्यक्रम

## सडक तथा यातायात पूर्वाधार

### (क) पूर्वाधार नीति, योजना तथा मापदण्डको तर्जुमा

- एकीकृत प्रादेशिक पूर्वाधार नीति, योजना तथा मापदण्ड तर्जुमा तथा अद्यावधीकरण;
- प्रादेशिक सडक मापदण्ड तथा गुरुयोजना तयारी;
- प्रादेशिक सडक आयोजनाको सम्भाव्यता अध्ययन तथा कार्यान्वयन।

### (ख) प्रादेशिक सडक निर्माण, स्तरोन्नति तथा मर्मतसम्भार

- नारायणी करिडोर विकास आयोजना;
- शालिग्राम करिडोर सडक निर्माण तथा विस्तार;
- जिल्ला सदरमुकाम र स्थानीय तहको केन्द्र जोड्ने पक्की सडक निर्माण;
- प्रदेश भित्रका महत्त्वपूर्ण धार्मिक, पर्यटकीय तथा आर्थिक केन्द्र जोड्ने सडक निर्माण;
- बाह्रै महिना सञ्चालन हुने सडक पूर्वाधारको विकास तथा विस्तार;
- निर्मित सडक पूर्वाधार तथा संरचनाको नियमित मर्मतसम्भार तथा स्तरोन्नति।

### (ग) सडक पुल निर्माण तथा मर्मतसम्भार

- प्रमुख सडकमा पुल, कल्भर्ट तथा अन्य संरचना निर्माण;
- दुर्गम बस्ती र बजारलाई जोड्ने सडक पुल निर्माण;
- निर्माण भएका सडक पुलको मर्मतसम्भार तथा स्तरोन्नति।

### (घ) झोलुङ्गे पुल निर्माण तथा मर्मतसम्भार

- झोलुङ्गे पुल निर्माण, स्तरोन्नति तथा मर्मतसम्भार;
- झोलुङ्गे पुल निर्माणमा स्थानीय तहको प्राविधिक क्षमता अभिवृद्धि।

### (ङ) वैकल्पिक यातायात प्रणाली विकास

- रज्जुमार्ग र केबलकार जस्ता विद्युतीय तथा वैकल्पिक यातायात प्रणाली विकास;
- सार्वजनिक-निजी साझेदारी अवधारणा प्रवर्द्धन ।

### (च) रणनीतिक बसपार्क निर्माण

- सार्वजनिक यातायातको घनत्व र चापको आधारमा बसपार्कको लागि उपयुक्त स्थान पहिचान, सम्भाव्यता अध्ययन र निर्माण;
- प्रदेश स्थानीय साझेदारीमा आधुनिक टर्मिनल सहितको बसपार्क निर्माण, सञ्चालन तथा स्तरोन्नति ।

### (छ) लोकमार्ग आसपास क्षेत्र रिक्रियशनल तथा रिफ्रेशमेण्ट सेण्टर सञ्चालन साझेदारी कार्यक्रम

- पौडी पोखरी र व्यामशाला;
- उद्यान तथा पार्क, शौचालय, खानेपानी तथा प्रतिक्षालय;
- कोशेली घर तथा रैथाने खाना उपलब्ध भोजनालय;
- चार्जिङ स्टेशन र आरामस्थल;
- होटेल र रेष्टुरेण्ट सञ्चालन ।

### (ज) सुरुङ मार्ग सम्भाव्यता अध्ययन तथा निर्माण

- रज्जुमार्ग र केबलकार जस्ता विद्युतीय तथा वैकल्पिक यातायात प्रणाली विकास;
- सार्वजनिक-निजी साझेदारी अवधारणा प्रवर्द्धन ।

# यातायात व्यवस्थापन

## (क) सार्वजनिक यातायात सुदृढीकरण कार्यक्रम

- नीति, कानुन, कार्यविधि र मापदण्ड तर्जुमा तथा सुधार;
- गुणस्तरीय मास ट्रान्सपोर्ट व्यवस्था र वैज्ञानिक भाडादर निर्धारण प्रणाली निर्माण;
- यातायात क्षेत्रमा काम गर्ने मजदुरका लागि योगदानमा आधारित सामाजिक सुरक्षा प्रवर्द्धन;
- यातायात मजदुरलाई सेवाग्राहीमैत्री आचरण जनचेतनामूलक कार्यक्रम;
- सार्वजनिक यातायात प्रणाली सुदृढीकरण सहयोग;
- यातायात व्यवस्था कार्यालय तथा सेवाप्रवाह सुधार।

## (ख) विद्युतीय सवारी साधन प्रवर्द्धन कार्यक्रम:

- चार्जिङ्ग स्टेशन निर्माण तथा विस्तार;
- विद्युतीय सवारी साधन प्रोत्साहन तथा व्यवस्थापन ।

## (ग) सवारी दुर्घटना न्यूनीकरण तथा सडक सुरक्षा कार्यक्रम

- सवारी दुर्घटना न्यूनीकरणका लागि पूर्वाधार सुधार;
- सवारी साधन अनुमतिपत्र वितरण प्रणाली सुधार;
- ट्राफिक सचेतना तथा ट्राफिक नियम नियमन कार्यक्रम;
- ट्राफिक पूर्वाधार विकास, विस्तार र सुधार ।

## (घ) सूचना प्रविधिमा आधारित यातायात सेवा व्यवस्थापन कार्यक्रम

- यातायात क्षेत्रको सेवा डिजिटलाइजेसन;
- अनलाइन भुक्तानी तथा सवारी दर्ता प्रणाली निर्माण;
- यातायात व्यवस्थापन प्रणालीसम्बन्धी सफ्टवयेर निर्माण;
- सवारी अनुमति पत्र छपाइसम्बन्धी प्रादेशिक संरचना निर्माण;
- अभिलेख डिजिटलाइजेसन।

## (ङ) सवारी कर सङ्कलन तथा व्यवस्थापन कार्यक्रम

- सवारी साधन नवीकरण व्यवस्थापन;
- सवारी दर्ता तथा नवीकरण सेवा सुधार;
- सवारी कर जनचेतना विस्तार।

# भवन, आवास, बस्ती तथा सहरी विकास



## (क) व्यवस्थित सहरी विकास कार्यक्रम

- व्यवस्थित सहर तथा बस्ती विकासका लागि मापदण्ड सहित गुरुयोजना तर्जुमा;
- सहर तथा बस्ती विकासमा सार्वजनिक-निजी साझेदारी अवधारणा प्रवर्द्धन;
- स्याटलाइट सहर तथा गाउँ-नगर अन्तरसम्बन्ध विकास कार्यक्रम;
- स्मार्ट सहर विकास कार्यक्रम;
- पर्वत मेगासिटी विकास ।

## (ख) एकीकृत बस्ती विकास कार्यक्रम

- प्रदेश स्थानीय साझेदारीमा स्थानीय तहका केन्द्र र अन्य सम्भाव्य स्थानमा एकीकृत बस्ती विकास;
- बस्ती एकीकरण कार्यक्रम;
- असुरक्षित तथा जोखिमयुक्त बस्ती पहिचान तथा स्थानान्तरण ।

## (घ) प्रादेशिक पहिचानयुक्त प्रदेशको प्रमुख प्रशासनिक केन्द्र निर्माण कार्यक्रम

- नेपाल सरकार तथा सम्बन्धित स्थानीय तहसँग समन्वयमा प्रदेश राजधानी पोखरामा उपयुक्त स्थान पहिचान;
- प्रदेश प्रशासनिक केन्द्रको सम्भाव्यता अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदन;
- प्रदेशको पहिचानयुक्त प्रदेशको प्रमुख प्रशासनिक केन्द्रको संरचना निर्माण ।

## (ग) उच्च जोखिममा रहेका व्यक्तिका लागि विशेष सामाजिक आवास विकास कार्यक्रम

- नेपाल सरकार तथा स्थानीय तहसँगको समन्वय तथा सहकार्यमा स्थान तथा लाभग्राही पहिचान;
- अति-विपन्न, लोपोन्मुख र अति-सीमान्तकृत जातजाति, समुदाय एवम् सुकुम्वासीको लागि सुरक्षित र किफायती आवास व्यवस्थापन;
- अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत विपद्को उच्च जोखिममा रहेका व्यक्तिका लागि दिवा सेवा केन्द्र तथा विशेष सामुहिक आवासको विकास ।

# सूचना तथा सञ्चार प्रविधि



## (क) प्रादेशिक सूचना तथा आयोजना व्यवस्थापन प्रणाली विकास तथा व्यवस्थापन कार्यक्रम

- एकीकृत प्रादेशिक सूचना प्रणाली निर्माण;
- प्रादेशिक आयोजना व्यवस्थापन प्रणाली विकास।

## (ख) डिजिटल प्लेटफर्म विकास कार्यक्रम

- गण्डकी प्रदेशका तुलनात्मक लाभ तथा निर्यातयोग्य वस्तु, पर्यटकीय गन्तव्य, सेवा तथा सुविधाको अभिलेख प्रणाली निर्माण;
- प्रादेशिक पुँजीगत सम्पत्तिको अभिलेख प्रणाली निर्माण;
- शैक्षिक तथा नवप्रवर्तन र तालिम प्रदायक संस्था, मिडिया तथा सञ्चार प्रविधि सेवा प्रदायक संस्थाको विवरण अभिलेखन;
- उद्यम तथा व्यवसाय अभिलेखसम्बन्धी सूचना प्रणाली विकास।

## (ग) सूचना प्रविधि क्षमता विकास कार्यक्रम


- नीति, योजना, अनुगमन तथा मूल्याङ्कनमा सूचना प्रविधि प्रयोग विस्तार;
- नवप्रवर्तनका लागि विश्वविद्यालय, शिक्षालय र निजी क्षेत्रसँग सहकार्य;
- प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको क्षमता अभिवृद्धि;
- सञ्चार तथा सूचना प्रविधिका क्षेत्रमा नवीनतम प्रविधिको खोज, अनुसन्धान र विकास।


## (घ) सूचना तथा सञ्चार प्रविधिका पूर्वाधारको विकास, स्तरोन्नति तथा सुदृढीकरण कार्यक्रम

- प्रदेशमा सूचना तथा सञ्चार प्रविधि पूर्वाधारको विकास, स्तरोन्नति तथा सुदृढीकरण;
- विद्युतीय तथ्याङ्क सङ्कलन, भण्डारण, सुरक्षण र उपयोग;
- डिजिटल अर्थतन्त्र प्रवर्द्धन कार्यक्रम;
- सञ्चार प्रविधिमा आधारित व्यवसाय विकास सेवा प्रवर्द्धन।


# परिमाणात्मक लक्ष्य

## सडक तथा यातायात पूर्वाधार





## यातायात व्यवस्थापन






### ४ पाङ्ग्रे सवारी साधन उपलब्ध घरपरिवार
(सङ्ख्या)




# भवन, आवास र सहरी विकास





## पूर्वाधार विकास भएका ग्रामीण बजार केन्द्र (सङ्ख्या)



# सूचना तथा सञ्चार प्रविधि


## प्रदेशभित्र कायम रहेका अनलाइन मिडिया

(सङ्ख्या)




## इन्टरनेटमा पहुँच उपलब्ध घरपरिवार

प्रतिशत




## मोबाइल फोन साथमा हुने महिला

प्रतिशत



# स्वच्छ ऊर्जा, जलस्रोत तथा खानेपानी

# पृष्ठभूमि

१

नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदनले विद्युत्, सिँचाइ, खानेपानी तथा सरसफाइ, नदी नियन्त्रण तथा व्यवस्थापनसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन तथा नियमनलाई प्रदेश सरकारको पूर्वाधार विकाससम्बन्धी अधिकार सूचीमा समावेश गरेको छ।

२

खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा सुविधामा पिछडिएका क्षेत्रहरूलाई पहुँच सुनिश्चित गर्ने प्रदेशको जिम्मेवारी रहेको छ।

३

प्रदेश अन्तर्गत मझौला प्रकृतिका सिँचाइ आयोजना, नयाँ प्रविधिमा आधारित नदी तथा जलाधार व्यवस्थापन, पहिरो नियन्त्रण तथा व्यवस्थापन, मझौला प्रकृतिका नदी नियन्त्रण तथा व्यवस्थापन, १ देखि २० मेगावाटसम्मका जलविद्युत् तथा सौर्य ऊर्जा प्रणाली आयोजना र आधारभूत खानेपानी तथा सरसफाइ जस्ता विषयलाई समावेश गरिएको छ।

४


जलस्रोत, ऊर्जा, खानेपानी, सिँचाइ, तथा नदी नियन्त्रण संरचनाको विकासका लागि स्पष्ट नीति, योजना र कार्यक्रम आवश्यक रहेको छ।

५

गण्डकी प्रदेश सरकारले प्रदेश सिँचाइ ऐन, २०७८ र खानेपानी तथा सरसफाइ ऐन, २०७९ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ।


## विद्यमान अवस्था

### जलस्रोत तथा ऊर्जा




**विद्युत् उत्पादन र पहुँच**

- प्रदेशमा ८ वटा ठुला जलविद्युत् आयोजना सञ्चालनमा
- प्रदेश भित्र रहेका जलविद्युत आयोजनाबाट कुल ७३३ मेगावाट विद्युत् उत्पादन



**सौर्य ऊर्जाको विकास र प्रयोग**

- प्रदेश सरकारको लगानीमा संस्थागत सौर्य प्रणालीबाट हालसम्म २३० कि.वा. विद्युत् उत्पादन प्रदेशमा ११५ स्थानमा स्मार्ट सडक बत्ती र सौर्य सडक बत्ती जडान



**विद्युत तथा नविकरणीय ऊर्जामा पहुँचको अवस्था**

- राष्ट्रिय प्रसारण लाइन तथा लघु जलविद्युतबाट विद्युतमा पहुँच पुगेको घरधुरी सङ्ख्या ९७.७६ %
- नवीकरणीय तथा आधुनिक ऊर्जाको पहुँच पुगेको घरधुरी सङ्ख्या ९९.५० %
- बागलुङ, गोरखा, मनाङ र मुस्ताङ जिल्लाका केही स्थानमा राष्ट्रिय प्रसारण लाइन पुग्न नसकेको

### सिँचाई तथा नदी नियन्त्रण




**सिंचाइयोग्य जमिनको स्थिति**

- प्रदेश सिँचाइ ऐन तथा तत्सम्बन्धी नियमावली, कार्यविधि तथा मापदण्ड तर्जुमा भई कार्यान्यवनमा
- प्रदेशको हाल खेती भइरहेको जमिन ३,५१,५९७ हेक्टर मध्ये सिँचाइयोग्य जमिन ७७.५ %
- सिँचाइयोग्य जमिन मध्ये सतह सिँचाइको सम्भावना रहेको पम्प सिँचाइको सम्भावना रहेको जमिन ३७,६४५ हेक्टर



### सिँचाइ सुविधाको उपलब्धता

- कुल सिँचाइयोग्य जमिन मध्ये पनि हालसम्म आधुनिक सिँचाइको पूर्वाधार विस्तार भएको जमिन कुल सिँचाइयोग्य जमिनको २४.५ %(६६,८६६ हेक्टर )
- बाह्रै महिना सिँचाइ हुने जमिन कुल सिँचाइ सुविधा पुगेको जमिनको ४७.६२ %



### तटबन्ध र नदी व्यवस्थापन

- प्रदेश सरकारको पहलमा ९५.४४ कि.मि. तटबन्धन निर्माण
- कुल ३,१४१ हेक्टर क्षेत्रमा जग्गा उकासको कार्य

## खानेपानी, सरसफाइ तथा स्वच्छता



### खानेपानी पहुँच

- आधारभूत स्तरको खानेपानी सुविधा उपलब्ध जनसङ्ख्या ९४.२५ %
- मध्यम तथा उच्चस्तरको खानेपानी सुविधा उपलब्ध रहेको जनसङ्ख्या १८.२ %
- कुल घरधुरीको ६४ % घरधुरीमा एक घर एक धाराको सुविधा



### सरसफाइ सुविधाको अवस्था


- सुधारिएको सरसफाइ सुविधा उपलब्ध घरधुरी सङ्ख्या ८० %

# मुख्य सवाल र चुनौती

### जलस्रोतको विकास, बहुउपयोग र संरक्षण

१

- निजी तथा वैदेशिक लगानी आकर्षण गरी ऊर्जा क्षेत्रको विकासमा प्रवर्द्धन गर्नु।
- राष्ट्रिय विद्युत् प्रसारण लाइनको विस्तार र स्तरोन्नति गरी पर्याप्त तथा भरपर्दो सेवा सुनिश्चित गर्नु।
- विद्युत् उत्पादन, प्रसारण, र वितरण प्रणालीलाई सुधार गर्दै लागत किफायती र जलवायु अनुकूल बनाउनु।



## जलस्रोत तथा ऊर्जा

२

### विद्युत तथा स्वच्छ ऊर्जाको उपयोग वृद्धि

- पेट्रोलियम पदार्थ र जैविक ऊर्जाको खपत घटाई नवीकरणीय ऊर्जाको दिगो उपयोग र विस्तार गर्नु।
- समुदायलाई स्वामित्व दिनु र प्रविधि हस्तान्तरणमार्फत स्वच्छ ऊर्जा उपयोगलाई प्रवर्द्धन गर्नु।
- कार्बन उत्सर्जन घटाई, नियन्त्रित कार्बन बजारमा व्यापार गरी आय आर्जनमा वृद्धि गर्नु।

३

### बहुउपयोगी परियोजना पहिचान, प्रोत्साहन, र विकास

- विद्युत्, सिँचाइ, र पर्यटनसँग सम्बन्धित बहुउद्देश्यीय आयोजनाहरूको पहिचान र विकासमा ध्यान दिनु।
- स्वदेशी तथा विदेशी लगानीकर्ता आकर्षण गरी जलविद्युत्क्षेत्रको प्रवर्द्धन गर्नु।
- कार्बन उत्सर्जन घटाउने र कार्बन व्यापारलाई प्रभावकारी बनाउन उपलब्ध प्राविधिक ज्ञानको उपयोग गर्नु।

४

### निजी, सामुदायिक तथा वैदेशिक लगानी आकर्षण

- आयोजनाहरूको पहिचानदेखि निर्माण र सञ्चालनसम्मको प्रक्रिया सहज बनाउनु।
- जग्गा प्राप्ति र कानुनी व्यवस्थामा सहजीकरण गर्दै अन्तरसरकारी समन्वय बढाउनु।
- लगानीमैत्री वातावरण सिर्जना गरी दीर्घकालीन ऊर्जा विकासमा योगदान दिनु।

# मुख्य सवाल र चुनौती



## सिंचाइ तथा नदी नियन्त्रण

### १ सिँचाइ सुविधा विकास तथा विस्तार

- सतह, लिफ्ट, भूमिगत, र नयाँ प्रविधिको माध्यमबाट बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराउन जटिल।
- नवीनतम प्रविधिको प्रयोग गर्दै सिंचित क्षेत्र विस्तारलाई कृषि कार्यक्रमसँग समन्वयात्मक रूपमा सञ्चालन गर्नु।
- सञ्चालन भइरहेका सिँचाइ आयोजनाको नियमित मर्मत तथा रूग्ण आयोजनाको नवीकरण गरी सुचारु गर्न ध्यान दिनु।
- सिँचाइ आयोजनाको संरक्षण र दिगो सञ्चालनलाई प्राथमिकता दिनु।

### २ खेतीयोग्य जमिन, बस्ती, र संरचनाको जोखिम न्यूनीकरण

- नदीजन्य स्रोतको अति प्रयोगका कारण पानीको प्राकृतिक आपूर्ति समस्या समाधान गर्नु।
- बाढी, पहिरो, नदी कटान, र डुबानबाट खेतीयोग्य जमिन र संरचनामा हुने नोक्सानी घटाउन उपायहरू अवलम्बन गर्नु।
- भौतिक संरचनालाई उत्थानशील र दिगो बनाउन आवश्यक प्रविधि तथा स्रोतहरूको उपयोग गर्नु।

### ३ ठुला तथा बहुउद्देश्यीय सिँचाइ आयोजनाको निर्माण र विस्तार

- नदी डाइभर्सन, कृत्रिम ताल, सतह, र भूमिगत सिँचाइको संयोजनात्मक उपयोगलाई प्रोत्साहन गर्नु।
- नवलपुर, बुढीगण्डकी, मर्स्याङ्दी, र कालीगण्डकी करिडोरमा सिँचाइ परियोजनाका लागि पूर्वाधार निर्माण गर्नु।
- परम्परागत कुलो, पोखरी, र लिफ्ट प्रणालीलाई आधुनिकीकरण तथा सुधार गर्नु।
- कृषि भूमिको खण्डीकरण रोक्दै अनियन्त्रित नदीजन्य निर्माण सामग्री उत्खनन नियन्त्रण गर्नु।
- भूक्षय, बाढी, र पहिरोको जोखिम न्यूनीकरण गर्न सामुदायिक सहभागिता र अपनत्व अभिवृद्धि गर्नु।

# मुख्य सवाल र चुनौती

## खानेपानी, सरसफाइ तथा स्वच्छता

### १ खानेपानी सुविधाको विस्तार तथा गुणस्तर

- चुरे क्षेत्र, उच्च पहाडी भूभाग, र उच्च जनघनत्व भएका सहरबजारमा खानेपानी सुविधा विस्तार गर्नु।
- खानेपानी संरचना तथा वितरण प्रणालीको दिगो व्यवस्थापनका लागि उपभोक्ता समितिको क्षमता अभिवृद्धि गर्नु।
- खानेपानीको गुणस्तर वृद्धि, जलवायुमैत्री आयोजना सञ्चालन, र पूर्ण सरसफाइ व्यवस्थापनमा ध्यान दिनु।

### २ सरसफाइ तथा स्वच्छता पूर्वाधारलाई दिगो र वातावरणमैत्री बनाउने

- संघ, प्रदेश, र स्थानीय तहबिच समन्वय गरी निजी, सामुदायिक, र गैरसरकारी लगानी आकर्षण गर्नु।
- खानेपानीका मुहानको संरक्षण तथा घरायसी र औद्योगिक फोहोरपानीको सुरक्षित व्यवस्थापनमा सुधार गर्नु।
- सरसफाइ तथा ढल व्यवस्थापनलाई दिगो र वातावरणमैत्री बनाउन प्रविधिको प्रयोग गर्नु।

### ३ पानीको पुनर्भरण र स्रोत व्यवस्थापन

- जलवायु परिवर्तनका कारण सुक्दै गएका मुहान पुनर्जीवित गर्न पोखरी निर्माण र वर्षा पानीको पुनर्भरण प्रणाली सञ्चालन गर्नु।
- पानीको स्रोतको दिगो व्यवस्थापनमा नयाँ उपायहरू अपनाई उच्च पहाडी क्षेत्रमा समस्या समाधान गर्नु।

### ४ क्रमागत तथा सम्पन्नउन्मुख आयोजनाको प्राथमिकता

- नयाँ आयोजना थपिने प्रवृत्ति घटाई, क्रमागत तथा सम्पन्नउन्मुख आयोजनालाई समयमै सम्पन्न गर्न स्रोत सुनिश्चित गर्नु।
- तोकिएको समय र गुणस्तरमा आयोजना सम्पन्न गर्न बजेटको पर्याप्त बिनियोजन गर्नु।
- दायित्व सिर्जना भइसकेका आयोजनाहरूलाई प्राथमिकताका साथ पूरा गर्न व्यवस्थापन सुधार गर्नु।

# रूपान्तरणका रणनीति



## जलस्रोत तथा ऊर्जा

(१) जलस्रोत विकासमा एकीकृत प्रणाली अवलम्बन गर्ने

(२) जलस्रोतको विकास र उपयोगलाई बहुद्देश्यीय र नवीन प्रविधिमा आधारित बनाउने

(३) विद्युत उत्पादन वृद्धि र प्रसारण तथा उपयोग प्रणाली सुदृढीकरण गर्ने

(४) जलस्रोतको दिगो व्यवस्थापन गर्ने

## सिँचाइ तथा नदी नियन्त्रण

(१) जलस्रोतको दिगो तथा बहुउपयोगलाई प्राथमिकता प्रदान गर्ने

(२) सिँचाइ पूर्वाधारका बहुउद्देश्यीय आयोजना पहिचान, विकास तथा कार्यान्वयन गर्ने

(३) तहगत सरकार तथा सरोकारवालाबिच साझेदारी अभिवृद्धि गर्ने

## खानेपानी, सरसफाइ तथा स्वच्छता

(१) खानेपानी तथा सरसफाइ सेवा तथा सुविधाको विस्तार र गुणस्तरीयता अभिवृद्धि गर्ने

(२) खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी आयोजना व्यवस्थापनमा वैकल्पिक प्रविधि, वित्तीय स्रोत तथा संयन्त्रको परिचालन गर्ने

(३) खानेपानी तथा सरसफाइ क्षेत्रका आयोजनाको प्रभावकारी व्यवस्थापन गर्ने

(४) क्रमागत तथा सम्पन्नउन्मुख आयोजनालाई प्राथमिकताका साथ सम्पन्न गर्ने

# प्रमुख हस्तक्षेपकारी कार्यक्रम

### (क) एकीकृत जलस्रोत व्यवस्थापन कार्यक्रम

- एकीकृत जलस्रोत विकास रणनीति तर्जुमा;
- बहुउद्देश्यीय जलस्रोत विकास आयोजना पहिचान, सम्भाव्यता अध्ययन र विकास;
- जलासय तथा कृतिम ताल निर्माण आयोजना;
- जलस्रोत संरक्षण, उपयोग तथा पुनर्भरण ।

### (ख) विद्युत् उत्पादन तथा सेवा विस्तार कार्यक्रम

- विद्युत् आयोजना पहिचान, सम्भाव्यता अध्ययन, आयोजना विकास र सञ्चालनमा सहयोग र सहजीकरण;
- सङ्घीय सरकारसँगको समन्वयमा विद्युत् लाइन विस्तार तथा क्षमता अभिवृद्धि;
- विद्युत् नपुगेका स्थान तथा घरधुरीमा विद्युत् सेवा विस्तार तथा स्तरोन्नति सहयोग र सहजीकरण;
- विद्युत् उत्पादन, वितरण र सञ्चितिमा नयाँ प्रविधिको प्रयोग एवम् नवीनतम वित्तीय उपकरण अवलम्बन;
- विद्युत् चुहावट नियन्त्रण ।



## जलस्रोत तथा ऊर्जा

### (ग) नवीकरणीय ऊर्जा प्रवर्द्धन कार्यक्रम

- लघु तथा साना जलविद्युत् आयोजना निर्माण, स्तरोन्नति, मर्मतसम्भार र राष्ट्रिय प्रसारणमा जडान;
- सोलार प्रणाली जडान र मर्मतसम्भार तथा सञ्चालन;
- सुधारिएको तथा विद्युतीय चुल्हो प्रवर्द्धन र विस्तार;
- सामुदायिक बायोग्याँस प्लाण्ट जडान तथा प्रवर्द्धन;
- बायोग्याँस तथा बायोडिजेल उत्पादन तथा प्रवर्द्धन ।

### (घ) स्मार्ट सडक बत्ती जडान तथा विस्तार कार्यक्रम

- सोलार प्रणाली तथा विद्युत्मा आधारित सडक बत्ती जडानसम्बन्धी सम्भाव्यता अध्ययन;
- नयाँ प्रविधिमा आधारित स्मार्ट सडक बत्ती आयोजना विकास तथा निर्माण;
- स्मार्ट सडक बत्ती विस्तार तथा मर्मतसम्भार ।

# सिँचाइ तथा नदी नियन्त्रण

## (क) सिँचाइ सुविधा विस्तार कार्यक्रम

- सिँचाइसम्बन्धी नीतिगत तथा कानुनी सुधार;
- सतह, भूमिगत र नयाँ प्रविधिमा आधारित सिँचाइ आयोजनाको पहिचान तथा सम्भाव्यता अध्ययन;
- सतह, भूमिगत तथा नयाँ प्रविधिमा आधारित सिँचाइ आयोजनाको विकास तथा निर्माण;
- सञ्चालित आयोजनाको विस्तार, मर्मतसम्भार तथा स्तरोन्नति।
- रूग्ण सिँचाइ आयोजना तथा प्रणालीको पहिचान, संरचनागत सुधार, पुनःस्थापना र सुदृढीकरण।

## (ख) नयाँ प्रविधिमा आधारित सिँचाइ कार्यक्रम

- सम्भाव्यताको आधारमा पोखरी, लिफ्ट तथा भूमिगत सिँचाइ आयोजना;
- थोपा/फोहोरा सिँचाइ, बिना चालु खर्च पानी तान्ने पम्प प्रविधिमा आधारित सिँचाइ कार्यक्रम सञ्चालन;
- स्थानीय तह, कृषक समूह, सहकारी, उत्पादक र निजी क्षेत्रसँग समन्वय, सहकार्य तथा साझेदारी।

## (ग) सिँचाइ संरचना तथा सुविधाको संरक्षण तथा दिगो सञ्चालन कार्यक्रम

- प्रकोपबाट जोखिममा रहेका तथा प्रभावित सिँचाइ संरचना तथा सुविधाको पहिचान तथा नक्साङ्कन;
- जैविक तथा इञ्जिनियरिङ प्रविधिबाट संरचना निर्माण, संरक्षण, मर्मतसम्भार तथा पुनःस्थापना।

## (घ) नदी प्रणाली व्यवस्थापन तथा संरक्षण कार्यक्रम

- गुरुयोजनामा आधारित प्रमुख नदी प्रणाली व्यवस्थापन;
- जल उत्पन्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन;
- नदी नियन्त्रण, आकस्मिक तथा आपतकालीन बाढी-पहिरो नियन्त्रण तथा जोखिम न्यूनीकरण;
- जोखिम नक्साङ्कन तथा जग्गा उकासको लागि तटबन्ध तथा स्पर निर्माण;
- नदी किनारा संरक्षण, जोखिमयुक्त पहिरो व्यवस्थापन तथा खहरे नियन्त्रण।

## (ङ) जल तथा मौसम पूर्वानुमान प्रणाली व्यवस्थापन कार्यक्रम

- जल तथा मौसम पूर्वानुमान आधुनिक प्रणाली तथा प्रविधि जडान, विस्तार तथा स्तरोन्नति;
- जल तथा मौसम तथ्याङ्क सङ्कलन, विश्लेषण तथा व्यवस्थापन।

## (च) जल उपभोक्ता समितिको संस्थागत क्षमता विकास कार्यक्रम

- जल उपभोक्ता समितिको संस्थागत सुदृढीकरण;
- सिँचाइ प्रणाली तथा सेवा शुल्क व्यवस्थापन;
- तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम।

# खानेपानी, सरसफाइ तथा स्वच्छता

### (क) आधारभूतस्तरको खानेपानी पहुँच वृद्धि कार्यक्रम

- खानेपानीको आधारभूत सुविधा नपुगेका स्थानको पहिचान, नक्शाङ्कन तथा सम्भाव्यता अध्ययन;
- शतप्रतिशत घरधुरीमा आधारभूत स्तरको खानेपानी सुविधामा पहुँच विस्तार आयोजना निर्माण;
- सतह तथा वैकल्पिक प्रविधिमा आधारित खानेपानी आयोजना निर्माण तथा स्तरोन्नति;
- चालु खानेपानी आयोजनाको स्तरोन्नति तथा सेवा क्षेत्र विस्तार ।

### (ख) एक घर एक धारा कार्यक्रम

- क्रमागत तथा सम्पन्न उन्मुख खानेपानी आयोजना निर्माण;
- सम्भाव्यताको आधारमा नयाँ खानेपानी आयोजना निर्माण;
- 'एक घर एक धारा' खानेपानी निर्माण, मर्मतसम्भार र सञ्चालन कार्यक्रम ।

### (ग) खानेपानी गुणस्तर सुधार कार्यक्रम

- मूलदेखि मुखसम्म सुरक्षित खानेपानीका लागि प्रशोधन प्रविधि जडान;
- खानेपानी सङ्कलन तथा वितरण प्रणालीमा सुधार;
- स्वच्छ खानेपानी तथा स्वच्छतासम्बन्धी सचेतनामूलक कार्यक्रम ।

### (घ) खानेपानी तथा सरसफाइ आयोजनाको मर्मतसम्भार तथा दिगो सञ्चालन कार्यक्रम

- सञ्चालनमा रहेका खानेपानी तथा सरसफाइ आयोजनाको नियमित तथा आवधिक मर्मतसम्भार;
- मर्मतसम्भारमा उपभोक्ता समिति संस्थागत क्षमता विकास र परिचालन;
- खानेपानी तथा सरसफाइ आयोजनाको संरचना तथा वितरण प्रणालीको दिगो सञ्चालन तथा व्यवस्थापन ।

### (ङ) सार्वजनिक शौचालय निर्माण तथा सञ्चालन कार्यक्रम

- सार्वजनिक निजी साझेदारीका संयन्त्रमार्फत सार्वजनिक शौचालय निर्माण र सञ्चालन;
- सङ्कलन केन्द्र तथा हाटबजार, बसपार्क, खुल्लामञ्च तथा सार्वजनिक उपयोगको संरचना तथा सुविधासँग सार्वजनिक शौचालय आबद्धता सहित निर्माण, मर्मतसम्भार र सञ्चालन;
- पसल सहितको सार्वजनिक शौचालय निर्माण तथा सञ्चालन ।

### (छ) फोहोरपानी तथा मानव मलमूत्र व्यवस्थापन कार्यक्रम

- फोहोर पानी र मानव मलमूत्रको सङ्कलन, प्रशोधन, विसर्जन तथा पुनप्रयोग प्रवर्द्धन;
- ढल तथा पानी निकास व्यवस्थापन;
- स्वच्छ व्यवहार अभिवृद्धि तथा परजिवी नियन्त्रण ।

## (च) सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वका मुहान, ढुङ्गेधारा, पोखरी, तालतलैया, सिमसार क्षेत्र, नदी तथा जलाधार क्षेत्र संरक्षण कार्यक्रम


- मुहान, ढुङ्गेधारा, पोखरी, तालतलैया, सिमसार क्षेत्र तथा नदी पहिचान, नक्साङ्कन तथा संरक्षण;
- खानेपानी तथा सरसफाइसम्बन्धी संरचनाको संरक्षण तथा व्यवस्थापन;
- सतह तथा भूमिगत जलस्रोतको पहिचान तथा संरक्षण;
- पानीको पुनर्भरण तथा जलस्रोतको बहुउपयोग र एकीकृत तथा पुनर्उपयोग;
- खानेपानीको स्रोत तथा संरचनाको दिगो व्यवस्थापन;
- वर्षात्को पानी सङ्कलन तथा उपयोग।

## (ज) अन्तरनिकाय समन्वय, सहकार्य तथा साझेदारी कार्यक्रम


- अन्तरसरकार, सार्वजनिक - निजी साझेदारी, सार्वजनिक - समुदाय- गैरसरकारी साझेदारी कार्यक्रम;
- खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी आयोजना निर्माण तथा दिगो व्यवस्थापन।


# परिमाणात्मक लक्ष्य

## जलस्रोत तथा ऊर्जा




**कुल जलविद्युत् उत्पादन क्षमता**
**मे.वा.**




# खानेपानी, सरसफाइ र स्वच्छता

| वर्ष | आधारभूतस्तरको खानेपानी सुविधा प्राप्त जनसंख्या (प्रतिशत) | मध्यम र उच्चस्तरको खानेपानी सुविधा प्राप्त जनसंख्या (प्रतिशत) | निजी धारा जडान भएका घरधुरी (प्रतिशत) |
|---|---|---|---|
| २०७९/८० यथार्थ | ९४.२५ | १८.२ | ५९.५ |
| २०८०/८१ अनुमान | ९५.० | २५.० | ६५.० |
| २०८३/८४ लक्ष्य | ९८.० | ६५.० | ८४.० |
| २०८५/८६ लक्ष्य | १००.० | ९०.० | ९५.० |

**फ्लस भएको चर्पी सुविधा उपलब्ध घरधुरी**

| वर्ष | प्रतिशत |
|---|---|
| २०७९/८० यथार्थ | ८०% |
| २०८०/८१ अनुमान | ८३% |
| २०८३/८४ लक्ष्य | ९३% |
| २०८५/८६ लक्ष्य | १००% |

# सिँचाइ तथा तटबन्धन



# मर्यादित श्रम, उत्पादनशील रोजगारी तथा सामाजिक संरक्षण

# पृष्ठभूमि

१. नेपालको संविधानले रोजगारी, गरिबी निवारण र सामाजिक सुरक्षालाई तीनवटै तहको साझा अधिकार क्षेत्रभित्र समावेश गर्दै रोजगारी तथा रोजगारी छनौट, श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक प्रत्याभुत गरेको छ।

२. गरिबी निवारणको प्रयास दशौं योजना अवधिदेखि उच्च प्राथमिकताका साथ अगाडि बढेकोमा दिगो विकास लक्ष्यले वि. सं. २०८७ सम्ममा सबैखाले गरिबीको अन्त्य गर्ने लक्ष्य लिँदै नेपाल सरकारले गरिबी निवारण नीति, २०७६ कार्यान्वयनमा ल्याएको छ।

३. प्रदेश सरकारले स्थापना कालदेखि नै रोजगारीको प्रवर्द्धन र गरिबी निवारणलाई उच्च महत्त्व दिँदै आएको छ।

४. प्रदेश सरकार सामाजिक सुरक्षाको प्रवर्द्धनका लागि नेपाल सरकार तथा स्थानीय सरकारसँगको साझेदारी र सहकार्य गर्दै अगाडि बढिरहेको छ।

५. श्रम प्रति सम्मान हुनेगरी प्रदेशमा रहेको मानवशक्तिलाई सुरक्षित र मर्यादित कामको वातावरण सिर्जना गरी दिगो आर्थिक वृद्धिको माध्यमबाट गरिबी न्यूनीकरण गर्ने लक्ष्यमा अग्रसर हुनु आवश्यक छ।

# विद्यमान अवस्था

## श्रम तथा रोजगारी





### श्रम बजारमा नयाँ जनशक्ति

- नेपालको श्रम बजारमा वर्षेनी करिब ५ लाख थप जनशक्ति प्रवेश
- प्रदेशमा आर्थिक रूपमा सक्रिय कुल जनसङ्ख्या १८ लाख ६८ हजार
- प्रदेशमा श्रम सहभागिता दर ४०.३ %
- रोजगारीका प्रमुख क्षेत्रका रूपमा वैदेशिक रोजगारी, कृषि, पर्यटन, निर्माण र उत्पादनमूलक उद्योग



### रोजगारीको अवस्था

- प्रदेशमा कुल रोजगार जनसङ्ख्या ६ लाख ६ हजार र बेरोजगार जनसङ्ख्या ६० हजार
- बेरोजगारी दर ७ % प्रदेशमा सञ्चालनमा रहेका उद्योग व्यवसायको कुल सङ्ख्या १,००,६८४ र यसमा रोजगारप्राप्त व्यक्तिको सङ्ख्या ३,३२,४७२ जना
- प्रदेशबाट वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिनेको सङ्ख्या करिव ६२,६७८ जना
- रोजगारीमा औपचारिक क्षेत्रको योगदान ४४ %



### रोजगारी प्रवर्द्धनको अग्रसरता

- बेरोजगार जनशक्तिलाई रोजगारीसँग आबद्ध गर्न प्रदेशस्तरीय रोजगार सूचना केन्द्रको स्थापना
- उद्यमशीलता विकास गरी स्वरोजगारीका अवसर वृद्धि, घरेलु तथा साना उद्योग विकासलाई प्रभावकारी तुल्याउने दिशामा अग्रसरता
- घरबास, पदमार्ग निर्माण तथा सुधार जस्ता क्षेत्रमा रोजगारीका अवसर सिर्जना गर्ने कार्यलाई महत्त्व

# गरिबी निवारण तथा सामाजिक सुरक्षा




## गरिबीको निवारणको अवस्था

- प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको कार्यान्वयनबाट गरिबी निवारणको लक्ष्य हासिल गर्ने दिशामा आंशिक उपलब्धि हासिल
- बहुआयामिक गरिबी ९.६ र गरिबीको दर ११.८ %



## दिगो विकास लक्ष्यमा गरिबी निवारण

- प्रदेशमा गरिबीको रेखामुनि रहेको जनसङ्ख्याको अनुपात १४.९ % बाट २ % मा र बहुआयामिक गरिबीको अनुपात पनि १४.२ % बाट २ % मा झार्ने लक्ष्य



## प्रतिव्यक्ति आय र असमानता

- प्रतिव्यक्ति आय १,४९९ अमेरिकी डलर
- जिनी गुणक ०.२९



## सामाजिक सुरक्षाको अवस्था

- नेपाल सरकारले एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८० स्विकृत गरी कार्यान्वयनमा ल्याएको
- प्रदेश सरकारले सामाजिक सुरक्षाका कार्यक्रमलाई एकीकृत रूपमा समावेशी, गुणस्तरीय एवम् प्रभावकारी बनाई कल्याणकारी र अधिकारमैत्री प्रदेशको रूपमा स्थापित गर्ने लक्ष्य लिएको

# मुख्य सवाल र चुनौती



**श्रम तथा रोजगारी**

## १ श्रम तथा रोजगार क्षेत्रको संरचनागत सुधार

- श्रम र रोजगार क्षेत्रमा नीतिगत र संस्थागत समन्वयमा कमी।
- औद्योगिक प्रतिष्ठान र कार्यस्थलमा महिला र अपाङ्गमैत्री कार्य वातावरणको कमी।
- विपद् र आर्थिक शिथिलताको कारण उत्पन्न समस्याहरूको समाधान गर्नु चुनौतीपूर्ण ।

## २ श्रम बजारलाई मर्यादित तथा व्यवस्थित तुल्याउनु

- न्यून ज्यालादर र सेवा सुविधामा असमानता कायम रहेको।
- ग्रामीण भेगमा सक्रिय जनशक्तिको कमी।
- स्वदेशी र वैदेशिक श्रमसँग सम्बन्धित सूचनाको पहुँचमा कमी।
- अनौपचारिक क्षेत्रका रोजगारीलाई सामाजिक सुरक्षा सञ्जालमा आबद्ध गराउनु कठिन ।

## ३ स्वरोजगारीको वातावरण तयार

- उद्योग क्षेत्रमा स्वास्थ्य र सुरक्षाको उचित प्रबन्धको कमी।
- व्यावसायिक सिप र दक्षता विकासका अवसरहरूमा सहज पहुँच कायम गर्नु।
- लघु, साना, र मझौला उद्योगका लागि बजारमा पहुँच पुर्याउन कठिनाइ।
- कृषि, पशुपालन, र परम्परागत पेशालाई बजारमुखी बनाउन जटिलता।

## ४ वैदेशिक रोजगारीलाई व्यवस्थित तुल्याउनु

- वैदेशिक रोजगारीका लागि तुलनात्मक लाभका सुरक्षित क्षेत्र पहिचान गर्नु।
- विप्रेषण आयलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न आवश्यक।
- बजारको आवश्यकता अनुसारका सिप र दक्षताको विकास गर्न चुनौती।
- स्वदेशमै हासिल गरिएको सिपलाई उपयोग गर्ने वातावरण तयार गर्नु।

## ५ युवा जनशक्तिलाई स्वदेशी श्रम बजारमा आकर्षित गर्नु

- युवामा वैदेशिक रोजगारीको आकर्षण बढिरहेको छ, जसले स्वदेशी रोजगारीलाई चुनौती।
- प्रतिस्पर्धात्मक लाभका क्षेत्रमा पर्याप्त रोजगारी सिर्जना गर्नु।
- ग्रामीण भेगबाट युवा पलायन रोक्न चुनौतीपूर्ण।

# मुख्य सवाल र चुनौती



## गरिबी निवारण तथा सामाजिक सुरक्षा

### १ अनुत्पादनशील खर्च नियन्त्रण

- विप्रेषणको ठूलो हिस्सा सहरी क्षेत्रको घरजग्गामा केन्द्रित हुँदा निष्क्रिय जीवनशैलीलाई बढावा ।
- उत्पादनशील क्षेत्रमा लगानी आकर्षित गर्न अनुत्पादनशील क्षेत्रमा लगानीको प्रवृत्ति परिवर्तन गर्नु ।
- उद्यम र व्यवसायमा लगानी विकर्षणलाई समाधान गर्दै उत्पादनशील क्षेत्रमा अनुकूल वातावरण सिर्जना गर्नु ।

### २ विकासका कार्यक्रमको प्रतिफल लक्षित वर्ग तथा क्षेत्रमा पुर्याउनु

- विकासका कार्यक्रमले आर्थिक र सामाजिक रूपमा पछाडि परेको वर्गको जीवनस्तर सुधारमा अपेक्षित योगदान पुऱ्याउने ।
- सबै वर्ग र समुदायमा समन्यायिक प्रतिफल हासिल गर्न विकास कार्यक्रम कार्यान्वयन गर्नु ।
- विपन्न वर्गको जीवनस्तरमा गुणात्मक सुधार गर्नु ।

### ३ दिगो तथा उत्पादनशील रोजगारी प्रवर्द्धन

- स्थानीय स्तरमा दिगो आयसहित सुरक्षित रोजगारीको कमीले वैदेशिक रोजगारीमा आकर्षण बढी हुनु ।
- कृषि, पशुपन्छीपालन, पर्यटन र औद्योगिक क्षेत्रमा तुलनात्मक लाभका वस्तु र सेवाहरू पहिचान गर्नु ।
- स्थानीय स्तरमा व्यावसायिक वातावरण तयार गर्नु र युवा केन्द्रित रोजगारीका अवसर सिर्जना गर्नु ।

### ४ स्थानीय अर्थतन्त्रलाई चलायमान गराउनु

- कोभिड-१९ र विश्वव्यापी आर्थिक शिथिलताका कारण व्यवसाय तथा रोजगारी गुमाएको अवस्थामा सुधार गर्नु ।
- कृषि क्षेत्रमा वन्यजन्तु अतिक्रमणले उत्पादनमा दुष्प्रभाव ।
- बेरोजगार नागरिकको सिप र दक्षता अभिवृद्धि गर्नु ।

### ५ अन्तरसरकार तथा विकास साझेदारसँगको सहकार्यमा अभिवृद्धि

- कार्यक्रम बिचको दोहोरोपना र तालमेलको कमीलाई हटाई सामजस्यता कायम गर्नु ।
- गरिबी निवारणका लागि सरोकारवालाबिच तालमेल र समान बुझाइ कायम गर्नु ।
- तीन तहको अधिकार क्षेत्र भित्र गरिबी निवारणको सवालमा तादात्म्यता कायम गर्नु ।

### ६ असमानता न्यूनीकरण र विपन्न नागरिकको जीवनस्तरमा दिगो तथा गुणात्मक सुधार

- गरिबी र असमानता न्यूनीकरणका कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता ।
- सिमान्तकृत वर्गलाई सामाजिक न्यायसहित जीवनस्तरमा गुणात्मक सुधार गर्न व्यावहारिक कठिनाइ ।
- जीवनस्तरमा दिगो सुधार नहुँदा गरिबीको दुष्चक्र पुनरावृत्ति हुने प्रवृत्तिको न्यूनीकरण गर्नु चुनौतीपूर्ण ।

### ७ एकीकृत सामाजिक सुरक्षा संरचना तयारी

- सामाजिक सुरक्षासँग सम्बन्धित कानुन र निकाय फरक–फरक हुँदा कार्यान्वयनमा समस्या ।
- सामाजिक सुरक्षाको सबल तथा एकल संस्थागत व्यवस्थाको कमी ।
- अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षाको दायरामा आबद्ध गर्नु चुनौतीपूर्ण ।

# रूपान्तरणका रणनीति

## श्रम तथा रोजगारी

(१) रोजगारी प्रवर्द्धनमा नीतिगत तथा संस्थागत समन्वय तथा सहकार्य गर्ने

(२) सुरक्षित र मर्यादित रोजगारीका अवसर सिर्जना गर्ने

(३) श्रम क्षेत्रलाई मर्यादित र व्यवस्थित तुल्याउने

## गरिबी निवारण तथा सामाजिक सुरक्षा

१. आधारभूत तहको सेवा तथा सुविधामा गरिब तथा विपन्न नागरिकको पहुँच सुनिश्चित गर्ने

२. विकासको प्रतिफलमा विपन्न वर्गको समन्यायिक पहुँच कायम गर्ने

३. सामाजिक सुरक्षाका कार्यक्रमलाई एकीकृत, प्रभावकारी तथा दिगो बनाउने

४. आर्थिक तथा सामाजिक रूपमा पछाडि परेको वर्गको सिप, दक्षता तथा सामर्थ्य सुदृढीकरण गर्ने

५. ग्रामीण क्षेत्रको बदलिँदो आर्थिक संरचनाअनुरूप तुलनात्मक लाभका क्षेत्रको पहिचान गर्ने

६. निष्क्रिय जीवनशैली र अनुत्पादनशील लगानीको प्रवृत्तिमा सुधार गर्ने

७. वैदेशिक रोजगारीमा गएका कामदारका लागि कुटनीतिक माध्यमबाट सामाजिक सुरक्षा सुविधा प्रदान गर्ने

# प्रमुख हस्तक्षेपकारी कार्यक्रम



## श्रम तथा रोजगारी

### (क) श्रम क्षेत्र सुधार कार्यक्रम

- नीतिगत र संस्थागत सुधार;
- योगदानमा आधारित सामाजिक सुरक्षा प्रवर्द्धन
- श्रमिक सुरक्षा तथा बिमा कार्यक्रम;
- श्रममैत्री तथा रोजगारमुखी विद्यालय पाठ्यक्रम सुधार गर्न पहल;
- मर्यादित रोजगारदाता प्रोत्साहन र श्रम सचेतना
- श्रम बैंक स्थापना सहजीकरण।

### (ख) सिप तथा दक्षता विकास कार्यक्रम

- बजार मागमा आधारित व्यावसायिक सिप विकास कार्यक्रम;
- विपन्न तथा लक्षित वर्ग व्यवसाय विकास कार्यक्रम;
- परम्परागत एवम् मौलिक सिप तथा प्रविधि प्रवर्द्धन कार्यक्रम;
- निर्माण क्षेत्र मजदुर दक्षता अभिवृद्धि तालिम;
- उद्योग तथा पर्यटन र सेवा क्षेत्र जनशक्ति विकास।

### (ग) वैदेशिक रोजगारी व्यवस्थापन विकास कार्यक्रम:

- अन्तर्राष्ट्रिय श्रम बजार मागअनुसार सिप तथा दक्षता अभिवृद्धि कार्यक्रम;
- उत्पादनशील क्षेत्रमा विप्रेषण परिचालन सहजीकरण;
- वैदेशिक सिप तथा दक्षता उपयोग व्यवसाय प्रवर्द्धन;
- वैदेशिक रोजगार कामदार सुरक्षा।

### (घ) उत्पादनशील रोजगारी प्रवर्द्धन कार्यक्रम

- विपन्न तथा लक्षित वर्ग स्वरोजगार प्रवर्द्धन;
- ग्रामीण उद्यमशीलता विकास (कृषि, उद्योग तथा पर्यटन) कार्यक्रम;
- निर्यातमूलक वस्तुमा आधारित व्यवसाय प्रवर्द्धन कार्यक्रम।

# गरिबी निवारण तथा सामाजिक सुरक्षा



## (क) उद्यमशीलता प्रवर्द्धन कार्यक्रम

- सहरी तथा ग्रामीण क्षेत्रमा व्यावसायिक सम्भाव्यता अध्ययन;
- साना व्यवसायी सिप विकास तथा व्यावसायिक योजना तयारीमा सहयोग;
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा माग हुने वस्तु पहिचान गरी उत्पादन, ब्राण्डिङ र बजारीकरणमा सहयोग;
- स्टार्ट अप बीउपुँजी सहयोग;
- उच्च बजार मूल्य भएका मौलिक वस्तुको पहिचान, उत्पादन प्रोत्साहन तथा बजारीकरण;
- स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको प्रवर्द्धन;
- सहकारी तथा करार प्रणालीमा आधारित उत्पादन तथा बजारीकरण प्रवर्द्धन।
- विपन्न वर्गका उद्यमी व्यवसायीलाई सहुलियतपूर्ण कर्जा, प्रविधि र व्यवसाय विकास सेवा।

## (ख) सामाजिक सुरक्षा प्रवर्द्धन कार्यक्रम


- सामाजिक सुरक्षामा नीतिगत सुधार तथा नियमन;
- एकीकृत सामाजिक सुरक्षा कार्यक्रम;
- वैदेशिक रोजगारीमा गएका कामदारको सामाजिक सुरक्षाका लागि कुटनीतिक पहल तथा पैरवी;
- विदेश जानु अघि तथा विदेशबाट फर्किएपछि स्वास्थ्य परीक्षणको प्रबन्ध।

## (ग) गरिबी तथा असमानता न्यूनीकरण कार्यक्रम

- विपन्न नागरिक आवास कार्यक्रम;
- कुरीति तथा भेदभाव विरुद्ध सचेतना;
- विपन्न वर्गका विद्यार्थीलाई उच्च शिक्षा सहयोग;
- अति विपन्न वर्ग स्वरोजगार प्रवर्द्धन कार्यक्रम;
- गृहिणी स्वरोजगार कार्यक्रम।

# परिमाणात्मक लक्ष्य

## श्रम तथा रोजगारी





## रोजगारी र जनसङ्ख्या अनुपात
(अङ्क)



# गरिबी निवारण तथा सामाजिक संरक्षण

| सूचक | एकाइ | २०७९/८० यथार्थ | २०८०/८१ अनुमान | २०८३/८४ लक्ष्य | २०८५/८६ लक्ष्य |
|---|---|---|---|---|---|
| गरिबीको विषमता | प्रतिशत | ११.८८ | ११.० | ८.६ | ७ |
| गरिबीको दर | प्रतिशत | २.३३ | २.३० | २.१० | २.०० |
| गरिबीको फैलावट | प्रतिशत | ४.८८ | ४.८ | ४.४६ | ४.२४ |
| गरिबीको गहनता | प्रतिशत | ०.७९ | ०.७८ | ०.७२ | ०.६८ |
| जिनी गुणक | अङ्क | ०.२९ | ०.२९ | ०.२८ | ०.२७ |
| प्रति व्यक्ति आय | (अमेरिकी डलरमा) | १४९९ | १५८० | १८३० | २००० |



# सशक्त महिला, समावेशीकरण तथा समानता

# पृष्ठभूमि

१

नेपालको संविधानले विभेदरहित, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने सङ्कल्पका साथ समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा सहभागिताको अधिकार स्थापना गरेको छ।

२

नेपालको दशौं योजना अवधिदेखि नै समतामूलक समाजको स्थापना गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई अन्तर–सम्बन्धित विषयको रूपमा स्थापित गरिएको छ।

३

नेपाल सरकारले जनाएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई गण्डकी प्रदेश सरकारले नीति, कानुन, योजना तथा कार्यक्रम र अनुगमन तथा मूल्याङ्कन प्रणालीमा मूलप्रवाहीकरण गरेको छ।

४

प्रदेश सरकारले सबै प्रकारका विभेदको अन्त्य गर्दै समतामूलक समाजको निर्माण र सामाजिक न्याय सुनिश्चितता र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण आन्तरिकीकरण गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण निर्देशिका, २०७७ जारी गरी कार्यान्वनयमा रहेको छ।

५

गण्डकी प्रदेश सरकार समतामूलक समाज निर्माणका लागि महिला, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक, दलित तथा सीमान्तकृत वर्ग र समुदायमा विद्यमान आर्थिक, सामाजिक विभेदको अन्त्य गर्न अग्रसर रहेको छ।

## विद्यमान अवस्था

# लैङ्गिक समानता तथा महिला सशक्तीकरण




### महिला जनसङ्ख्या तथा लैङ्गिक अनुपात

- कुल जनसङ्ख्याको ५२.५३ %
- लैङ्गिक अनुपात ९०.३७ प्रति १०० महिला



### महिला सशक्तीकरणको अवस्था

- महिला साक्षरता दर  ७५.३ % लैङ्गिक विकास सूचकाङ्क ०.८९६
- लैङ्गिक असमानता सूचकाङ्क ०.४६०महिला परिवारमूली भएका परिवार ४१.० %
- महिलाको नाममा घर वा जग्गा वा घरजग्गा दुवै रहेको कुल घरपरिवार २८.३ %
- आर्थिक रूपमा क्रियाशील कुल जनसङ्ख्या मध्ये महिलाको अनुपात ५१.२ %



### लैङ्गिक सशक्तीकरणका प्रयास

- प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट विनियोजन अनुपात ५९ %
- लैङ्गिक मूलप्रवाहीकरणलाई नीति तथा योजनामा प्राथमिकता

# सामाजिक समावेशीकरण



### बञ्चितीकरणमा परेको समुदायको जनसङ्ख्या:

- नेपालमा कुल जनसङ्ख्याको २.२% मा कुनै न कुनै रूपमा अपाङ्गता देखिएकोमा गण्डकी प्रदेशमा यो अनुपात २.९%
- अपाङ्गता भएको जनसङ्ख्यामा पुरुष र महिलाको अनुपात क्रमशः ५३.४ र ४६.६%



### अपाङ्गता तथा शिक्षा

- अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच अभिवृद्धि गर्न ३३ वटा विशेष विद्यालय र २३ वटा एकीकृत विद्यालय सञ्चालन
- अपाङ्गता भएका बालबालिकाको लागि ३८० स्रोत कक्षाको व्यवस्था
- दृष्टिसम्बन्धी अपाङ्गता भएका बालबालिकाका लागि निःशुल्क ब्रेल पाठ्यपुस्तक उपलब्ध



### ज्येष्ठ नागरिक तथा आश्रम

- प्रदेशमा ज्येष्ठ नागरिक आश्रम सङ्ख्या १७
- आश्रममा १५५ जना महिला र १२३ जना पुरुष गरी कुल २७८ जनाले आश्रय लिएका

## मुख्य सवाल र चुनौती



# लैङ्गिक समानता तथा महिला सशक्तीकरण

**१**

### लैङ्गिक समानता

- नीतिगत, कानुनी र संस्थागत संरचनामा सुधार गर्नु।
- सरकारी, गैरसरकारी र निजी क्षेत्रका कार्यस्थलमा लैङ्गिक समानता सुनिश्चित गर्नु।
- महिला र लैङ्गिक अल्पसंख्यकमा हिंसा र शोषणका नयाँ रूपहरू देखा परेका।

**२**

### महिला र लैङ्गिक अल्पसंख्यकको सम्मानित जीवनयापन

- सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रमा उनीहरूको सहभागिता बढाउनु।
- पितृसत्तासँग जोडिएका परम्परा र असमानता निराकरण गर्न कानुनी कार्यान्वयनमा कमी।
- विभेद, शोषण र हिंसा अन्त्य गर्दै लैङ्गिक समानता कायम गर्नु चुनौती।

**३**

### आर्थिक तथा सामाजिक सशक्तीकरण

- महिला, पुरुष र लैङ्गिक अल्पसंख्यक बिच विभेद कायम ।
- घरेलु कामकाज र श्रम क्षेत्रमा समानता र सम्मानको कमी।

**४**

### लैङ्गिक हिंसा र विभेदको अन्त्य

- महिला र लैङ्गिक अल्पसंख्यकमा शारीरिक, मानसिक र अन्य हिंसा कायमै रहनु।
- हिंसा र विभेदको अन्त्य गर्दै सामाजिक संरचनामा सकारात्मक परिवर्तन ल्याउनु चुनौती।

**५**

### स्वरोजगार र उद्यमशीलता विकास

- श्रम बजारमा महिला र लैङ्गिक अल्पसंख्यकको योगदान उचित रूपमा मूल्याङ्कनमा कमी।
- स्रोत र साधनमा पहुँच तथा निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिताको कमी।


# मुख्य सवाल र चुनौती

## १ सामाजिक समावेशिताको संस्थागत व्यवस्था

- वञ्चितीमा परेका वर्गको विकासमा कानुनी व्यवस्थाअनुसार समावेशिताको कमी।
- नीति, कानुन, योजना र कार्यक्रम तयारीमा लक्षित वर्गको अर्थपूर्ण सहभागिताको कमी।
- सामाजिक समावेशीकरणका लागि नीति, कानुन र संरचनाको स्थापना गर्नु।

## २ वञ्चितीकरणमा परेका वर्गको क्षमता विकास

- आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गको सशक्तीकरणमा अपेक्षाकृत प्रतिफलमा कमी।
- विशेष समुदायको आवश्यकताअनुसार कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा कमी।
- सामाजिक र पारिवारिक बहिष्करणका कारण समाजिक, शैक्षिक र सांस्कृतिक सशक्तिकरण चुनौतीपूर्ण।



**सामाजिक समावेशीकरण**

## ३ वञ्चित समुदायको मूलप्रवाहीकरण

- वञ्चितीकरणमा परेका समुदायको खण्डीकृत तथ्याङ्कको कमीले समुदायलाई सशक्त बनाउन कठिन।
- धार्मिक, सांस्कृतिक र कुरीतिमा आधारित विभेद कायमै रहेको।
- सकारात्मक विभेद र आरक्षण मार्फत अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न चुनौती।

## ४ जाति, धर्म र भाषाबिच विभेद अन्त्य

- जातीय, धार्मिक र भाषिक अधिकार कायम गर्नु
- साधन र स्रोतको न्यायोचित वितरणमा कमी।
- सामाजिक कुरीति र भेदभावको अन्त्य गर्दै सद्भाव कायम गर्नु।

## ५ सम्मानित जीवनयापनको वातावरण सिर्जना

- जोखिममा रहेका वर्गको संरक्षण र उत्थानको कमी।
- दलित, आदिवासी जनजाति र अपाङ्गता भएका वर्गप्रति सामाजिक दृष्टिकोणमा परिवर्तन गर्नु।
- शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा सेवामा गुणात्मक सुधार र पहुँच सुनिश्चित गर्नु चुनौती।

# रुपान्तरणका रणनीति

## लैङ्गिक समानता तथा महिला सशक्तीकरण

(१) संस्थागत तथा संरचनागत सुधार गर्ने

(२) लैङ्गिक सवाललाई मूलप्रवाहीकरण तथा स्थानीयकरण गर्ने

(३) व्यावसायिक वातावरण तथा आर्थिक अवसर सिर्जना गर्ने

(४) निरोधात्मक, उपचारात्मक तथा नियमनकारी उपायद्वारा सबै प्रकारका शोषण, विभेद र हिंसा अन्त्य गर्ने

## सामाजिक समावेशीकरण

(१) संरचनागत रुपान्तरणबाट सामाजिक समावेशीकरणका सवाललाई सम्बोधन गर्ने

(२) वञ्चितीकरणमा परेको वर्गको नीति निर्माण तथा निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने

(३) कानुनी तथा संस्थागत व्यवस्थाको कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धि गर्ने

(४) ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र बालबालिकाको संरक्षण र सम्मान तथा प्रोत्साहन गर्ने

# प्रमुख हस्तक्षेपकारी कार्यक्रम

## लैङ्गिक समानता तथा महिला सशक्तीकरण

### (क) नीतिगत तथा संरचनागत सुदृढीकरण

- नीति तथा कानुन तर्जुमा तथा सुधार;
- लैङ्गिक समानता तथा समावेशीकरणसम्बन्धी संरचनागत व्यवस्थाको सुदृढीकरण;
- लैङ्गिक हिंसा निवारण प्रदेश स्तरीय कोष स्थापना;
- लैङ्गिकमैत्री कार्यस्थल व्यवस्थापन;
- सेभ हाउस तथा पुनःस्थापना सेवा केन्द्र निर्माण र सञ्चालन;
- कानुनी सेवा तथा कानुनी सहायता केन्द्र स्थापना;
- स्वयम् सेवी, सामाजिक तथा सामुदायिक संस्था प्रोत्साहन।

### (ख) सशक्तीकरण तथा क्षमता विकास

- लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक वर्ग सशक्तीकरण।
- जनप्रतिनिधि तथा कर्मचारी रूपान्तरकारी नेतृत्व निर्माण कार्यक्रम;
- जीविकोपार्जन सुधार कार्यक्रम;
- प्राविधिक शिक्षा तथा उच्च शिक्षा छात्रवृत्ति;
- सफल अभ्यास तथा अनुभव आदान प्रदान;
- वैदेशिक रोजगारीमा जाने महिला तथा अन्य वर्गका लागि सिप विकास तथा परामर्श सहयोग।

### (ग) लैङ्गिक विभेदजन्य हिंसा न्यूनीकरण

- सामाजिक जागरण र सचेतना;
- द्रुत सहयोग तथा कानुनी सेवा विस्तार;
- अल्पकालीन तथा दीर्घकालीन पुनःस्थापना केन्द्र तथा सुरक्षा गृह सञ्चालन;
- हिंसा पीडित तथा प्रभावितलाई मनोसामाजिक परामर्श, विमर्श र निःशुल्क कानुनी सहायता;
- हिंसा पीडितका लागि परिवार र समुदायमा पुनर्मिलन;
- छरितो उद्धार तथा हेल्पलाइन स्थापना;
- सूचना प्रविधि तथा सामाजिक सञ्जालको दुरूपयोग नियन्त्रण।

### (घ) स्वरोजगार तथा उद्यमशीलता कार्यक्रम

- उद्यमशीलता प्रशिक्षण सञ्चालन;
- व्यावसायिक सिप तथा उद्यमशीलता विकास तथा कार्यक्रम;
- व्यावसायिक कृषि तथा बजार व्यवस्थापन कार्यक्रम;
- व्यवसाय प्रोत्साहन कार्यक्रम।

# सामाजिक समावेशीकरण

## मूलप्रवाहीकरण तथा स्थानीयकरण कार्यक्रम

- नीति, कानुन तथा संस्थागत सुधार;
- प्रदेश तथ्याङ्क प्रणालीमा तथा खण्डीकृत तथ्याङ्क व्यवस्थापन;
- संस्थागत क्षमता विकास;
- लैङ्गिक, अपाङ्गता र ज्येष्ठ नागरिक डेस्क व्यवस्थापन;
- लक्षित वर्गका जनप्रतिनिधि, पदाधिकारी तथा कर्मचारी क्षमता विकास;
- बालमैत्री स्थानीय तह घोषणा सहयोग;
- ज्येष्ठ नागरिक मनोविनोद केन्द्र स्थापना;
- सडकमा आश्रित तथा जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको उद्धार तथा व्यवस्थापन;
- आश्रय गृह तथा पुनःस्थापना केन्द्र सञ्चालन।

## (ख) लक्षित वर्ग क्षमता विकास कार्यक्रमः

- मागमा आधारित उद्यम तथा व्यवसाय विकास तालिम;
- स्वरोजगारमूलक सिप विकास;
- लक्षित वर्ग विशेष छात्रवृत्ति;
- परम्परागत ज्ञान, सिप, कला प्रवर्द्धन;
- समुदायस्तरमा सचेतना विस्तार कार्यक्रम।

## (ग) सामाजिक सुरक्षा कार्यक्रम


- अति गरिब तथा लोपोन्मुख समुदाय उत्थान कार्यक्रम;
- दलित विद्यार्थी उच्चशिक्षा छात्रवृत्ति;
- असहाय कानुनी सेवा तथा परामर्श;
- अपाङ्गता भएका व्यक्तिका लागि सहयोगी सामग्री तथा जीविकोपार्जन सहयोग;
- दलित वर्ग उद्यमशीलता विकास।

## (घ) संरक्षण तथा आत्मसम्मान प्रवर्द्धन

- वञ्चितीकरणका वर्ग, क्षेत्र, जाति एवम् समुदायको सम्मान एवम् संरक्षण;
- ज्येष्ठ नागरिक ज्ञान हस्तान्तरण;
- शिशु स्याहार सहयोग कार्यक्रम;
- महिला तथा असहाय बालबालिका उत्थान तथा पुनस्थापना कार्यक्रम;
- सुरक्षित आश्रय गृह सञ्चालन;
- ज्येष्ठ नागरिक घरदैलो स्वास्थ्य परीक्षण;
- हिंसा पीडित उद्धार, संरक्षण र पुनःस्थापना;
- विभेद तथा कुरीति न्यूनीकरणका सामुदायिक अन्तरक्रिया।


# परिमाणात्मक लक्ष्य

## लैङ्गिक समानता तथा महिला सशक्तीकरण





### सार्वजनिक प्रशासन सेवामा महिला प्रतिनिधित्व

प्रतिशत





### जीवनकालमा शारीरिक/ मानसिक/ यौन हिंसा पीडित महिला


प्रतिशत



## सामाजिक समावेशीकरण




### सिप विकासको तालिमबाट रोजगार लक्षित वर्ग (सङ्ख्या)





# सन्तुलित वातावरण र जलवायु तथा विपद् उत्थानशीलता

# पृष्ठभूमि

१. नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको प्रत्याभूत गर्दै विपद् व्यवस्थापनलाई सङ्घ, प्रदेश तथा स्थानीय तहको साझा अधिकारको सूचीमा सूचिकृत गरेको छ।

२. वातावरण प्रदूषणबाट प्रभावितलाई प्रदूषकबाट उचित क्षतिपूर्ति दिलाउन तथा विकास र वातावरणबिच सामञ्जस्यता कायम गर्ने उद्देश्यले प्रदेश सरकारले वातावरण संरक्षण ऐन, २०७६ लागू गरेको छ।

३. जलवायु परिवर्तनको मुख्य कारकका रूपमा रहेको हरित गृह ग्याँसको उत्सर्जनमा गण्डकी प्रदेशको भूमिका नभए तापनि यस प्रदेशमा जलवायु परिवर्तनका असर भने उच्च रहेका छन्।

४. गण्डकी प्रदेशका मध्यपहाडी क्षेत्रमा जलवायु उत्पन्न प्रकोपको संवेदनशीलता सबैभन्दा उच्च रहेको र वार्षिक रूपमा विपद्को सङ्ख्या, आवृत्ति र गहनता तीव्ररूपमा बढ्दै गइरहेको छ।

५. जलवायु परिवर्तन तथा विपद् जोखिमका सवाल सम्बोधन गरी उत्थानशील समाज निर्माणमार्फत प्रदेश समुन्नतिमा योगदान पुर्‍याउन प्रादेशिक नीति, योजना तथा कार्यक्रम केन्द्रित हुन आवश्यक छ।

# विद्यमान अवस्था

## वातावरण तथा फोहोरमैला व्यवस्थापन



### जलीय पर्यावरण

- गण्डकी प्रदेशमा २९० वटा भन्दाबढी तालतलैया
- सप्तगण्डकी नदी प्रणालीका नदी एवम् खोला
- विश्व रामसार महासन्धि अन्तर्गत सूचीकृत ९ वटा सिमसार लगायत अन्य सिमसार क्षेत्र
- कुल १७,३०० हेक्टरमा हिमनदी



### वातावरण संरक्षणका प्रयास

- वातावरण संरक्षणका लागि जनचेतना अभिवृद्धि, सरसफाइ एवम् फोहोरमैला व्यवस्थापन तथा प्रदूषण नियन्त्रणमा नीतिगत तथा व्यावहारिक प्रयास
- नदी किनार र सडक किनारमा हरियाली प्रवर्द्धन गरी वातावरणीय स्वच्छता कायम गर्ने प्रयास
- औद्योगिक प्रतिष्ठानमा अनुगमन गरी मापदण्ड पालना गराउने कार्यमार्फत प्रदूषण नियन्त्रण तथा वातावरण संरक्षणलगायतका संस्थागत प्रयास



### जलाधार र जैविक विविधताको संरक्षण

- ताल तथा जलाधार क्षेत्रको संरक्षण एवम् दिगो उपयोगमा अग्रता
- जैविक विविधताको संरक्षण, वातावरणीय सेवा र पर्यापर्यटन प्रवर्द्धनलाई प्राथमिकता
- वातावरण संरक्षणसँगै स्थानीय जनताको जीविकोपार्जनमा योगदान पुर्‍याउन नीतिगत तथा व्यावहारिक प्रयास

# जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन



### वन क्षेत्र तथा हरितगृह ग्याँस उत्सर्जनको अवस्था


- सघन वन र बुट्यानले ढाकेको क्षेत्र क्रमशः ३७.८ र ९.६ % तथा कुल बन क्षेत्रमध्ये संरक्षण क्षेत्रले ओगटेको ४५.६८%
- नेपालले विश्वबाट उत्सर्जन हुने कुल हरित गृह ग्याँसको करिब ०.१ % मात्र उत्सर्जन
- प्रदेशमा हरितगृह ग्याँसको उत्सर्जन न्यून भए पनि विश्वव्यापी जलवायु परिवर्तनको असर उच्च रहेको

### जलवायु परिवर्तनको प्रभाव



- लामो समयसम्म खडेरी पर्ने तथा तीव्र वर्षा हुने घटना सामान्य हुन थालिसकेका
- करिव १०० मि.मि. वा सोभन्दा बढी परिमाणमा पानी पर्ने दिन सङ्ख्या बढ्दै गएको
- हिउँदका महिनामा बाक्लै रूपमा पर्ने झरी क्रमश: न्यून हुँदै गएको
- वनस्पति र जीवजन्तुको प्राकृतिक बासस्थान स्थानान्तरण

### तापमान वृद्धिको अवस्था



- विगत ६४ वर्षमा विश्वको औसत तापक्रम १.३ डिग्री सेल्सियसले वृद्धि भएको
- नेपालको औसत तापमान वृद्धि १.३ डिग्री सेल्सियस रहेको
- नेपालको अधिकतम तापक्रम प्रतिवर्ष सरदर ०.०५६ डिग्री सेल्सियसका दरले वृद्धि भएको

### नीतिगत तथा कानुनी प्रयास



- राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६; स्थानीय अनुकुलन कार्ययोजना खाका, २०७६; दोस्रो राष्ट्रिय निर्धारित योगदान, २०२० र राष्ट्रिय अनुकूलन योजना तर्जुमा
- हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरणसम्बन्धी दीर्घकालीन रणनीति तयार
- प्रदेशमा वातावरण संरक्षण ऐन, २०७६; ताल संरक्षण तथा विकास प्राधिकरण ऐन, २०७५; वर, पिपल, समी र चौतारो संरक्षण ऐन, २०७५ र वन ऐन, २०८०

# विपद् जोखिम व्यवस्थापन



## विपद् व्यवस्थापनसम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था

- राष्ट्रियस्तरमाः विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५; विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६
- प्रदेशस्तरमा: विपद् व्यवस्थापन नियमावली, २०७७; विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना २०७७-२०८७; प्रदेश विपद् व्यवस्थापन नियमावली, २०७७



## विपद् व्यवस्थापनमा अग्रसरता तथा प्रभाव

- मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेश विपद् व्यवस्थापन परिषद्
- आन्तरिक मामिला हेर्ने मन्त्रीको संयोजकत्वमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति
- प्रदेशको विपद् जोखिम क्षेत्रको पहिचान र नक्साङ्कन
- कुल १ लाख ४७ हजार ९८५ घरपरिवार बढ्दै गएका विपद्का घटनाका कारण थप सङ्कटाभिमुख

## मुख्य सवाल र चुनौती

### १ फोहोरमैला व्यवस्थापन तथा वातावरणीय प्रदूषण नियन्त्रण

- घर, अस्पताल, उद्योग र सवारीसाधनबाट फोहोरमैलाको परिमाण बढिरहेको छ र सहरीकरण र औद्योगिकीकरणले प्रदूषणलाई बढावा दिएको ।
- ताल र सिमसार क्षेत्रहरूको पानीको गुणस्तरमा ह्रास आएको ।
- वातावरणीय परीक्षण र रणनीतिक वातावरणीय विश्लेषणको प्रावधानहरू कार्यान्वयनमा कमी ।



**वातावरण तथा फोहोरमैला व्यवस्थापन**

### २ विकास निर्माणका कार्यलाई वातावरणमैत्री बनाउनु

- डाँडाकाँडा र कमजोर भूधरातलमा खनिएका बाटोका कारण वर्षेनी पहिरो र भूक्षयको वृद्धि हुनु ।
- विकास निर्माण प्रक्रियामा वातावरणमैत्री कार्यलाई समावेश गर्न र वातावरण व्यवस्थापन योजनाअनुसार काम गर्नु चुनौतीपूर्ण ।

### ३ ताल तथा सिमसार क्षेत्रको दिगो संरक्षण

- ताल र सिमसार क्षेत्र अतिक्रमण र प्रदूषण कायम रहनु ।
- जलस्रोतको दिगो व्यवस्थापन र प्रदूषण नियन्त्रण गर्न चुनौती ।

### ४ वातावरण संरक्षणप्रतिको संवेदनशीलता अभिवृद्धि

- समुदाय, निजी क्षेत्र र सरकारी निकायमा वातावरण संरक्षणको संवेदनशीलता अभिवृद्धि गर्नु ।
- फोहोरमैलाको व्यवस्थापनमा समुदाय र संस्थामा सचेतनाको कमी ।
- माटो संरक्षण र रासायनिक मलको प्रयोगका कारण माटोको गुणस्तरमा गिरावट आएको ।

### ५ वन्यजन्तुको प्राकृतिक बासस्थान संरक्षण

- कृषि र वनजन्य स्रोतको अत्यधिक उपयोगले वन्यजन्तुको प्राकृतिक बासस्थानमा अतिक्रमण ।
- वनको पारिस्थितिकीय प्रणाली असंतुलित भइ केही प्रजाति लोप केही प्रजातिको वृद्धि ।
- जैविक विविधतामा भएको क्षति सम्बन्धी अध्ययन र अनुसन्धानको कमी ।

# मुख्य सवाल र चुनौती



## जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन

### १ विषम जलवायु संवेदनशील उत्पादन प्रवर्द्धन

- बाढी, खडेरी र अन्य जलवायुजन्य प्रकोपले कृषिमा आश्रित जनसङ्ख्या जोखिममा हुनु।
- मनसुनको अस्थिरता र जलवायु परिवर्तनले कृषि क्षेत्रलाई प्रभावित पार्दै अन्य उत्पादन क्षेत्रहरूलाई पनि नकारात्मक असर पुग्नु ।
- उत्पादन क्षेत्रलाई जलवायु उत्थानशील बनाउनु चुनौती ।

### २ अनुकूलन तथा उत्थानशील क्षमता विकास

- सामाजिक, संस्थागत र शासकीय क्षमता परिवर्तनमा कमीका कारण अनुकूलन प्रक्रियामा अवरोध ।
- जलवायुजन्य प्रकोपहरू दोहोरिनु र प्रकोपहरूको प्रभाव न्यूनीकरण गर्ने क्षमता कमजोर हुनु ।
- विद्यमान पूर्वाधार (सडक, पुल, भवन) जलवायु प्रकोपका सामना गर्नको लागि पर्याप्त रूपले उत्थानशीलतामा कमी ।

### ३ जलवायु अनुकूलन तथा प्रकोप जोखिम न्यूनीकरणमा पर्याप्त लगानी सुनिश्चत

- जलवायु उत्थानशीलता र प्रकोप जोखिम न्यूनीकरणका लागि स्रोत र पुँजीको अभाव ।
- अन्तर्राष्ट्रिय लगानी स्रोत उपलब्ध भए तापनि मुख्य ध्यान कार्बन उत्सर्जन न्यूनीकरणतर्फ बढी केन्द्रित हुनु ।
- प्रदेश सरकारलाई जलवायु अनुकूलनमा आवश्यक स्रोत जुटाउन चुनौती ।

### ४ हिमताल विष्फोटको जोखिम न्यून

- गण्डकी नदी बेसिनमा जोखिमयुक्त हिमतालहरूको उपस्थितिले बस्ती र कृषि क्षेत्रमा उच्च जोखिम ।
- हिमताल विष्फोटका सम्भावनाबाट बच्न पूर्व चेतावनी प्रणाली स्थापना गर्नु ।
- जोखिमयुक्त हिमतालको रोकथाम र प्रभाव न्यूनीकरणमा चुनौती ।

### ५ जलवायु उत्थानशील समुदायको निर्माण

- निकाय बिच समन्वयको कमी र जिम्मेवारीगत दोहोरोपनका कारण जलवायु परिवर्तन अनुकूलनमा समस्या ।
- जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनमा आधारित समुदाय निर्माण गर्न अनुसन्धान र प्रविधिको कमी ।
- जलवायु उत्थानशील समुदायको निर्माणका लागि समन्वय र साझेदारी ।

# मुख्य सवाल र चुनौती

### विपद् जोखिम व्यवस्थापनमा शासकीय एवम् संस्थागत क्षमता सुदृढ

- सबल संस्थागत क्षमताको कमी।
- विपद् जोखिम न्यूनीकरणका प्रयासहरूबाट विपद्को जोखिम र क्षति न्यूनीकरणमा कमी।
- भूउपयोग, आवास र बस्ती विकास सम्बन्धी कानुनी मापदण्डको कडाइका साथ कार्यान्वयन चुनौतीपूर्ण।




### विपद् जोखिम व्यवस्थापनको अवधारणा मूलप्रवाहीकरण

- विकासका पूर्वाधार बहुविपद् प्रतिरोधी।
- विपद् जोखिम व्यवस्थापन कार्यान्वयन र अनुगमन गर्ने प्रक्रिया कमजोर हुनु।

### विपन्न तथा सीमान्तकृत वर्गमा विपद् जोखिम न्यूनीकरण

- संकटासन्न घरपरिवार र समुदायमा विपद् जोखिम न्यूनीकरण गर्नु।
- विपद्को समयमा जोखिममा पर्ने समूहहरूलाई लक्ष्य गरेर प्रभावकारी जोखिम न्यूनीकरण गर्नु।

### प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरण

- कमजोर भौगोलिक बनावट, मौसमी घटना, तीव्र जनसङ्ख्या वृद्धि र अव्यवस्थित विकासले प्रकोपको उच्च जोखिम।
- विपद् उत्थानशीलता अभिवृद्धि गर्न विगतका अनुभव तथा अभ्यासलाई आत्मसाथ गर्नु।

# रूपान्तरणका रणनीति

## वातावरण तथा फोहोरमैला व्यवस्थापन

(१) वातावरणमैत्री विकास प्रणाली प्रवर्द्धन गर्ने

(२) शून्य फोहोरमैला निष्काशनको अवधारणा प्रवर्द्धन गर्ने

(३) स्वच्छ एवम् नवीकरणीय ऊर्जाको प्रवर्द्धन गर्ने

(४) प्रदूषण मापदण्डको विकास तथा कार्यान्वयन गर्ने

## जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन

(१) उत्पादनशील क्षेत्रलाई जलवायु उत्थानशील र अर्थतन्त्रलाई जलवायु स्फूर्त बनाउने

(२) जलवायुमैत्री ज्ञान, सिप र अभ्यास र प्रविधि प्रवर्द्धन गर्ने

(३) पूर्व चेतावनी प्रणालीको स्थापना र विस्तार गर्ने

(४) जलवायु वित्त तथा कार्बन व्यापारसम्बन्धी क्षमता अभिवृद्धि गर्ने

## विपद् जोखिम व्यवस्थापन

(१) विपद् जोखिम व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्ने

(२) संस्थागत क्षमता सुदृढीकरण गर्ने

(३) पूर्वाधार विकासलाई दिगो तथा उत्थानशील बनाउने

(४) बिमा विस्तार गर्ने

(५) प्रकृतिमा आधारित, सहज र दिगो समाधानमा जोड दिने

# प्रमुख हस्तक्षेपकारी कार्यक्रम

## वातावरण तथा फोहोरमैला व्यवस्थापन

### (क) प्रदूषण नियन्त्रण कार्यक्रम

- औद्योगिक क्षेत्र एवम् स्वास्थ्य संस्थाबाट उत्सर्जित फोहोर नियन्त्रण नीति, कानुन र मापदण्ड तर्जुमा;
- अन्तर सरकार एवम् सरोकारवाला सँग सहकार्य;
- वायु प्रदूषण सूचना सङ्कलन, विश्लेषण, प्रवाह र उपयोग;
- वायु प्रदूषण मापन केन्द्र अध्ययन तथा स्थापना;
- सवारी साधनको धुवा तथा प्रदूषण मापन केन्द्र स्थापना;
- वातावरणमैत्री उद्योग तथा व्यवसाय स्थापनामा प्रोत्साहन।

### (ख) फोहोरमैला व्यवस्थापन कार्यक्रम

- फोहोरमैलाको दिगो व्यवस्थापनमा पूर्वाधार तथा प्रविधि विकास तथा विस्तार;
- फोहोरमैला व्यवस्थापन तथा सेनिटरी ल्याण्डफिल साइट निर्माणमा स्थानीय तहसँग साझेदारी;
- फोहोर दहन केन्द्र (Incineration Plant) र अक्सिजन विनाको फोहोर दहन (Pyrolysis) केन्द्र स्थापना सहयोग;
- जैविक प्रशोधन (Bioremediation) प्रविधि उपयोग विस्तार;
- कुहिने फोहोरको व्यवस्थापनबाट बगैंचा निर्माण एवम् ऊर्जा उत्पादनमा स्थानीय तहसँग सहकार्य।

### (घ) वातावरण संरक्षण र प्रवर्द्धन कार्यक्रम

- वातावरणीय सेवा भुक्तानीको लागि नीति, कानुन र कार्यविधी तर्जुमा;
- वातावरणमैत्री पूर्वाधार विकाससम्बन्धी कार्यविधि तथा मापदण्ड तर्जुमा;
- वातावरणीय अध्ययन तथा परीक्षण तथा पालना अनुगमन;
- वातावरणमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम;
- वातावरण संरक्षण तथा व्यवस्थापनसम्बन्धी विद्यालय शिक्षा कार्यक्रम।

### (घ) वातावरणीय स्वच्छता तथा हरियाली प्रवर्द्धन

- खुला फोहोरमैला मुक्त स्थानीय तह सहयोग कार्यक्रम;
- सहरी क्षेत्रमा हरित उद्यान निर्माण सहयोग;
- सहरी सडकमा हरियाली वृद्धि सहयोग।

# जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन

## (क) जलवायु परिवर्तन न्यूनीकरण कार्यक्रम

- प्रदेशस्तरीय कार्बन व्यापार नीति, ऐन, निर्देशिका तथा मापदण्ड तर्जुमा;
- प्रदेशस्तरीय कार्बन उत्सर्जन र संचितीकरणको अवस्था अध्ययन;
- कार्बन व्यापार आयोजना विकास, सञ्चालन र आय बाँडफाँटमा नेपाल सरकार तथा स्थानीय तहसँग समन्वय, सहकार्य र साझेदारी;
- स्यानिटरी ल्याण्डफिल साइट निर्माण तथा सञ्चालनलाई कार्बन व्यापार परियोजनामा रूपान्तरण।

## (ख) जलवायु परिवर्तन अनुकूलन कार्यक्रम

- स्थानीय जलवायु परिवर्तन अनुकूलनलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा आन्तरिकीकरणमा सहयोग तथा सहजीकरण;
- जलवायुमैत्री स्थानीय तह निर्माणमा सहयोग तथा सहकार्य ।

## (ग) जैविक एवम् संरक्षित खेती प्रवर्द्धन कार्यक्रम

- एकीकृत रोग कीरा व्यवस्थापन कार्यक्रम;
- माटोको जैविक तत्व संरक्षण तथा प्राङ्गारिक मल उत्पादन र उपयोग विस्तार;
- जलवायुमैत्री कृषि प्रविधि, बीउ बिजन तथा खेती प्रणाली प्रवर्द्धन;
- प्राङ्गारिक खेती, उत्पादन तथा बजारीकरण प्रवर्द्धन;
- बाली विविधीकरण र चक्रीय बाली प्रवर्द्धन कार्यक्रम ।

## (घ) जोखिमयुक्त हिमताल विस्फोट जोखिम न्यूनीकरण कार्यक्रम

- हिमताल विष्फोट रोकथाम एवम् अल्पीकरण कार्यक्रम;
- पूर्व चेतावनी प्रणाली विकास तथा सुदृढीकरण ।

## (ङ) स्वच्छ तथा नवीकरणीय ऊर्जा प्रवर्द्धन कार्यक्रम

- विद्युतीय सवारी साधन प्रवर्द्धन;
- विद्युतीय/सौर्य चुलो प्रवर्द्धन;
- नवीकरणीय ऊर्जा उत्पादन तथा उपयोग प्रोत्साहन ।

# विपद् जोखिम व्यवस्थापन

## (क) विपद् जोखिम वस्तुस्थिति विश्लेषण तथा पूर्व चेतावनी प्रणाली विकास

- प्रदेशस्तरीय विपद् जोखिम व्यवस्थापन रणनीति तयारी;
- प्रदेश विपद् प्रोफाइल तयारी;
- विपद् व्यवस्थापनसम्बन्धी एकीकृत डिजिटल तथ्याङ्क व्यवस्थापन प्रणाली विकास कार्यक्रम;
- उच्च जोखिमयुक्त भौगोलिक एवम् विषयगत क्षेत्रको जोखिम अध्ययन तथा नक्साङ्कन ।

## (ख) विपद् जोखिम न्यूनीकरण कार्यक्रम

- सुरक्षित बस्ती विकास, सहरी योजना र भवन निर्माण मापदण्ड तर्जुमा तथा कार्यान्वयन सहजीकरण;
- भवन मापदण्ड कार्यान्वयन र पुराना भवनको प्रवलीकरण सहयोग तथा सहजीकरण;
- विकास पूर्वाधार आयोजनाको विपद् जोखिम प्रभाव न्यूनीकरण;
- प्रतिकार्य क्षमता विकासका लागि संस्थागत क्षमता विकास;
- पूर्व चेतावनी प्रणालीको विकास ।

## (ग) विपद् व्यवस्थापन कार्यक्रम


- प्रदेश विपद् व्यवस्थापन परिषद् तथा व्यवस्थापन समितिको संस्थागत विकास तथा सुदृढीकरण;
- प्रदेश आपतकालीन केन्द्र स्थापना, सुदृढीकरण तथा व्यवस्थापन;
- आपतकालीन उद्धार सामग्री भण्डारण तथा व्यवस्थापन
- प्रदेश विपद् व्यवस्थापन कोष सञ्चालन;
- विपद् व्यवस्थापनमा स्थानीय तह, समुदाय तथा सरोकारवालाको क्षमता विकास;
- प्रदेशस्तर विपद् उत्थानशील कार्यक्रम ।

## (घ) मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन


- मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि राष्ट्रिय अन्तर्राष्ट्रिय सफल अनुभव आदानप्रदान;
- वन्यजन्तु निष्प्रभावी खेती प्रवर्द्धन;
- वन्यजन्तु विकर्षण गर्ने प्रविधि विकास तथा विस्तार
- बाँदरको प्रकोप नियन्त्रणका उपाय, प्रविधि र संयन्त्रको विकास;
- वन्यजन्तुबाट हुने क्षति कम गर्न बिमा कार्यक्रम ।

# परिमाणात्मक लक्ष्य


## वातावरण तथा फोहोरमैला व्यवस्थापन





### वायु गुणस्तर सूचकांक मान





### कार्बनडाइअक्साइड बराबर वार्षिक उत्सर्जन परिमाण (मे. टन)




## जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन






## सञ्चालनमा रहेका पूर्वचेतावनी प्रणाली
(सङ्ख्या)



# विपद् जोखिम व्यवस्थापन



# सुदृढ शासन, सेवाप्रवाह र तहगत सम्बन्ध

# पृष्ठभूमि

१

गण्डकी प्रदेश सरकारले सङ्घ, प्रदेश र स्थानीय तहबिचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तका आधारमा हुने नेपालको संवैधानिक व्यवस्थालाई कार्यान्वयनमा लैजान प्रदेश सरकार तहगत रूपमा भौगोलिक, कार्यात्मक र संस्थागत मूल्य मान्यतामा सहयोग गरी निकायबिचको सम्बन्धलाई कसिलो बनाउन अग्रसर रहेको छ ।

२

प्रदेश सरकारले शासन सञ्चालनका नवीनतम अनुभवका साथ सुशासन, विकास र समुन्नतिको आकाङ्क्षा पूरा गर्न अग्रसर रही आर्थिक, राजनीतिक तथा प्रशासनिक अन्तरसम्बन्धलाई मजबुत तुल्याउँदै लगेको छ ।

३

प्रदेशवासीमा सुशासन प्रत्याभूत गराउन न्यायपूर्ण समाजको स्थापना, जनमुखी सेवाप्रवाह र अन्तरसरकार साझेदारी तथा सहकार्यलाई महत्त्व दिएको छ ।

४

मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने प्रमुख दायित्व सरकारमा निहित रहेको छ ।

५

संविधान प्रदत्त मौलिक हकको प्रत्याभूति गराई आधारभूत तथा गुणस्तरीय सेवा सुविधामा प्रदेशवासीको सहज पहुँच कायम गर्न प्रदेश सरकारका नीति, योजना कार्यक्रम तथा सार्वजनिक क्षेत्रको व्यवस्थापन निर्देशित हुनु आवश्यक रहेको छ ।

## शान्ति सुव्यवस्था र मानव अधिकार



### मानव अधिकारको संवैधानिक व्यवस्था

- संविधानद्वारा मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धनका साथ नागरिकका आधारभूत अधिकारलाई मौलिक हकका रूपमा स्थापित
- मौलिक हकको कार्यान्वयनका लागि आवश्यक कानुनी व्यवस्था
- सङ्घ, प्रदेश र स्थानीय सरकारको क्षेत्राधिकार संविधानद्वारा नै स्पष्ट गरी मानव अधिकारको उपभोग गर्न सक्ने संरचनात्मक व्यवस्था
- मानव अधिकारसम्बन्धी संवैधानिक आयोग तथा न्याय सम्पादनका लागि स्वतन्त्र न्यायालयको व्यवस्था



### मानव अधिकार संरक्षणको विद्यमान अवस्था

- प्रदेशमा मानव अधिकार संरक्षण तथा संवर्द्धनको अवस्था सन्तोषजनक
- सामाजिक न्यायसहितको तीव्र आर्थिक वृद्धि गर्ने नेपाल सरकारको दीर्घकालीन सोच
- मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना (२०७७/७८-२०८१/८२) को कार्यान्वयनका लागि प्रदेश समन्वय समिति गठन



### शान्ति सुव्यवस्थामा प्रदेशको भूमिका

- प्रदेशभित्र शान्ति सुव्यवस्था कायम गरी नागरिकको जीउ, धन र स्वतन्त्रताको रक्षा गर्ने  संवैधानिक अधिकारक्षेत्र
- शान्ति सुरक्षासम्बन्धी अधिकारक्षेत्रको कार्यान्वयनका लागि गण्डकी प्रदेश प्रहरी ऐन, २०७७ जारी
- प्रदेश शान्ति सुरक्षा र सुव्यवस्थासम्बन्धी नीति, कानुन, मापदण्ड निर्माण र प्रदेश सुरक्षा निकायको परिचालन र शान्ति सुव्यवस्थासम्बन्धी कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यक्षेत्र



- प्रदेश सुरक्षा प्रशासनलाई सक्षम बनाई नागरिकलाई शान्ति सुरक्षाको प्रत्याभूति तथा सरकारप्रतिको विश्वास जगाउन सुरक्षा निकायलाई क्रमशः स्रोत साधनयुक्त बनाउँदै लैजाने नीति

## कानुनको परिपालना तथा मानव अधिकार

- नागरिक र राजनीतिक अधिकारको संरक्षण सन्तोषजनक
- प्रदेशमा रहेका कारागारको सामान्य क्षमता १६२४ रहेकोमा कारागारमा क्षमता भन्दा बढी कुल १७२५ जना
- विश्वव्यापी कानुनी शासनको स्तरमापन सूचकाङ्क (World Justice Project) स्तरमा विश्वका १४२ देशमध्ये नेपाल ७१ औँ स्थानमा



# सार्वजनिक सेवा प्रवाह



## सुशासन र कानुनी व्यवस्था

- सुशासन ऐन, २०७६ र नियमावली, २०७७
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ तथा तत् सम्बन्धी नियमावली, २०७९
- गण्डकी प्रदेशमा ६६ वटा ऐन र २२ वटा नियमावली निर्माण



## संस्थागत सुधार र कर्मचारी व्यवस्थापन

- सङ्घीय सरकारबाट २,६७९ दरबन्दी र संरचना हस्तान्तरण
- प्रदेश लोकसेवा आयोगद्वारा २०७८/७९ मा १,१५४ कर्मचारी छनोट
- गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानद्वारा कर्मचारी र निर्वाचित जनप्रतिनिधिको क्षमता विकास
- शासकीय क्षमता अभिवृद्धिका लागि नीतिगत सुधार र संस्थागत पहल




## भ्रष्टाचार नियन्त्रण र शासकीय सुधार

- भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता नीतिका साथ कार्यक्रम सञ्चालन
- विद्युतीय सुशासन गुरुयोजना कार्यान्वयनद्वारा सुशासन अभिवृद्धि
- भ्रष्टाचार नियन्त्रणमा कानुनी र संस्थागत प्रयास

## सेवा प्रवाहमा सुधारका प्रयास

- स्वच्छ, निष्पक्ष र जनउत्तरदायी सेवा प्रणाली स्थापना गर्ने लक्ष्य
- सबै नागरिकका लागि सेवामा सहज पहुँच सुनिश्चित गर्ने ध्येय
- सार्वजनिक कार्यमा लाभग्राहीको सहभागिता सुनिश्चित गर्न पहल
- शान्ति, सुरक्षा र सुव्यवस्थामा जनविश्वास जगाउन सुधार कार्यक्रम



# अन्तर सरकार समन्वय तथा सहकार्य



## अन्तरसरकार सम्बन्धका आधार

- अन्तरसरकार सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तका आधारमा हुने नेपालको संवैधानिक व्यवस्था
- संविधानले तहगत सरकारबिचको अन्तरसम्बन्ध र सहयोगमा देशको विकास, लोकतान्त्रिक अधिकारको उपभोगको सुनिश्चितता, राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा प्रवर्द्धन गर्ने उद्देश्य
- गण्डकी प्रदेशले मजबुत तहगत अन्तरसम्बन्धको स्थापना र समन्यायिक एवम् सन्तुलित प्रादेशिक विकासको परिकल्पनाका साथ प्राथमिकतासहितको नीति



## तहगत सम्बन्ध र अन्तरसरकार समन्वयका संस्थागत संरचना

- सङ्घीयस्तरमा अन्तरप्रदेश परिषद्, राष्ट्रिय समन्वय परिषद्, विषयगत समिति, अन्तरसरकारी वित्त परिषद् र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
- प्रदेशस्तरमा प्रदेश समन्वय परिषद्



## कानुनी व्यवस्था

- सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
- गण्डकी प्रदेश तथा स्थानीय तह (समन्वय तथा विवाद समाधान) ऐन, २०७८
- गण्डकी प्रदेशमा ६६ वटा ऐन र २२ वटा नियमावली निर्माण

## मुख्य सवाल र चुनौती

### सुरक्षा निकायको स्वायत्तता तथा परिचालनको नीतिगत स्पष्टता

- सुरक्षा निकाय परिचालनसम्बन्धी नीतिगत स्पष्टताको अभावले शान्ति सुव्यवस्था, सीमा सुरक्षा, र क्वारेन्टिन व्यवस्थापनमा कठिनाइ।
- प्रदेश प्रहरी संरचनागत व्यवस्थापन र समायोजन प्रक्रियामा कमजोरीले सुरक्षा प्रणालीमा समस्या।

# शान्ति, सुव्यवस्था र मानव अधिकार

### १ मानव अधिकारको संस्थागत व्यवस्था

- महिला हिंसा पीडितका लागि मनोपरामर्श सेवाको कमी।
- सूचनाको गोपनीयता कायम गर्न कठिनाइ।
- अपाङ्गता भएका व्यक्ति, बालबालिका, महिला र ज्येष्ठ नागरिकका लागि संरचना र सेवाको कमी।

### २ समाजमा शान्ति सुव्यवस्था कायम

- साइबर अपराध, लागुऔषध ओसारपसार, र पारिवारिक विखण्डनबाट सिर्जित अपराध नियन्त्रण चुनौतीपूर्ण।
- सहरीकरणसँगै घट्दो सामाजिक भावना र सूचना प्रविधिको दुरुपयोगले सुरक्षा सवाल थप जटिल।
- संगठित अपराध नियन्त्रणका लागि नीति, कानुन र बजेटको प्रभावकारी कार्यान्वयनको कमी।

### ३ प्रदेश तहमा शान्ति सुव्यवस्था

- सुरक्षा व्यवस्थालाई सङ्घीय कानुनसँग तादात्म्य हुने गरी नीति र कार्यक्रम बनाउने चुनौती।
- सुरक्षा निकायका सुधारका लागि दीर्घकालीन रणनीतिक योजना कार्यान्वयन गर्नु।

### ४

# मुख्य सवाल र चुनौती

## सदाचार र सुशासन कायम

- सार्वजनिक जिम्मेवारीमा रहेका पदाधिकारी र कर्मचारीमा सदाचार र नैतिकता अभिवृद्धि गर्न कठिनाइ।
- नीतिगत भ्रष्टाचार नियन्त्रणमा कमी।
- पारदर्शिता, जवाफदेहिता र विधिको पालना गर्दै भ्रष्टाचार नियन्त्रणमा प्रवर्द्धनात्मक र निरोधात्मक उपाय प्रभावकारी नहुँदा समस्या।




## १ प्रदेश अधिकार क्षेत्रको स्पष्टता र प्रभावकारिता

- संवैधानिक व्यवस्थाअनुसार स्रोत, साधन र अधिकार बाँडफाँटमा ढिलाई।
- अधिकार स्पष्ट नहुँदा प्रदेशले आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा कार्यान्वयनमा कमी।
- सङ्घीयता अन्तर्गत राजनीतिक, वित्तीय, प्रशासनिक, र कानुनी आधारस्तम्भबिच सन्तुलन कायम गर्न कठिनाइ।

## २ पारदर्शिता र जवाफदेहितासहितको सेवा प्रणालीको विकास

- सार्वजनिक सेवामा नागरिकको विश्वास बढाउन प्रभावकारी पहलको कमी।
- पारदर्शिता र जवाफदेहिता कमजोर हुँदा सेवाप्रवाह अपेक्षानुसार सुधार हुनमा कमी।
- डिजिटल प्रणालीमार्फत सेवा पारदर्शी बनाउन र भ्रष्टाचार नियन्त्रणमा चुनौती।

## ३ वित्तीय तथा प्रशासनिक कार्यको सुधार

- योजनाबद्ध रूपमा समयमै निर्णय कार्यान्वयनमा कमी।
- कर्मचारी समायोजन र क्षमता विकासमा कमी।
- कमजोर वित्तीय व्यवस्थापन र न्यूनतम कर्मचारी पदपूर्ति अभावले विकास कार्यमा असर।
- शीघ्र न्याय निरूपण र सुगम प्रशासनिक प्रक्रियामा सुधारमा कमी।

## ४ ५ जवाफदेहिताका औजारको प्रभावकारी प्रयोग

- खरिद योजना तथा सार्वजनिक परीक्षण प्रक्रियामा कानुनी प्रावधानको पालनामा कठिनाई।
- वित्तीय प्रतिवेदन, प्रगति समीक्षा र सार्वजनिक सुनुवाइ जस्ता प्रक्रियामा प्रभावकारिता कमी।
- सेवाप्रवाह डिजिटलाइज गर्न नसक्दा पूर्वानुमान योग्य सेवा उपलब्ध गराउन कठिनाइ।

## मुख्य सवाल र चुनौती

# अन्तरसरकार समन्वय तथा सहकार्य

### १ प्रदेशको प्रशासनिक संरचना सुदृढ बनाउनु

- सार्वजनिक सेवा प्रभावकारी बनाउन समावेशी र सन्तुलित प्रादेशिक विकास सुनिश्चित गर्नु।
- योजना कार्यान्वयन, वित्तीय स्रोतको विनियोजन, र प्रशासनिक अधिकारक्षेत्रको समन्वयमा कठिनाइ।
- अन्तरसरकार समन्वय र संविधानको व्यवस्थालाई प्रभावकारी बनाएर जनमुखी प्रशासनिक संरचना निर्माण गर्नु।

### २ तहगत समन्वय र सहकार्यको प्रभावकारिता अभिवृद्धि

- प्रादेशिक कानुन निर्माण र कार्यान्वयनमा तहगत समन्वयको अभावले अन्यौलता कायम।
- प्रहरी समायोजन, जग्गा प्राप्ति, र अधिकार क्षेत्रको अस्पष्टताले समस्या थपिएको।
- प्रदेश र स्थानीय तहबिच नीति, योजना व्यवस्थापन, र साझा अधिकार क्षेत्रमा समन्वय अभाव।
- प्राकृतिक स्रोत, वित्तीय हस्तान्तरण, र राजस्व परिचालनमा सुधार आवश्यक।

### ३ अन्तरप्रदेश परिषद् र समन्वय परिषद्को क्रियाशीलता सुधार

- अन्तरप्रदेश परिषद् र अन्य समन्वयकारी संस्थाको क्रियाशीलता अपेक्षित रूपमा नदेखिनु।
- प्रदेशबिच साझा चासो र सहयोगका उपक्रमको विकास गर्न समन्वयात्मक संयन्त्रलाई सबल बनाउन चुनौती।

# रूपान्तरणका रणनीति



१

## शान्ति सुव्यवस्था र मानव अधिकार

(१) नीति तथा कानुनी आधार तयार गर्ने
(२) प्रदेशवासीमा शान्ति सुरक्षाको प्रत्याभूति गराउन प्रहरी समायोजन, संस्थागत व्यवस्था र क्षमता अभिवृद्धि गर्ने
(४) मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धनका साथ सामाजिक न्याय कायम गर्ने शासनपद्धतिको प्रवर्द्धन गर्ने
(५) भ्रष्टाचारजन्य क्रियाकलापको रोकथाम गर्ने

२

## सार्वजनिक सेवाप्रवाह

(१) प्रादेशिक शासकीय संयन्त्र सवल र सुदृढ बनाउने
(२) खुला र पारदर्शी प्रदेश सरकारको अवधारणा प्रवर्द्धन गर्ने
(३) सेवाप्रवाहका प्रक्रियालाई प्रविधिमैत्री तथा सेवाग्राहीमैत्री बनाउने
(४) भ्रष्टाचार निदानका लागि निरोधात्मक उपायमार्फत सुशासन प्रवर्द्धन गर्ने

३

## अन्तरसरकार समन्वय तथा सहकार्य

(१) नीति तथा कानुन तर्जुमा, परिमार्जन र कार्यान्वयन गर्नेः
(२) अन्तर सरकार समन्वय र सहकार्यमा नीतिगत सामञ्जस्यता, रणनीतिक साझेदारी र साझा अधिकार क्षेत्रको प्रयोगमा एकरूपता ल्याउनेः
(३) अन्तरप्रदेश र अन्तरस्थानीय तह लाभ वितरण सम्बन्ध सुदृढ बनाउनेः

# प्रमुख हस्तक्षेपकारी कार्यक्रम

## शान्ति सुव्यवस्था र मानव अधिकार

### (क) संस्थागत क्षमता विकास

- प्रदेशको सुरक्षा नीति, कानुन, कार्यविधि तथा मापदण्ड तर्जुमा;
- प्रदेश सरकारको सेवा प्रवाहसम्बन्धी संरचना, पूर्वाधार विकास तथा भौतिक सुविधा व्यवस्थापन;
- मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना मूलप्रवाहीकरण सहयोग;
- संयुक्त राष्ट्र सङ्घबाट पारित महिला शान्ति सुरक्षासम्बन्धी राष्ट्रिय कार्ययोजना मूलप्रवाहीकरण सहयोग;
- सूचना प्रविधिमैत्री सेवाप्रवाह तथा विद्युतीय सुशासन ।

### (ख) सुरक्षा संरचना एवम् पूर्वाधार निर्माण

- प्रदेश प्रहरी तालिम केन्द्र स्थापना;
- प्रदेश प्रहरी क्षमता विकास (आधुनिक, व्यावसायिक प्रविधियुक्त बनाउने उपक्रम);
- प्रहरीको कार्य सञ्चालन सम्बद्ध भवन तथा उपकरण व्यवस्थापन;
- कारागार, सुधार गृह र मानव अधिकार आयोगका कार्यालयको संरचनागत र पूर्वाधार निर्माण सुधार सहयोग;
- विद्युतीय अपराध (साइबर क्राइम, डिजिटल क्राइम) को अध्ययन, अनुसन्धान तथा नियमन ।

### (ग) मानव अधिकार सामाजिक जागरण कार्यक्रम

- मानव अधिकारसम्बन्धी सामाजिक जागरण तथा संवर्द्धन कार्यक्रम;
- मानव बेचबिखन, तस्करी, महिलामाथि हुने शारीरिक तथा यौनजन्य दुर्व्यवहार रोकथाम तथा नियन्त्रण;
- मौलिक हकसम्बन्धी कानुनको कार्यान्वयन सहयोग;
- मानव अधिकार उल्लङ्घनका घटना अध्ययन, अनुसन्धान तथा दण्डहीनता रोकथाम;
- पीडित राहत तथा क्षतिपूर्ति सहयोग;
- मानवीय कानुन तथा विधिको शासन सचेतना ।

### (घ) भ्रष्टाचार रोकथाम तथा नियन्त्रणसम्बन्धी सामाजिक जागरण कार्यक्रम

- नागरिक समाजसँगको समन्वय र सहकार्य विस्तार;
- व्यावसायिक निष्ठा, इमान्दारिता र सादा जीवनको आधारमा राष्ट्रसेवक कर्मचारी प्रोत्साहन;
- भ्रष्टाचारजन्य क्रियाकलाप रोकथाम तथा नियन्त्रणसम्बन्धी नीति तथा कानुन तर्जुमा तथा सुधार;
- भ्रष्टाचार निवारणसम्बन्धी सचेतना;
- भ्रष्टाचार रोकथाम सूचनादाता प्रोत्साहन ।

# सार्वजनिक सेवाप्रवाह

### (क) सेवाप्रवाह सबलीकरण कार्यक्रम

- सार्वजनिक सेवामा डिजिटलाइजेसन प्रवर्द्धन र नीतिगत तथा कानुनी सुधार;
- सेवा प्रवाहसम्बन्धी अध्ययन, अनुसन्धान र सेवा स्तरीकरण तथा सुदृढीकरण;
- सेवाप्रवाहमा विद्युतीय शासनको प्रवर्द्धन;
- प्रादेशिक शासकीय संयन्त्रबिच समन्वय प्रणाली विकास (सूचना तथा तथ्याङ्क व्यवस्थापन र प्रतिवेदन)।

### (ख) कार्य सम्पादन सुधार तथा अध्ययन अनुसन्धान

- संगठन तथा व्यवस्थापन सर्वेक्षण;
- गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान सबलीकरण तथा व्यवस्थापन;
- स्मार्ट कार्यालय व्यवस्थापन;
- विद्युतीय अनुगमन प्रणाली व्यवस्थापन;

### (ग) न्यायमा पहुँच अभिवृद्धि कार्यक्रम

- न्यायमा पहुँच सुनिश्चित गर्न सङ्घ सँगको समन्वयमा निःशुल्क कानुनी सहायतासम्बन्धी कार्यक्रम;
- कानुनी सहजकर्ता व्यवस्थापन;
- स्थानीय न्यायिक समिति क्षमता विकास कार्यक्रम।

# अन्तरसरकार समन्वय तथा सहकार्य

### (क) सेवाप्रवाह संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम

- सार्वजनिक सेवामा डिजिटलाइजेसन प्रवर्द्धन र नीतिगत तथा कानुनी सुधार;
- सेवा प्रवाहसम्बन्धी अध्ययन, अनुसन्धान र सेवा स्तरीकरण तथा सुदृढीकरण;
- सेवाप्रवाहमा विद्युतीय शासनको प्रवर्द्धन;
- प्रादेशिक शासकीय संयन्त्रबिच समन्वय प्रणाली विकास (सूचना तथा तथ्याङ्क व्यवस्थापन र प्रतिवेदन)।

### (ख) प्रगति अनुगमन तथा मूल्याङ्कन कार्यक्रम

- संगठन तथा व्यवस्थापन सर्वेक्षण;
- गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान सबलीकरण तथा व्यवस्थापन;
- स्मार्ट कार्यालय व्यवस्थापन;
- विद्युतीय अनुगमन प्रणाली व्यवस्थापन;

### (ग) अन्तर सरकार समन्वय तथा सहकार्य प्रवर्द्धन कार्यक्रम

- साझेदारीतथासहकार्यका क्षेत्र पहिचानका लागि अध्ययन;


२. प्रदेश समन्वय परिषद् बैठक तथा सवाल केन्द्रित संवाद;

३. अन्तरसरकार सहयोग संयन्त्र स्थापना।


# परिमाणात्मक लक्ष्य

## शान्ति सुव्यवस्था र मानव अधिकार


### प्रहरी र जनसंख्या अनुपात (प्रति प्रहरी जनसंख्या)




### मानव अधिकार हननसम्बन्धी दर्ता/अनुसन्धान भएका घटना (संख्या)





निर्वाचन खर्च लेखापरीक्षण गराउने प्रदेश सभाका उम्मेदवार




# सार्वजनिक सेवाप्रवाह

| | भ्रष्टाचार प्रतिको जनधारणा (भ्रष्टाचार सूचकाङ्क) प्रतिशत | कुल विनियोजनमा पुजीगत खर्चको अंश प्रतिशत | लैङ्गिक उत्तरदायी बजेटको अंश प्रतिशत |
|---|---|---|---|
| २०७९/८० यथार्थ | ४० | ५४.७२ | ५९ |
| २०८०/८१ अनुमान | ३५ | ६०.४० | ६५.७१ |
| २०८३/८४ लक्ष्य | ३० | ६२ | ६८ |
| २०८५/८६ लक्ष्य | २५ | ६४ | ७० |

## घरधुरीबाट १५ मुख्य सेवा लिन जान लाग्ने औसत समय (मिनेट)



# अन्तरसरकार समन्वय तथा सहकार्य



# सुसूचित नीति, योजना तथा विकास व्यवस्थापन

# पृष्ठभूमि

१

आवश्यक स्रोतको उच्चतम उपयोग गरी आर्थिक र सामाजिक समुन्नति हासिल गर्नका लागि दीर्घकालीन र तात्कालिक लक्ष्य प्राप्तिका लागि प्रदेश सरकार अग्रसर रहेको छ।

२

प्रदेश सरकारले आफ्नो विकास नीति कार्यान्वयनका लागि दीर्घकालीन, मध्यमकालीन र वार्षिक योजनाहरू तर्जुमा गर्ने प्रावधान रहेको छ।

३

प्रदेश सरकार तथा साझेदारीमा कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनाको मूल्याङ्कनलाई व्यवस्थित रूपमा संस्थागत गर्ने प्रयास अगाडि बढाएको छ।

४

विगतका योजनाहरूको समीक्षा गरेर गण्डकी प्रदेशले नतिजामूलक र सहभागितामूलक योजना तर्जुमा प्रणालीमा जोड दिएको छ।

५

गण्डकी प्रदेशले योजना कार्यान्वयनको प्रभावकारिता मापन गर्न अनुगमन र मूल्याङ्कन प्रक्रियामा ध्यान केन्द्रित गरेको छ। यसमा, लैङ्गिक विश्लेषण र सुसूचित निर्णयमार्फत जवाफदेहिता र नतिजामुखी मूल्याङ्कनलाई संस्थागत गर्नको लागि प्रयासरत रहेको छ।

# विद्यमान अवस्था

## तथ्याङ्क व्यवस्थापन

### तथ्याङ्क व्यवस्थापन तथा आवश्यकता

- तथ्याङ्क व्यवस्थापन सङ्घ, प्रदेश र स्थानीय तहको आ-आफ्नै अधिकारक्षेत्र रहेको
- खण्डीकृत तथा एकीकृत तथ्याङ्कको आवश्यकता सङ्घीय तहका साथै प्रदेश र स्थानीय तहमा रहेको
- तथ्याङ्कले प्रदेश तहको अधिकार सूची र कार्य जिम्मेवारीका विषयमा नीति, योजना तथा कार्यक्रम तर्जुमा, नियमन र व्यवस्थित गर्न मद्दत

### तथ्याङ्क उपलब्धताको अवस्था

- प्रादेशिक गार्हस्थ्य उत्पादन लगायतका समष्टिगत आर्थिक तथ्याङ्कका अतिरिक्त प्रादेशिक तहको अन्य तथ्याङ्क उपलब्ध
- राष्ट्रिय जनगणना, २०७८ र नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९/८०) को प्रतिवेदनले प्रदेशगत रूपमा तथ्याङ्क उपलब्ध
- विषयगत मन्त्रालय लगायत विभिन्न आयोगका प्रतिवेदन प्रकाशन भई निकायगत तथ्याङ्क उपलब्ध

### डिजिटल प्रणाली र स्थानीय सरकारको प्रगति




- ७०% स्थानीय सरकारले विद्युतीय प्रणालीमार्फत सेवाप्रवाह सुरु
- प्रदेशमा PLMBIS, CGAS र स्थानीय तहमा SuTRA पूर्णरूपमा सञ्चालनमा
- स्थानीय तहमा डिजिटल प्रोफाइल तयार हुनेको संख्या ७५ पुगेको

# नीति तथा योजना तर्जुमा



## प्रादेशिक योजना तर्जुमाको अवस्था

- पहिलो पञ्चवर्षीय योजनाको कार्यान्वयनको सिकाइका आधारमा दोस्रो पञ्चवर्षीय योजना तर्जुमा
- दोस्रो पञ्चवर्षीय योजनालाई विषय क्षेत्रगत साङ्केतिक बनाइ रणनीतिक पक्ष केन्द्रित



## योजना प्रणालीको संस्थागत विकास

- प्रदेशमा अवधिमा योजना प्रणाली संस्थागत हुनु साथै विकासको क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि हासिल
- पहिलो योजनाकालमा सामाजिक-आर्थिक क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल हुनेगरी आवश्यक स्रोतको विनियोजन
- प्रादेशिक र स्थानीय योजना तर्जुमा दिग्दर्शन, प्रादेशिक अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन तर्जुमा





## स्थानीय तहका योजना

- गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान र अन्य कार्यक्रमको सहयोग तथा सहजीकरणमा ३७ वटा स्थानीय तहका आवधिक योजना तर्जुमा
- कुल ४८ वटा स्थानीय तहको राजस्व सुधार कार्यान्वयन योजना तयारी
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति ६३ वटा स्थानीय तहमा तर्जुमा

# अनुगमन तथा मूल्याङ्कन



## अनुगमन तथा मूल्याङ्कनको संस्थागत संरचना

- प्रदेश सरकारको आवधिक एवम् वार्षिक नीति तथा कार्यक्रमको समष्टिगत व्यवस्थापकीय अनुगमन तथा मूल्याङ्कन प्रदेश सभा र विषयगत समितिबाट
- नीति तथा योजना आयोगबाट प्रथम पञ्चवर्षीय योजनाको समीक्षा



## सूचकको आधारमा अनुगमनको अभ्यास

- प्रदेशका विषयगत मन्त्रालयले आफ्नो वार्षिक नीति र कार्यक्रमको अनुगमन निर्धारित सूचकका आधारमा गर्ने अभ्यास
- स्थानीय सरकारले आफ्नो अधिकारक्षेत्रका विषयमा योजना तर्जुमा गरी कार्यान्वयन तथा अनुगमन
- दिगो विकास लक्ष्यको स्थानीयकरण गरी मूलप्रवाहीकरण गर्न सूचकको आन्तरिकीकरण

# मुख्य सवाल र चुनौती

## तथ्याङ्क व्यवस्थापन

१

## तथ्याङ्क व्यवस्थापन

- तथ्याङ्क सङ्कलन, प्रशोधन र प्रकाशनको लागि संस्थागत संरचनाको कमी ।
- खण्डीकृत तथ्याङ्क व्यवस्थापन र दिगो विकास लक्ष्यको स्थानीयकरणको मूल्याङ्कन चुनौतीपूर्ण।

२

## खुला तथ्याङ्कको अवधारणा अभ्यास

- प्रादेशिक र स्थानीय तहमा प्रभावकारी तथ्याङ्क व्यवस्थापन संरचनाको कमी।
- योजना तर्जुमा र निर्णय प्रक्रियामा तथ्याङ्कको उपलब्धता र प्रयोगमा कमी।
- तथ्याङ्कमा सहज पहुँचका लागि खुला तथ्याङ्कको अवधारणा अवलम्बन र स्थानीय तहसम्म तथ्याङ्कको एकीकरणमा कमी।

३

## दक्ष जनशक्तिको विकास

- भू-सूचना प्रणालीको उपयोग सीमित रहेको छ र तथ्याङ्क सङ्कलन र विश्लेषणमा भौगोलिक कठिनाइ।
- दक्ष जनशक्तिको आकर्षण र कार्यरत जनशक्तिलाई सेवामा टिकाइराख्न चुनौतीपूर्ण।
- तीनै तहका सरकारबिच समन्वय गरी दक्ष जनशक्तिको विकास गर्नु।

## मुख्य सवाल र चुनौती



# नीति तथा योजना तर्जुमा

### १ तथ्याङ्क व्यवस्थापन

- प्रदेशगत खण्डीकृत तथा एकीकृत तथ्याङ्कको कमी ।
- प्रादेशिक आवश्यकता, आर्थिक सम्भाव्यता र कार्यान्वयनका लागि तथ्याङ्कको कमी ।
- संस्थागत संरचना, तथ्याङ्क व्यवस्थापन, अनुगमन प्रणाली र स्रोत बाँडफाँटमा सुधारको कमी ।

### २ वस्तुस्थिति विश्लेषण

- नीति, योजना र कार्यक्रमको विश्लेषणमा सूचना र प्रमाणको आधारमा कमजोरी ।
- तहगत र प्रणालीगत अन्तरसम्बन्ध र प्रदेश सभामा न्यून संवाद ।
- सार्वजनिक खर्चको आशातीत नतिजा ।

### ३ आयोजनाको छनौट र कार्यान्वयन

- साना टुक्रे योजनाहरूको सङ्ख्या घटाउनु र लक्षित वर्गलाई प्रत्यक्ष लाभ पुग्ने योजनाहरू चयन गर्न चुनौतीपूर्ण ।
- लैङ्गिक समानता, सामाजिक समावेशीकरण र जलवायु परिवर्तन न्यूनीकरणको प्राथमिकतामा कमी।
- योजनामा लक्षित वर्गको प्रत्यक्ष लाभ सुनिश्चित गर्ने र सामाजिक समावेशीकरण बढाउने चुनौती ।

# मुख्य सवाल र चुनौती

## अनुगमन तथा मूल्याङ्कन

### १ नतिजामूलक प्रणाली

- अनुगमनको प्रणाली र संस्थागत व्यवस्थाको कमी।
- प्रादेशिक मापदण्डको निर्धारण र दिगो विकास लक्ष्यको स्थानीयकरणमा सहयोगी सूचक प्रयोग गर्न कठिन ।
- आन्तरिक स्रोत र अनुदान रकमको सदुपयोग र उपलब्धि अभिलेखीकरणको चुनौती।

### २ प्रभावकारी अनुगमन तथा मूल्याङ्कन

- ३६०डिग्री अनुगमन प्रणालीको कमी।
- कार्यसम्पादनको मापन, समस्याको सम्बोधन र नतिजाको मापदण्ड निर्धारण गर्नु चुनौती।

### ३ समन्वयमा प्रभावकारिता

- अनुगमन र मूल्याङ्कनका प्रणालीको अभ्यास कमजोर।
- अन्तरनिकाय र अन्तरसरकारी समन्वयको प्रभावकारीता सुधार गर्नु चुनौतीपूर्ण।
- विकास नीति र कार्यक्रमको समग्र प्रभावको मूल्याङ्कनमा कमी।

### ४ पृष्ठपोषणको कार्यान्वयन

- सकारात्मक पृष्ठपोषणको कमजोर कार्यान्वयन।
- कार्यक्रम र आयोजनाको नतिजालाई निकायका पदाधिकारीसँग आबद्ध गर्दै पुरस्कार र दण्डको व्यवस्थामा कमी।

### ५ दक्ष जनशक्तिको विकास

- विश्वविद्यालय र प्राज्ञिक क्षेत्रसँग सहकार्यको कमी।
- खण्डीकृत तथ्याङ्क व्यवस्थापन र अनुगमन तथा मूल्याङ्कन क्षेत्रमा दक्ष जनशक्ति विकासको कमी।

# रूपान्तरणका रणनीति

## तथ्याङ्क व्यवस्थापन

(१) तथ्याङ्क प्रणाली सुदृढीकरण गर्ने

(२) प्रदेश र स्थानीय तथ्याङ्कको गुणस्तर कायम गर्ने

(३) तहगत सरकारका तथ्याङ्क व्यवस्थापन निकायबिच समन्वय, सहकार्य र तथ्याङ्क आदानप्रदान गर्ने




## नीति तथा योजना तर्जुमा

(१) नीति, योजना तथा कार्यक्रमको तर्जुमा तथा कार्यान्वयनमा संस्थागत क्षमता अभिवृद्धि गर्ने

(२) योजना तर्जुमाको स्थापित मान्यता र प्रक्रियागत सुधार गर्ने

(३) प्रादेशिक सोचअनुरूप आयोजना तथा कार्यक्रमको प्राथमिकताका साथ कार्यान्वयन गर्ने

(४) योजना तर्जुमामा संलग्न सार्वजनिक निकाय एवम् निजी, गैरसरकारी तथा सामुदायिक क्षेत्रको क्षमता विकास तथा सुदृढीकरण गर्ने

## अनुगमन तथा मूल्याङ्कन

(१) नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली संस्थागत गर्न कानुनी व्यवस्था गर्ने

(२) अनुगमन तथा मूल्याङ्कन कार्यलाई नियमित र प्रभावकारी बनाउने

(३) अनुगमन तथा मूल्याङ्कन पद्धति सबलीकरण गर्ने

# प्रमुख हस्तक्षेपकारी कार्यक्रम

## तथ्याङ्क व्यवस्थापन

### (क) प्रदेश तथ्याङ्क प्रणाली स्थापना

- प्रदेशमा स्थापित तथ्याङ्क कार्यालयसँग समन्वय र सहकार्य;

२. एकीकृत तथ्याङ्क व्यवस्थापन सूचना प्रणाली व्यवस्थापन तथा सुदृढीकरण;

३. तथ्याङ्क व्यवस्थापनमा सङ्घ तथा स्थानीय तहसँग समन्वय र साझेदारी;

४. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली व्यवस्थापन;

५. आयोजना पहिचान, सम्भाव्यता अध्ययन र प्राथमिकता निर्धारणसहित आयोजना बैंक प्रणाली व्यवस्थापन;

६. रोजगार सूचना प्रणाली स्थापना तथा अद्यावधीकरण।

### (ख) प्रविधि र उपकरण व्यवस्था र उपयोग

- विद्युतीय तथ्याङ्क व्यवस्थापन प्रणाली विकास तथा सञ्चालन;

२. तथ्याङ्क व्यवस्थापनमा ट्याबलेट, इन्टेलिजेन्ट क्यारेक्टर रिकग्निशन, अप्टिकल मार्क रिडर लगायत डिजिटल उपकरण उपयोग विस्तार;

३. अनलाइन रेस्पोन्ससम्बन्धी कार्यक्रम

### (ग) तथ्याङ्क व्यवस्थापन सम्बन्धी क्षमता विकास कार्यक्रम

- अध्ययन, अनुसन्धान तथा सर्वेक्षण;

२. तथ्याङ्क प्रणाली व्यवस्थापन प्रशिक्षण;

३. अन्तरतह तथा निकाय तथ्याङ्क, सूचना र सिकाइ आदान प्रदान।

# नीति तथा योजना तर्जुमा

## (क) संरचनागत सुधार कार्यक्रम

- नीति योजना आयोग व्यवस्थापन सुधार;
- आयोजनाको प्राविधिक परीक्षण तथा आवधिक मूल्याङ्कन;
- कर प्रशासन सुदृढीकरण;
- दिगो विकास लक्ष्य स्थानीयकरण तथा आन्तरिकीकरण;
- नीति, योजना तथा कार्यक्रम तर्जुमा सम्बन्धमा प्रदेश सभा सदस्यसँग सम्बाद तथा परामर्श ।

## (ख) क्षमता विकास तथा सुदृढीकरण कार्यक्रम

- सहभागितामूलक योजना तर्जुमा (प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार, निजी तथा सामुदायिक क्षेत्र);
- विषय क्षेत्रगत नीति, योजना, कार्यक्रम तर्जुमा, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी सम्वाद तथा प्रशिक्षण;
- सार्वजनिक निकाय एवम् निजी, गैर सरकारी तथा सामुदायिक क्षेत्रको क्षमता विकास तथा सुदृढीकरण ।

## (ग) नीति तथा योजना तयारी सहयोग र सहजीकरण कार्यक्रम

- प्रदेश नीति, योजना तथा कार्यक्रम तर्जुमा, नतिजा अनुगमन तथा आवधिक मूल्याङ्कन;

२. प्रदेश आर्थिक नीति तथा राजस्व सुधार कार्ययोजना तयारी;

३. लैङ्गिक उत्तरदायी तथा जलवायु मैत्री बजेट तर्जुमा तथा परीक्षण कार्यक्रम;

४. आयोजना बैक तयारी तथा व्यवस्थापन;

५. वार्षिक नीति तथा कार्यक्रमको माइलस्टोन र सूचकमा आधारित कार्ययोजना तयारी;

६. स्थानीय तहका नीति, योजना, मध्यमकालीन खर्च संरचना र आयोजना बैंक तर्जुमामा सहयोग र सहजीकरण ।

## (घ) आयोजना सुशासन अभिवृद्धि कार्यक्रम

- आयोजना बैंक निर्माण तथा व्यवस्थापन;
- आयोजना कार्यान्वयन प्रभावकारिता अभिवृद्धि;
- आयोजना समयमै सम्पन्न गर्ने आयोजना प्रमुख तथा निर्माण व्यवसायी प्रोत्साहन ।

# अनुगमन तथा मूल्याङ्कन

## (क) संस्थागत विकास कार्यक्रम

- प्रदेश तहको नतिजामूलक अनुगमन तथा मूल्याङ्कनका लागि कानुन, कार्यविधि तथा मापदण्ड निर्माण;

२. विद्युतीय अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास र सुदृढीकरण।

## (ख) सहकार्य तथा अन्तरसम्बन्ध सुदृढीकरण कार्यक्रम


- सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास र सञ्चालन;
- विश्वविद्यालय, अध्ययन तथा सर्वेक्षणसँग सम्बन्धित निकायसँग सहकार्य;
- संयुक्त अनुगमन प्रणाली स्थापना;
- सूचना, सुझाव तथा पृष्ठपोषण कार्यान्वयनका लागि व्यवस्थापकीय प्रतिवद्धता कार्ययोजना तयारी।

## (ग) क्षमता विकास कार्यक्रम

- नीति, योजना, कार्यक्रम तथा आयोजनाको अनुगमन, मूल्याङ्कन, सिकाइ तथा जवाफदेहिता प्रवर्द्धन;
- नीति तथा कार्यक्रमसम्बन्धी अध्ययन, अनुसन्धान तथा सर्वेक्षण;
- सूचनाको प्रयोग, सिकाइ र जवाफदेहिता अभिवृद्धिका लागि जनप्रतिनिधि, कर्मचारी र सेवा प्रदायकको क्षमता विकास ।


# परिमाणात्मक लक्ष्य

## तथ्याङ्क व्यवस्थापन




## नीति तथा योजना तर्जुमा

### आयोजना बैंकमा आयोजना समावेश भई कार्यान्वयन भएका आयोजना






■ रणनीतिक/गुरुयोजना तर्जुमा भई कार्यान्वयन भएका विषय क्षेत्र
■ नीति, योजना र कार्यक्रमबिच अन्तरसम्बन्ध स्थापित गरी वार्षिक नीति, कार्यक्रम र बजेट तर्जुमा गर्ने प्रदेश मन्त्रालय

## अनुगमन तथा मूल्याङ्कन

| | नियमित अनुगमन तथा प्रगति प्रतिवेदन तयार भएका कार्यक्रम तथा आयोजना (प्रतिशत) | अन्तिम, मध्यावधि तथा वार्षिक समीक्षामा प्रस्तुत सुझावमध्ये कार्यान्वयन भएका सुझाव (प्रतिशत) | कुल वार्षिक बजेटमा अनुगमन तथा मूल्याङ्कनका लागि विनियोजित अंश (प्रतिशत) |
|---|---|---|---|
| २०७९/८० यथार्थ | ३० | ४० | ०.०१ |
| २०८०/८१ अनुमान | ४० | ५० | ०.०२ |
| २०८३/८४ लक्ष्य | ६० | ६० | ०.०५ |
| २०८५/८६ लक्ष्य | ८० | ८० | ०.१ |